CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४८

छिन्नमस्ता

(वार्षिक मुखपत्र)

(छिन्नमस्ता भगवतीको सखड़ास्थित मन्दिर)

शिक्षा दिवस २०३५

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस
राजबिराज (सप्तरी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुशल जनशक्ति उत्पादन गर्ने केन्द्र

त्रिभुवन विश्वविद्यालय परिवार-

लाई

शिक्षा दिवस ०३५ को उपलक्ष्यमा

हाम्रो शुभकामना

जसकरण शारदा
आशाराम शारदा
रामपाल शारदा
शारदा राईस मील
ठाढ़ी विश्वासट्टी
सिरहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४८

छिन्नमस्ता

(वार्षिक मुख-पत्र)

वर्ष–१ अंक–१ २०३५ फाल्गुण

प्रधान सम्पादक

शंकर दत्त झा

सम्पादक मण्डल

जगदेव झा
परमेश्वर प्रसाद सिंह
यशोदानन्द मिश्र
त्रिपुरारि शरण
बद्री प्रसाद चालिसे
हरिकान्त लाल दास
कपिल देव नारायण यादव
मुकुन्द किशोर यादव
भागवत शरण न्यौपाने

व्यवस्थापन समिति

परमेश्वर यादव
विजयेन्द्र झा
गंगा प्रसाद उप्रेती
पवन कुमार ओझा
अमरकान्त झा
उमाकान्त झा
अवध किशोर सिंह

–: प्रकाशक :–

श्री म. वि. ब. क्याम्पस

राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय--

क्याम्पसको स्थापना भएको २२ वर्ष पछि आफ्ना अतीतका स्मरण तथा वर्तमान स्थितिका ताजा हालखवरहरूको कोशेली लिएर आफ्ना समस्त शुभेच्छुहरूका समक्ष हामी उपस्थित भइरहेछौं—'छिन्नमस्ता' मा समेटिएर। पहिलो चेहरामा समग्र पाठकहरू संग भेट गर्न पाउनुलाई नै हामी आफ्नो गौरव ठान्दछौं। जन्मको घड़ीमा अभाव नै हुन्छ। हामी पनि त्यस्तै अभावको भुँवरीमा 'छिन्नमस्ता' लाई जन्म दिइरहेछौं। त्यसैले हाम्रो अभावको स्थितिलाई बुझिदिएर हामी प्रति सहानुभूति राख्ने समग्र सहयोगीहरूले हाम्रा व्यवस्थापन सम्वन्धी केही कमजोरीहरू पाउनु भएमा क्षमा प्रदान गरिदिनु हुने नै छ। एक त हामी साँग समय छोटो थियो, अरू समस्याहरू त झन प्रसस्त नै थिए। त्यसैले राम्रो पार्न चाँहदा चाँहदै यो यस्तै भयो।

यस मुख पत्रलाई वार्षिक रूपमा प्रत्येक साल शिक्षा दिवसको उपलक्ष्यमा प्रकाशित गर्ने हाम्रो संकल्प छ। त्यही संकल्पको फल स्वरूप यो अंक शिक्षा दिवस-२०३५ को उपहार हो। आउने दिनमा पनि आफ्ना वार्षिक गति-विधिहरूलाई समेटेर आफ्ना पाठक समक्ष आउन सबै सहयोगीहरूको सद्भावना र सहयोगले हामीलाई प्रेरणा दिने नै छ।

त्रि. वि. बाट प्रकाशनकालागि प्राप्त भएको निकासा बहुत कम थियो। त्यतिले मात्र हामीलाई कागजको खर्च नै पुग्ने थिएन। त्यसैले हामीले विभिन्न संस्था र सहयोगी सज्जनहरूसंग यस कामकालागि झोली थाप्नु प-यो। व्यापारी वर्गबाट विज्ञापनको सहयोग लिएर; अरू शिक्षा प्रेमीहरूबाट आर्थिक सहयोग लिएर हामी यो रूपमा आउन सकेका छौं। यसरी आर्थिक सहयोग प्रदान गरी 'छिन्नमस्ता' लाई जन्माउन मद्दत गर्नेहरूमा सर्वश्री सगरमाथा अंचलाधिश श्री महेश कुमार उपाध्याय, सगरमाथा अंचल धान चामल निर्यात कम्पनीका महाप्रबन्धक श्री जनक थापा, सोही कम्पनीका प्रवन्धक श्री अर्जुन पौड्ेल, क्याम्पसका संस्थापक श्री विन्देश्वरी प्रसाद यादव, भू. पू. माननीय श्री इन्द्र देव प्रसाद यादव, भू. पु. माननीय श्री देवेन्द्र झा, व्यापारी श्री जशकरण शारदा, श्री दीपचन दुगड़ तथा श्री प्रकाश कुमार श्रेष्ठ र श्री हरेकृष्ण अग्रवाल समेतको सहयोग विशेष उल्लेखनीय छ। उहाँहरूको चोखो सहयोग प्रति क्याम्पस परिवार असीम कृतज्ञता प्रकट गर्नु आफ्नो कर्त्तव्य ठान्दछ। यस बाहेक विज्ञापन दिने तथा अन्य व्यवस्थापन कार्यहरूमा सहयोग प्रदान गर्ने महानुभाव प्रति पनि हामी हार्दिक धन्यवाद ज्ञापन गर्द छौं।

अन्त्यमा शिक्षा दिवस २०३५ को शुभ उपलक्ष्यमा हाम्रा सबै सहयोगीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै आगामि दिनहरूमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

-: शुभकामना :-

श्री महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजले शिक्षा दिवसको उपलक्ष्यमा "छिन्नमस्ता" भन्ने मुख पत्रको प्रकाशन गर्न लागेको समाचार निकै उत्साहवर्द्धक र प्रेरणा-दायी छ ।

उपर्युक्त मुखपत्रले क्याम्पस भित्र संचालन हुने विभिन्न शैक्षिक तथा अन्य रचनात्मक क्रियाकलापबाट नेपाली समाजलाई परिचित गराउने छ भन्ने कुरामा कुनै संदेह छैन । यसको अतिरिक्त उच्च शिक्षाकालागि अति आवश्यक ठानिने अनुसंधान तथा शोध कार्यको अभिवृद्धिकालागि चाहिने अनुकूल शैक्षिक वातावरणको सृजना गर्न र देशका भावी कर्णधार विद्यार्थीवर्गलाई राष्ट्रिय आवश्यकता अनुरूप रचनात्मक दिशामा डो-याई चरित्र निर्माणमा विशेष सघाउ पु-याउन यो प्रयास सफल हुनेछ भन्ने मेरो धारणा छ ।

अन्तमा म यस मुखपत्रको उत्तरोत्तर सफलताको हार्दिक कामना गर्दै समस्त क्याम्पस परिवारलाई यो सतप्रयास गरेकोमा बधाइ दिन चाहन्छु । धन्यवाद ।

(महेश कुमार उपाध्याय)

अंचलाधीश

सगरमाथा अंचल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय–

शिक्षा दिवस २०३५ को पुनीत अवसरमा यस क्याम्पसको शैक्षिक गतिविधि र संचालन व्यवस्थाको लिखित इतिहासको जानकारी दिदैं सर्वप्रथम 'छिन्नमस्ता' मुख पत्रको रुपमा हामी आफ्ना तमाम सहयोगी शिक्षाप्रेमीहरूका सामुमा आउंन सकेका छौं। सर्वप्रथमतः यो आगमन नै हाम्रालागि ज्यादै ठूलो गौरवको कुरा भएको छ। यसका अतिरिक्त मुखपत्रको नामाकरणमा स्थानीयताको प्रदर्शन गरे जस्तै विषय सामाग्री चयन र व्यवस्थापनमा समेत आफ्नो क्षमता अनुसार स्थानीय सिपको प्रदर्शन गर्दै प्रकाशमा नआएको साधनको खोज गर्ने हाम्रो प्रयास रहेको छ। हामी भन्न सक्तैनौं यहाँ हाम्रो प्रयास कति सम्म प्रभावकारी हुन सकेको छ तर जे जस्तो रुपमा भएपनि प्रयासलाई मूर्त रुप दिन सक्नुलाई नै अहिलेको हदमा हामी हाम्रो सफलता मान्दछौं।

बदलेंदो समयको चक्रमा आज प्रत्येक चीज र तिनका संचालन प्रक्रियाहरू ज्यादै संश्लिष्ठ र जटिल हुँदै गएका छन्। त्यसैले प्रत्येक क्षेत्रमा सत्यको खोज गर्ने सवाल पनि उत्तिकै जटिल अन्तर्मुखी हुनु पर्ने कुरामा दुई मत हुन नसक्ला त्यसैले यस मुखपत्रमा संभव भए सम्म अनुसन्धानमूलक सामाग्री जुटाउने हाम्रो मुख्य लक्ष्य रहेको छ। नयाँ शिक्षा योजनाको कार्यान्वियनको सन्दर्भमा उच्च शिक्षामा काम गर्ने जनशक्तिलाई प्रत्येक मूल्यको खोज र स्थापनामा अन्तर्मुखी हुदै अनुसन्धान गर्न सचेत गराउने त्रि० वि० को निर्देशनसंग उपर्युक्त हाम्रो लक्ष्य जोडिएको छ। त्यसो भन्दा हामीले हाम्रा शिक्षकहरूमा जस्तै विद्यार्थीहरूमा रहेका सुसुप्त प्रज्ञालाई प्रस्फुटन हुने गरी अवसर प्रदान गर्नु पनि उत्तिकै आवश्यक भएको कुरा महशुश गऱ्यौं। त्यसैले यस मुखपत्रमा प्रायः सबै शिक्षण समितिको प्रतिनिधित्व हुने गरी शिक्षकहरू र उत्तिकै संख्यामा विद्यार्थीहरूका लेखलाई स्थान दिएका छौं। क्याम्पसमा पढ़ाइने विषयको प्रतिनिधित्व गराउँदा राष्ट्रभाषा नेपालीका अतिरिक्त मैथिली, हिन्दी र अंग्रेजी भाषा समेतमा लेखिएका लेखहरूलाई स्थान दिइएको छ। हाम्रा विज्ञ पाठकलाई के कस्तो लाग्छ कुन्नि तर हामी भने यसो गर्नु ज्यादै औचित्यपूर्ण ठान्दछौं।

हामीले आँट गऱ्यौं, ज्यादै ढीलो। आलस्य र सुस्तीमा रुमलिंदा रुमलिंदै समयले हामीलाई जितिहाल्यो। शिक्षा दिवस २०३५ आइहाल्यो। त्यसैले छोटोसमयमा हामीले चाहे जस्ता सामग्री पनि दिन सकेनौं होला। सम्पादन सम्बन्धी प्रसस्त भूलहरू भएका होलान्। त्यसकालागि हामी–हाम्रा पाठकहरूको सृजनात्मक प्रतिक्रियालाई स्वागत गर्ने छौं।

अन्त्यमा 'छिन्नमस्ता' मा लेख दिने समस्त लेखकहरू तथा सम्पादन कार्यमा सहयोग दिने समस्त सज्जनहरूलाई हार्दिक धन्यवाद दिनु हामी हाम्रो कर्तव्य ठान्दछौं। अस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(कुलपति श्री ५ महाराजाधिराज सरकार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

पेज नं०

(क) भाषा र साहित्य

... ...गंगा प्रसाद उप्रेती — ५
१. केही नेपाली रूपग्राम... ... ... योगीश खरेल — २३
२. महाकवि देवकोटाका ... ... हास्य-व्यंग्य ... ...कुमार प्रसाद जोशी — ६४
३. महाकवि ... ... प्रकृति चित्रण... ... ... प्रमोद कुमार झा — ९०
४. कन्यादान–एक दृष्टिकोण... ... ...अवध किशोर सिंह — ९१
५. रीतिकालीन कवि बिहारी... ... ... **Mishra, Yashodanand** — १०७
६. **Question framing and** ... ...

(ख) मानविकी

... ...परमेश्वर प्रसाद यादव — १३
७. पंचायती व्यवस्थाको... ... ...लक्ष्मी लाल चौधरी — १८
८. नेपालका थारू जाति... ... ...ज्ञानु अर्ज्याल — ३२
९. हाम्रो संस्कृतिमा तीज... ... ... खेमराज पोखरेल — ५५
१०. कंचनगढ–एक परिचय... ... ... विमला अर्याल — ६८
११. राजदेवी-एक चिनारी .. ..विनोद रोका — ७१
१२. संगिनी ... ...शशि उपाध्याय — ७३
१३. नेपाली संस्कृतिमा 'वालन'... ... ...अशोक कुमार झा — ७५
१४. छिन्नमस्ता–एक परिचय... ... ... **Umesh Narayan** — १००
१५. **An Essay on Evaluation Process in** ... ...

सामाजिक शास्त्र

... ...विजयेन्द्र झा — १
१६. विकासकालागि जनसहभागिता... ... ...उमाकान्त झा — ५१
१७. नेपालको आधुनिकीकरणको ... ...किशोर कुमार शर्मा — [illegible]
१८. सप्तरी जिल्लामा साझा कार्यक्रम... ... ...सूरज चन्द्र चालिसे — ८०
१९. नेपालको पर्यटन उद्योग ... ...बुद्धि भट्टराई र हेम मिश्र — ८२
२०. राजविराज मा विडी उद्योग... ... ... **Shankar Dutta Jha** — ९४
२१. **Nepal in International Affairs**... ... ...

कानून

... ...वद्री प्रसाद चालिसे — ३४
२२. विजाईं विद्युत ... ...पवन कुमार ओझा — ३८
२३. सम्पति निखन्ने ... ...जनार्दन बहादुर खकड़ा — ५८
२४. भूमि सम्वन्धी ऐन ... ...राम प्रसाद श्रेष्ट — ८४
२५. स्थानीय पंचायतहरूको ... ... — १११

क्याम्पसको प्रतिवेदन
सम्पादकीय
प्रकाशकीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकासका लागि जनसहभागिताको परिचालन

विजयेन्द्र झा

राष्ट्रिय हित सर्वोपरि राख्ने प्रजानुरंजक महान हिन्दू राजतान्त्रिक परम्परामा नेपाल र नेपालीको स्वतन्त्र अस्तित्व अक्षुण्ण सरल र सोको युगको मांग अनुसार उचित संवर्द्धन र सुदृढीकरण गर्ने शाहवंशीय राजमुकुटको भूमिका प्रेरणादायी, गरिमामय र समुज्वल रहेको पाईन्छ। खण्ड प्रखण्डमा विभक्त र क्षत विक्षत भएको नेपाललाई बडा महाराजा श्री ५ पृथ्वीनारायण शाहबाट एक सूत्रमा बांधी बक्सी नेपाली राष्ट्रको निर्माण गरिबक्सने, निरंकुश राणा जहांनियां शासनबाट त्रस्त र कुण्ठित भएको नेपाली समाजलाई त्राण प्रदान बक्सी राष्ट्रपिता श्री ५ त्रिभुवनबाट प्रजातान्त्रिक परिवेशको संस्थापना गर्ने र स्व० श्री महेन्द्रबाट राजनैतिक अस्थायीपनले पीडित राष्ट्रलाई माटो सुहाउंदो पंचायती व्यवस्थाको माध्यमले राजनैतिक स्थायित्व र स्वतन्त्र एवं प्रतिष्टा द्योतक अन्तर्राष्ट्रिय व्यक्तित्व यस देशलाई प्रदान गरिबक्सने क्रममा प्रातःस्मरणीय वर्तमान महाराजाधिराज सरकारबाट नेपाल र नेपालीलाई भोक, रोग र अशिक्षाबाट मुक्त गरिबक्सन र यस राष्ट्रको चौतर्फी उन्नतिकालागि "विकासकालागि राजनीतिको" राष्ट्रिय उद्बोधनको माध्यमले 'विकास मूलक राजनीतिको सृजना गरिबक्सेकोमा विश्व इतिहासमा नौलो अनुपम आयाम प्रस्तुत गरेको देखिन्छ।

यस प्रकार, "दुई ढुंगाबीच तरूल" जस्तो हिमालयको काखमा अवस्थित, प्राकृतिक रुपमा संपन्न तर भूपरिवेष्टितताजन्य अपठ्यारोपनले ग्रस्त रहंदा आर्थिक रुपमा पिछाडिएको नेपालको समक्ष आफ्नो राष्ट्रिय स्वाभिमानलाई अक्षुण्ण राख्दै राष्ट्रिय आकांक्षाको अनुरुप चौतर्फी विकास गर्नका साथै मानवीयमूल्यको संरक्षण र संवर्द्धन गर्दै विश्व शान्ति र समृद्धिमा आफ्नो सक्दो योगदान दिन एकमात्र, समस्या, वा लक्ष्य, वा निर्दिष्ट दिशा विकासतिर लम्किनु नै हो। यसरी, नेपालको भाग्य, आकांक्षा र अस्तित्व विकाससंग गांसिएको देखिन्छ।

कुनै पनि जागरुक राष्ट्र झैं उपलब्ध सीमित साधनको उचित परिचालनको माध्यमले विकास यज्ञमा विश्वस्त उद्गोता यदि कुनै तत्व नेपालमा छ भने त्यो यस राष्ट्रको जनशक्ति नै हो। नियोजित ढगमा राष्ट्रिय विकास कार्यक्रमको सीमित तर मितव्ययीताको साथ गर्ने लगानीको भरमा समय मै सफल र प्रभावकारी कार्यान्वयनको आधार जागरुक, सशक्त र सक्रिय जनसहभागिता नै हुनसक्दछ। निश्चय नै स्वस्थ स्वतः स्फूर्त र सबल जनसहयोग राष्ट्रविकासको निम्ति अपरिहार्य पक्ष हो।

जन सहभागिताको स्पष्ट र परिमार्जित परिभाषा दिनु बडो जटिल हो, तैपनि, संक्षेपमा, समस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनैतिक प्रक्रियामा सामान्यजनको सहभागी हुनु नै जन-सहभागिताको रुही अर्थ लिन सकिन्छ । आधुनिक वैज्ञानिक दृष्टिकोणमा राजनैतिक प्रक्रिया अन्तर्गत राजनैतिक प्रणालीका छ सूत्रीय कार्य सिद्धान्त मान्य हुन गएको छ, तदनुसार, प्रथम समाज का विभिन्न अंग वा समुदायको हित प्रस्तुतीकरण (Interest articu-lation), दोश्रो समेकित मांग-निर्धारण (Interest Integration), तेश्रो विधि-निर्माण, चौथो विधि कार्यान्वयन, पांचौ न्यायिक कार्य र छैंठौ जन-संचार र संपर्क स्थापित गर्नु हो। यी छ वटा कार्यहरू मध्ये पहिला देखि तेश्रो सम्मलाइ 'निर्णय प्रक्रिया' भन्न सकिन्छ । यो निर्णय लिने प्रक्रिया संग जन-सहभागिताको गहिरो सम्बन्ध रहेको पाईन्छ । अर्को शब्दमा, सामान्य जनताका हित प्रस्तुतिकरण स्वच्छ र स्वस्थ तरीकामा भई, सोको समेकित निर्धारण पनि जन आकांक्षा र जनमतको अनुकूल होस् किन भने यो निर्णय लिने प्रक्रियाको पुष्ट आधार हुन जान्छ, अनि नियमानुसार निर्णय लिने गरी विधि-निर्माण हुन्छ । यस प्रक्रियामा जति बढ़ी प्रभावकारी ढंगमा सर्वसाधारण जनता सह-भागी हुन्छन्, त्यतिकै परिमाणमा कार्यान्वयन वेलामा स्वस्थ र सक्रिय जन-सहयोग उपलब्ध हुन सक्नेछ । जन-सहभागिताको अन्तिम पक्ष राजनैतिक क्रियाकलापको परिमाण वा उपलब्धिमा सामान्य जनको औचित्यपूर्ण सह उपभोग हुन जान्छ । निश्चय नै व्यवस्थाको वितरण गर्ने यंत्र जति जन कल्याण प्रति संवेदनशील भई जिम्मेदार रहन्छ, राष्ट्रिय उपलब्धिमा सामान्यजन त्यतिकै वढ़ी सहभागी हुन सक्दछन् । यस सह-भागी उपभोगमा व्यतिक्रम उपस्थित भएको खण्डमा न्यायोचित व्यवस्था गर्नु नै न्यायपालिकाको भूमिका हुन्छ र हुनु पनि पर्दछ । जन सहभागितालाई वढी प्रभावकारी पार्न वा राजनैतिक प्रणालीका उपर्युक्त सबै क्रिया कलापहरुलाई सफल तुल्याउन स्वस्थ, सबल र सरल जन संचारको भूमिका वड़ो महत्वपूर्ण हुन जान्छ । संचार र सम्पर्कको माध्यमले एकातिर, व्यवस्थाले अंगालेका नीतिहरु प्रति चाहिने जन-निष्ठा र दायित्व वोध संग सामान्य जनको परिचित हुनु जति महत्वपूर्ण छ त्यतिकै यसवाट जनमत र जन आकांक्षा प्रति संवेदनशील भई लक्ष्य प्राप्तिमा संलग्न हुने कर्त्तव्य प्रति व्यवस्थालाई सचेष्ट गराउने प्रेरणा उपलब्ध हुन सक्दछ ।

यस प्रकार, जन सहभागिताको पहिलो पक्ष निर्णय लिने प्रक्रियामा सामान्य जनलाई सामेल गराउने, वा सामान्य जनको आंकाक्षानुरूप निर्णय लिने हो । यसको दोश्रो पक्ष कार्यान्वयन प्रक्रयामा सक्रिय जन-सहयोग हुन्छ, र अन्तिम पक्ष राष्ट्रिय उपलब्धिमा सामान्य जनको सहभागी हुनु हो ।

फेरि, जन सहभागिताको उपलब्धि भय, त्रास र कुण्ठाको वातावरणमा हुन सक्दैन, किन भने यस्तो स्थितिमा जन-असंतोष र विरोधले गर्दा गतिरोध उत्पन्न हुने वढी संभाव्यता भएकोले राजनैतिक प्रणालीमा सामञ्जस्यको सट्टामा विघटन प्रवृत्तिको प्रावुर्भाव हुन सक्छ । अर्को शब्दमा, जन-सहभागिता स्वेच्छामा, स्वतः प्रेरित र दायित्ववोधको आधारमा उपलब्ध हुनु वा गराउनु वाञ्छनीय एवं श्रेयस्कर हुने छ । विशेषतः यस प्रकारको वातावरणको श्रृजना अपेक्षित छ, जसमा माथि उल्लेखित स्वतः स्फूर्त जागरूक र सक्रिय जनसहभागिता उपलब्ध हुन सकोस् , यसको निम्ति समस्त राजनैतिक संरचनाहरु, सो मा संलग्न राजनैतिक नेतृत्व, कार्यकर्ता,वुद्धिजीवीहरुको भूमिका धेरै प्रभावकारी हुन सक्नेछ भन्ने हाम्रो विश्वास हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्थ र स्वेच्छा-प्रेरित जनसहभागिताका मूलभूत आधारहरूको निर्माण गर्नु आवश्यक छ। यस प्रसंगमा सामान्यजनको राजनैतिक चेतना र दायित्वको विकास, हिन प्रस्तुतीकरणका राजनैतिक स्वरुप-हरुमा, जनमनको सही ढंगमा प्रस्तुत गर्ने पत्र-पत्रकारिता, साहित्य र सहज उपलब्ध हने संचारका माध्यमहरुमा, विधिनिर्माणको संरचानामा बढ़ी प्रजातांत्रीकरण आदि आयश्यक हुन जान्छन् ।

यस परिप्रेक्ष्यमा समीक्षा गर्दा, विशेषत: नेपालको सदर्भमा के प्रष्ट हुन्छ भने क्षेत्रीय संतुलित योजनाको माध्यमले आज समग्र राष्ट्रका सर्वांगीण विकास गर्न नेपाल कृत संकल्प छ। आर्को शब्दमा, उपलब्ध स्थानीय साधनको उचित परिचालन जन सहभागिताको आधारमा गरी स्थानीय विकासको साथै राष्ट्रिय विकासतिर लैजाने आज हाम्रो निर्दिष्ट लक्ष्य हुन गएको छ।

अपेक्षित जनसहभागिताको आधारमा अभिप्रेत संतुलित विकास गर्न हेतु निम्न चारवटा समस्याहरुको समाधान गर्नु नितान्त आवश्यक हुन गएको पाइन्छ :—

(१) संसोधनहरुको विनिधान, (२) केही मूल्य-लक्ष्यको परिभाषा गर्नु र सोचाई प्राप्त गर्न अनवरत प्रयास गर्ने, (३) एकताको संरक्षण र सामान्य जनतालाई चाहिने प्रेरणाहरुलाई वनाउंदै लैजानु, (४) विकास कार्यमा कसैको भूमिकाको निष्पादनले उत्पन्न कुनै गतिरोधलाई अविलंव अन्त पार्ने।

श्री टैल्कोट पार्सन्सको शब्दमा यसको समाधान अनुकूलन (Adaption), लक्ष्य पूर्त्ति, प्रतिमान अनुरक्षण र तनाव प्रवंध र समेकन द्वारा गर्न सकिन्छ।

"अनुकूलनको" अर्थ सामान्यजनको मांगहरुको पूर्त्ति गर्न राजनैतिक व्यवस्थाको क्षमतामा सामञ्जस्य ल्याउनु हो। अर्थात्, अनुकूलन अपेक्षाहरुको आपूर्त्तिसंग संवद्ध रहेकोले यसको रुप आर्थिक हुन्छ। अत: साधनहरुको निर्माण र सोको प्रबंधसंग यसको संवंध हुन जान्छ।

लक्ष्य पूर्ति :-

यसको अर्थ व्यवस्थाको समष्टि निम्ति समन्वयकारी कार्य हो, जसले व्यवस्था र वातावरण बीच अपेक्षित सम्वन्ध स्थापित भई व्यवस्था निर्दिष्ट लक्ष्य तिर अगाड़ि बढ्न सकोस्।

प्रतीमान अनुरक्षण र तनाव प्रबन्ध :—

यसको अर्थ व्यवस्थाले स्थापित गरेको राजनैतिक प्रतिमानका मूल्यहरु र उनीहरु प्रति व्यवस्थाको मूल भूत सिद्धान्तको संरक्षणसंग छ। लक्ष्य पूर्तिको संबंध व्यवस्थाका राजनैतिक सांस्कृतिक घटकहरु संग छ, र प्रतिमान अनुरक्षणको सम्वन्ध यसको सामाजिक घटकसंग छ, तथा परिवार, विद्यालय, आर्थिक संस्था, आदि।

समेकन (**Integration**) :—

यसको संवंध व्यवस्था र यसका इकाईहरु र इकाईहरुको बीचको पारस्परिक सम्वन्धको सामञ्जस्य संग छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकार, संक्षेपमा भन्ने हो भने श्री ५ वीरेन्द्र सरकारको दूरदर्शी नेतृत्वमा विकासको राष्ट्रिय हांकको मूलभूत उद्देश्य सीमित उपलब्ध साधनको स्वस्थ र जागरुक जनसहभागिताको आधारमा परिचालनबाट आफ्नो स्वतन्त्र अस्तित्वलाई अक्षुण्ण राख्दै देखा परेका वर्तमान समस्याहरुको समाधान प्रस्तुत गर्दै नेपाललाई पूर्ण आधुनिकीकृत गर्नु नै हो, जसले शोषणविहीन समन्वित र न्यायोचित समाज श्रृजनाको नेपाली आकांक्षा साकार हुन सकोस्। यसकालागि (१) राजनैतिक संचारको अप्रतिभ विकास र सोको सामान्यजनकोलागि सहज उपलब्धि बड़ो आवश्यक छ। यस तर्फ गाउँ-गाउँ प्रत्येक विद्यालयमा रेडियो र समाचार पत्र (कम्तीमा गोरखापत्र) को व्यवस्था गर्नु आवश्यक देखिन्छ, किन भने विकास र जनसहभागिताकालागि चाहिने वातावरणको श्रृजनागरि अपेक्षित राजनैतिक शिक्षाको प्रचार-प्रसारमा रेडियो नेपाल र पत्र-पत्रिकाहरुको भूमिका बड़ो प्रभावकारी सिद्ध हुन सक्दछ। (२) राजनैतिक संस्कार:—वदलिएका परिवेशमा अपेक्षित मूल्य र संस्कारको विकास गर्नु र तदनुरुप विभिन्न क्षेत्रमा विवेकपूर्ण व्यवहारको आधारमा प्रत्येक नेपालीलाई यथासंभव बढ़ी 'केही गर्ने' प्रवृतिको निर्माग गर्नु वाञ्छनीय देखिन्छ। (२) राष्ट्रिय उपलब्धिको न्यायोचित वितरण आवश्यक हुन गएकोछ। द्रष्टव्य के छ भने सार्वजनिक सुविधा उपलब्ध गराउने निकायहरुद्वारा अपेक्षित सामाजिक र आर्थिक परिवर्तन धेरै प्रभावित हुन सक्दछ। यस परिप्रेक्ष्यमा सामाजिक गतिशीलमा निम्ति जनजीवनका विभिन्न पक्षमा देखा परेका समस्याहरुको समाधानकोलागि सम्बन्धित सामाजिक कार्यको सफल संपादन समयमै गर्नु देशकोलागि पहिलो आवश्यकता हुन गएकोछ।

(४) विभिन्न वर्ग र समुदायका हित प्रस्तुतीकरणको आधारमा समेकित मांग निर्धारणकोभरमा निर्णयलिने प्रक्रियाद्वारा वढी जनसहभागिताको वातावरणको श्रृजना गर्नु पनि त्यतिकै सममामयिक महत्वको कुरा रहेको पाइन्छ। यस तर्फ संबंधित राजनैतिक र संवैधानिक निकायको ध्यान आकृष्ट गर्नु पनि यस लेखको अभिप्रेत हो (५) विघटनको तत्वको विरुद्ध राष्ट्रव्यापी अभियानद्वारा राष्ट्रिय एकताको संरक्षण र संवर्द्धन धर्मनिरपेक्षता, सहिष्णुता, पारस्परिक सद्भावना र सहयोग एवं सामञ्जस्यको भरमा गर्नका साथै विभिन्न क्षेत्रमा पाइने विषमता र शोषणको अन्त गर्ने दिशामा वर्तमान राजनैतिक व्यवस्थाको कामनामा सामयिक संतुलन र आवश्यकतानुसार सामञ्जस्य ल्याउनु नेपालीहरुको समक्ष आर्को महान तर विकल्प रहित दायित्व रहेकोछ भन्ने कुरामा हाम्रो अप्रतिभ विश्वास छ।

उपर्युक्त आवश्यकताहरुको आधारमा राष्ट्रविकासको निम्ति अपेक्षित स्वस्थ, स्वेच्छा प्रेरित सक्रिय सवल र विश्वस्त जनसहभागिताको भरमा सीमित उपलब्ध साधनको उचित परिचालनको माध्यमले देशको आकांक्षानुरुप नेपाली समाज गतिशील र अग्रगामी भई विकासतिर वढी आत्मवलको साथ सफलतापूर्वक लम्किने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही नेपाली रुपग्राम[1] र तिनका संरुपहरू (Morpheme & Alomorph)

गंगा प्र० उप्रेती

१-० *परिचय :—*

भाषाका लघुतम इकाइ ध्वनि र अक्षरहरु भावको सामल समेटेर मात्र सम्प्रेषणीय हुन्छन्। जहिलेसम्म अमुक कथन अर्थ र भावले सुशोभित हुदैंन, त्यस्तो कथनको मानव समुदायमा कुनै उपादेयता रहन्न। भाषालाई मानव संस्कृतिको वाहक मान्ने हो भने यसको उपादेयताको उद्घाटन गर्ने महत्वपूर्ण तत्व कथन (Utterance) मा जुटेको अर्थ वा भावनै हुन्छ। यस अर्थमा भाषाको प्रथम आधारभूत इकाइ ध्वनि र अक्षरलाई माने पनि यस इकाइलाई अस्तित्व प्रदान गर्ने महत्वपूर्णतत्व भाषाको रुपग्राम (Morpheme) नै हो। त्यसैले किटानीसाथ परिभाषा गर्न अन्कनाए पनि भाषाशास्त्रीहरु अभिव्यक्ति प्रणालीका दुई महत्वपूर्ण आधार मध्ये दोश्रो आधारभूत तत्वको रुपमा रुपग्रामलाई स्वीकार्दछन्।[2]

भाषामा रूपग्रामका स्थितिको अध्ययन रुपविज्ञान (Morphology) अन्तर्गत गरिन्छ। यस अर्थमा अमूक भाषाको प्रकृति, अवस्था र परिवर्त्तनका मोड़हरुको अध्ययन गर्न र चिन्न रूप विज्ञानको शाल्यचिकित्सात्मक निरीक्षण आवश्यक छ। किन भने भाषाका ध्वन्यात्मक र वाक्यात्मक तत्वका बीचको संरचनात्मक सम्वन्धको अध्ययन भाषा निरीक्षणको मूल आधार हो। यस्तो चिरफारका माध्यमवाट हुने निरीक्षण नै रूपविज्ञानको साध्य हो।[3] यस अर्थमा नेपाली भाषाको स्वरूपको अध्ययन गर्न चाहने विधार्थीहरुकालागि भाषाको रुपविधिको अध्ययन एवम् जानकारी हुनु अति चासो पर्ने कुरा हो। रूपविधिको अध्ययन गर्ने साधन यस भाषाका रुपग्राम (अव यता रुपिम भनिएको) र तिनका संरुपको प्रकृति पनि हुनसक्छ। त्यसैले नेपाली भाषाको एउटा सिकारु विद्यार्थीका नाताले प्रस्तुत लेखमा रुपिम र संरुपको अध्ययन नेपाली भाषाका केही उदाहरणको सन्दर्भमा गर्न खोज्नु यस लेखको अभिप्राय रहको छ।

---

1. *रुपग्राम शब्दको वैकल्पिक प्रयोगमा रूप-रूप, रुपसमूह, रुपिम, पदतत्व आदि शब्दको पनि प्रयोग गर्न सकिन्छ र गरिएका उदाहरण पाइन्छन् पनि।*
2. H: A. Gleason, Jr.–*An Introduction to Descriptievt Linguistics–Page 11. Paragraph No. 1.13:*
3. John lyons.–*Introduction chap. of New Horizons in Linguistics. Page 22.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१-१ रुपिम के हो ?

रूपिमलाई सीमित शब्दको सीमामा परिभाषा गर्नु खरायोको सिङ समाउन खोज्नु जस्तै हो तापनि निश्चित आसयमा यसलाई चिन्न र अर्थ्याउन नसकिने होइन। भाषालाई सम्प्रेषणीय वनाउन सवभन्दा चमत्कार देखाउने तह हो—रुपविज्ञान। रूप तत्वमा एकै प्रकारका ध्वनि समूह एकै आकृतिमा देखिए पनि भिन्न भिन्न भाव वोध गराउने भएर तिनीहरु भाषामा उँभिन्छन्। त्यसैले ध्वनि समूहको आकृति (अक्षर) त भाषा विज्ञानमा ज्यादै स्थूल तत्व हो। अक्षरको स्थूलतामा रूपको चमत्कारले भाषाको भाव (Content) प्रकट हुन्छ। त्यसैले अर्थवोधमा यो दोश्रो चमत्कारको ज्यादै महत्व रहन्छ तापनि यो चमत्कार देखाइने वस्तुगत आधार भने अक्षर (Syllable) नै हुन सक्छ। यसरी आकृति+भाव (अक्षर+रूप) को अन्यान्यश्रृत सम्वन्ध रहेको पाइन्छ। यो सम्बन्धले नै अमूक स्थूल आकृति सजीव बन्न सक्छ। अर्को शव्दमा अक्षरले भाषाको अभिव्यक्ति साधनको काम गर्छ भने रूपले यस साधानको भाव वहन गर्छ। यसरी भाषाको अभिव्यक्ति र भाव (Expression and Content) को आपसी सम्वन्ध कायम गर्ने तत्वले भाषा सम्प्रेषणमा ठूलो भूमिका खेल्छ। यो तत्व नै प्राविधिक पदावलीमा 'रुपिम' हो। उदाहरणार्थ नेपाली भाषाको प्रेरणा शव्द /प्रे+र+ण/तीन अक्षरले बनेको छ। यी तीन अक्षरको ध्वनिलाइ अझ लघुतम इकाइमा लैजाँदा/प—र—ए+र—अ+ण—आ/ हुन्छ यी लघुतम इकाइलाई त छुट्टा छुट्टै उच्चारण गर्न समेत सकिन्न भने अक्षरमा आए पछि उच्चारण सम्म गर्न सकिन्छ। तर ती वेगल वेगल अक्षरवाट कुनै भाव (Content) प्रष्ट हुन्न। यो भावलाई तीन अक्षरको सम्ब्नन्धवाट निर्माण भएको 'प्रेरणा' पदले प्रष्ट पारेको छ। यस प्रकार भाषामा अभिव्यक्ति प्रणालीको सूचक अक्षरलाई भाव (Content) सँगसम्बन्ध गराउने यो तत्व हो—रुपिम। यस अर्थमा 'प्रेरणा' पदनै एक रुपिम भयो जसमा तीन अक्षरको समागम छ।

माथिको उदाहरणवाट के प्रष्ट हुन्छ भने सार्थक पदको लघुतम रुपनै रुपिम हो। तर यो किटानी पनि त्यति वैज्ञानिक हुन सक्दैन। किनभने सवै रूपिमहरु स्वतन्त्र रुपमा सार्थकनै हुन सक्छन् भन्ने कुनै कुरा छैन। 'अलौकिक' पदमा परेका रुपिमको चिरफारवाट उपर्युक्त कुराको छानविन गर्न सकिन्छ। यो पदको निर्माण/अ+लोक+इक/तीन अक्षर मिलेर भएको छ। तीनैवटा अक्षरको आ-आफ्नो विशेषता छ। /अ/वाट विपिरितार्थक अर्थबोध हुन्छ भने /—लोक/वाट नामवाचक अर्थ वोध हुन्छ। त्यस्तै /—इक। विशेषण वोधक प्रत्यय भयो। यी तीनमा /लोक/ अक्षरलाई छाड़ेर अरु अक्षरलाई वेग्लावेग्लै प्रयोग गर्ने हो भने स्वतन्त्र रुपमा अर्थ प्रतिपादन गर्न नसक्ने ठहर्लान्, तथापि उदाहरणको 'अलौकिक' पदमा तीन नेपाली रुपिमको मिलान भएको प्रष्ट छ अथवा स्वतन्त्र अर्थ प्रतिपादक नभपनि /—अ/ तथा /—इक/ नेपाली भाषाका दुई रुपिम हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस उदाहरणले रुपिमको परिभाषामा अर्को अन्यौल उत्पन्न गरेपनि रुपिम वर्गीकरणको सन्दर्भमा भने हामीलाई अरु संकेतहरु प्राप्त हुन गएका छन्। यी संकेत के हुन् भने रुपिम प्रकृतिमा दुई खाले हुन सक्ने रहेछन्। माथिका उदाहरणको / लोक / जस्तै स्वतन्त्र रुपमा पनि अर्थ प्रदान गर्न सक्ने (सार्थकताको न्यूनतम इकाइ) को रुपमा एक थरी र / अ / तथा /—इक / जस्तै स्वतन्त्र रुपमा छुटै अर्थ दिन न सकेपनि अभिव्यक्तिको प्रणालीसंग भावको प्रत्यक्ष सम्बन्ध बुझाउन सक्ने अर्कोथरी दुई प्रकारका रुपिमको अस्तित्व सबै भाषामा पाइन्छ। यसरी हेर्दा के कुरा प्रष्ट हुन्छ भने रुपिम सँधै सार्थक नै (स्वतन्त्र रूपमा) रहनु पर्ने आवश्यकता छैन तर त्यसले आकृति र भाव (expression system and content) का बीचको सम्बन्ध भने प्रष्ट वताइदिन सक्नु पर्छ। अर्को किसिमले भन्दा रूपिम अक्षर वा अक्षर समुहको त्यस्तो जीवित रुप हो जसलाई खण्डगरी टुक्र्याएमा त्यसको अस्तित्व (सार्थकता) लोप हुन्छ।

रुपिमको माथिको विभाजनलाई सार्वभौम मानीं भाषा शास्त्रीहरुले पहिलो खाले रुपिमलाई रुढ़, धातु, मूल, Steam वा Root[4] आदि नामाकरण गरेका छन् भने दोश्रो खाले रुपिमलाई सम्बवन्धतत्व, सर्ग (पर, उप र मध्य सर्ग) प्रत्यय, Affix आदि नाम दिएका छन्। नाम जे राखे पनि आँखिर के कुरा प्रस्ट छ भने तुलानात्मक रुपमा सबै भाषामा मूलको रुपमा रहेका रुपिमहरुको संख्या ज्यादा छ। सर्गको रुपमा रहेका रुपिमहरु भने मूल रुपिमको तुलनामा संख्यामा कम र सीमित छन्। फेरि अर्को कुरा सम्बन्धतत्व (सर्ग) को रुपमा आउने रुपिमको आधार मूल रुपिम नै हुन्। सम्वन्धतत्वका रुपिमहरु मूल रुपिमको अघितिर, माझ र पछिल्तिर आएर अभिव्यक्तिका घटक र भावको सम्बन्ध वनाई भाषालाई सम्प्रेषणीय साधन वनाउछन्। यो कुरा अंग्रेजी र नेपाली भाषाका तलका पदको रुप-व्यवस्थाले प्रष्ट पार्छ।

/Morph -o-logy /=मध्य र अन्त्य सर्ग

/Uni-Verse-ty/=आदि र अन्त्य सर्ग

/Un-know-n /=आदि र अन्त्य सर्ग

/अ—लोक—इक/=आदि र अन्त्य सर्ग। /जाँदै+न+थिए/=मध्य सर्ग/आदि सर्ग र अन्त्य सर्गलाई त सजिलै चिन्न सकिन्छ। तर मध्य सर्गको रूपमा आएको रुपिमलाई चिन्न भने निकै अन्यौल पर्ने छ। यसले कुनै पनि अर्को रूपिमलाई अवरोधगर्ने काम गर्छ भने (i. e. interrups another morpheme) त्यस्तो सर्ग मध्यसर्ग (in fix) को रुपमा आएको रुपिम हो।[5] कहिले कहिले संयुक्त रुपमा आएका अन्त्यसर्ग तथा आदि सर्गलाई वीचमा परेको भनी मध्य सर्गी रुपिम भन्नु हुन्न। यस प्रकार रुपिमको यो

4. हेर्नु :—H. A. Gleason—*Chap. The Mor pheme from an introduction of Dsecriptive linguistics.*

5. H. A. Gleason—*Ibid Page 73 Para.–6.18*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्गीकरणलाई तलको तालिका नं. १. ले प्रष्ट पार्ने छ ।

तालिका नं.—१



(उपरोक्त वर्गीकरणले नेपाली भाषामा रुपिमको स्थितिलाई पनि प्रष्ट पार्छ)

माथिको तालिका वमोजिमका मूल रुपिमहरु प्रत्येक भाषामा अत्याधिक रुपमा रहन्छन् । भाषा जति धनी भयो यस खाले रुपिमको संख्या त्यतिनै वेसी हुन सक्छ । तर कुनै कुनै भाषाशास्त्रीले दोश्रोखाले रुपिम (सर्ग रुपिम) भने तुलनात्मक रुपमा प्रत्येक भाषामा अधिकतम सय भन्दा वेसी हुन्नन्[6] भने पनि विशिष्ट अनुसन्धान न गरी कुन भाषामा कति रुपिम छन् भन्नु कठीन छ । दोश्रो खाले रुपिमको अवस्था हाम्रो भाषामा के कस्तो छ ? संख्या के कति छ ? यो ज्यादै विसद अनुसन्धान पछि मात्र भन्न सकिने कुरा हो ।

1.2 संरूप के हो ?

रुपिम सम्वन्धतत्वको सामूहिक नाम हो । अमूक रुपिम आकृतिमा विभिन्न भएपनि एकै रुपग्राम मानिन्छन् भने अमूक रुपिम आकृतिमा एक देखिए पनि यो एक आकृति भित्र नै विभिन्न रुपिम रहन सक्ने स्थिति छ । यो कुरा तालिका नं. २ र ३ को उदाहरणले प्रष्ट पार्ने छ ।

तालिका नं.—२

छोरा—'छोरो शब्दको वहुवचन'—/छोरो—आ/, /—आ$_1$ /रुपिम

छात्रा—'छात्र शब्दको स्त्रीलिंग' —/छात्र—आ/, /आ$_2$ /रुपिम

माथिको तालिकामा /—आ/रुपिम एकै आकृतिमा देखिन्छ तर अर्थ भने एकको स्त्रीलिंगी र अर्काको वहुवचन वोधक रहेको छ । यसैले आकृतिमा एक रहे पनि /—आ^1/र /—आ^2/ रुपिम वेग्ला वेग्लै रुपिम हुन् । यस्तै :—

तालिका नं.—३

{—ई/}	/—ई/	केटी, छोरी, मोटी	
	/—नी/	पंडित्नी, वस्नेतनी, छेत्रिणी	यी दुई आकृति समीभूत भई ध्वन्यात्मक रुपमा मात्र वेगलभएको हुन सक्छ।
	/—इनी, एनी,/	मुखिनी, मुखेनी, लमिनी, लमेनी	

6. डा. भोलानाथ तिवारी-भाषाविज्ञान किताब महल १९६९ पेज २१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

/—०/ रानी, पोथी, गाई, वहिनी

/—आ/ छात्रा

उपर्युक्त तालिका नं. ३ मा /—ई /, /—नी, /—इनी, एनी/, /—०/र/—आ/ आदि भिन्न भिन्न आकृतिका रुपिम देखिन्छन् । सबैको एकै अर्थ छ —स्त्रीलिंग भाव (Feminine Content) । अव यहाँ ग्लीसन साहवको 'भाव प्रणाली (Content System) को लघुतम रुप रुपिम हो' भन्ने परिभाषा-ख्याल गर्ने हो भने प्रष्ट भइहाल्ने छ--आकृतिमा वेगल वेगल भएपनि माथिका पाँचै आकृति एकै रुपिमका विविधता (Variation) हुन् । कुनामा जुँधे बन्दनी भित्र देखाइएको (– ई) तिनीहरुको साझा रुप हो । यस प्रकार पाँचै रुपिमको साझा आकृति (– ई) लाई रुपिम (Morphem) मानिसकेपछि त्यसका विविध आकृति (Variation) लाई के मान्ने ? यी विविधता संरुप (Alomorph) हुन् । यस व्याख्यावाट के प्रष्ट हुन्छ भने रुपिम भाषाको भाव प्रणाली (Content System) को औसत आधारभूत इकाई (Basic Unit) हो । त्यसका विविध आकृतिहरु त्यही रुपिमका संरुप हुन् । अर्कोशव्दमा रुपिमका भिन्न भिन्न आकृतिको नाम नै संरुप हो । रूपिम एक हुन्छ, त्यस अन्तर्गत भिन्न भिन्न संरुप हुन्छन् ।

१.३. रूपिम र संरूपको निर्धारण ।

रुपिम कुन हो, संरुप कुन यो कुराको पहिचान त्यति सजिलो हुन सक्दैन । किनभने साधरणतया आकृतिगत पहिचानवाट यो कुरा संभव हुदैन भन्ने कुरा माथिका उदाहरणले प्रष्ट गरि हालेकै छ । रुपिम र संरुपकै के कुरा, रुपिम र अक्षरका वीचको भेद छुट्याउन पनि उत्तिकै कठीन छ। माथि पहिलो उदाहरणमा हामीले के देखि सकेका छौं भने एकै अक्षरको पनि एउटा रुपिम हुन सक्छ। यस्तो स्थितिमा कुन रुप हो, कुन अक्षर त्यो पहिचान गर्न निकै अप्ठेरो पर्ने नै छ। तर जव रूपिम अखण्डनीय आधारपद हो भन्ने परिभाषाको सीमामा कुनै पनि भाषिक आकृतिलाई पर्गेल्ने काम गरिन्छ तव त्यो अन्यौलको अल्झोवाट मुक्ति पाउन सकिने छ। यो कुरा तालिका नं. ४ को उदाहरणले प्रष्ट पार्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिका नं.—४

/—हरु/, /ह+रु/, /ह—अ—र—ऊ/
/घरेलु, /घर+एलु/, घ—अ—र—ए—ल—उ
/घर/, /घर/, घ—अ—अ—अ/

माथिका उदाहरणमा /—हरु/ वहुवचन वोधक सर्गमा दुई अक्षर / ह+रू/छन् । ती अक्षर-लाई ध्वन्यात्मक लेखनमा लेख्दा माथि देखाइए वमोजिम चार ध्वनिको मिश्रण भएको पाइन्छ । ध्वन्यात्मक लेखन सम्म नै जानुपर्ने, अक्षर (Syllable) टुक्र्याइ दिने वित्तिकै दुई अक्षरको Content स्वत: लोप भएर जान्छ । फेरि अखण्डिता /—हरू/लाई आधार पदका रूपमा प्रयोग गर्ने हो भने वहुवचन अर्थ बुझाउने गरी विभिन्न पदसँग यसको मिलान हुन सक्छ । जस्तो मान्छेहरू. विद्यार्थीहरू इत्यादि । त्यस्तै घरेलु अर्को पदमा दुई अक्षर छन् । दुवै अक्षर घर+एलुलाई छुटयाएर प्रयोग गर्ने हो भने घरहरू, घरायसी, घरानियाँ अरू Content को अभिव्यक्ति हुन्छ । त्यस्तै /—एलु/ प्रत्येक नामलाई विशेषण बनाउदा साझा सर्गको रूपमा प्रयोग हुन सक्छ । तर ती दुवै अक्षरलाई ध्वनिमा टुक्र्याउने हो भने तिनीहरुको Content तत्व नै नास हुन्छ । त्यसैले/ घर /, /—एलु/ लघुतम सार्थक इकाई वैकल्पिक प्रयोग समेत हुने भएकाले दुई रुपिम भए । यस्तै कुरा 'घर' एक अक्षरी रूपिममा पनि घट्छ । उपर्युक्त उदाहरणबाट के प्रष्ट हुन्छ भने रूपिममा अर्थ वहन गर्ने शक्ति हुंदा हुँदै पनि तिनीहरू स्वतन्त्र रुपमा विभिन्न अरू रुपिमसंग वैकल्पिक वितरण हुन सक्ने हुनु जरूरी रहेछ ।

रूपिम पहिचान गर्ने उपर्युक्त प्रणालीलाई तालिका नं. ३ का संरूपका उदाहरण सँग दाँजेर हेर्ने हो भने हामीलाई अर्को गाँठी कुरा थाहा हुन आउँछ । त्यो कुरा के हो भने रुपिम Stem+Affix को रूप मा रहन्छन् तर संरुपहरु सम्वन्धतत्व वोध गराउने सर्गमूलक रुपिम (Affix Morpheme) का विविध रुप हुन सक्छन्, Stem Morpheme को होइन । यस निष्कर्षोल गराइको आधारले हामीलाई संरुप चिन्न ज्यादै ठूलो सहयोग प्रदान गर्ने छ ।

संरुप निर्धारण गर्ने आधार खोज्न पनि हामी तालिका नं. ३ को उदाहरणको सहयोग लिन सक्छौं । उक्त तालिकामा प्रयोग भएका पाँच वटै सम्वन्ध तत्वको अर्थ स्त्रीलिंग बोधक छ । त्यसैले आकृति वेगल भए पनि यी पाँचै तत्व /—ई स्त्रीलिंगी रुपिमका भिन्न भिन्न आकृति भए । यसो भन्दा के अर्थ समानता नै सम्वन्ध तत्वलाई संरुप वनाउने मुख्य आधार हो त ? यो प्रश्नको उत्तर सकारात्मक हुन सक्तैन । किन भने अर्थ समानता अमूक सम्वन्धतत्वलाई संरुप वनाउने औसत आधार मात्र हो विशिष्ठ आधार भने होइन । त्यसो भए त्यो विशिष्ठ आधार के हो त ? त्यो आधार खोज्न पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिका नं. ३ कै उदाहरण पर्याप्त छ । उक्त उदाहरणका पाँच संरूपहरूको प्रयोग साझा रूपमा हुन सक्दैन अथवा /—ई/ संरूपको प्रयोगवाट स्त्रीलिंग वोध हुने ठाउँमा /—नी/ /—o/, /—आ/, /—एनी,—इनी/ लगाँइदैन । यसै कुरालाई प्राविधिक शव्दावलीमा व्यक्त गर्नु पर्दा एक संरूपको अर्थ अर्को संरूपको अर्थ सँग मेल खाने भए पनि प्रयोगमा तिनीहरूको वितरण परिपूरक स्थितिमा मात्र हुन्छ भन्न सकिन्छ । यस्तो परिपूरक वितरणको स्थिति (Complementary distribution)[7] रूपिममा निहित संरूप चिन्ने प्रमाणिक आधार हो । परिपूरक वितरणको आसय प्रत्येक संरूपको प्रयोगको स्थिति ध्वन्यात्मक, रूपात्मक तथा शाव्दिक परिस्थितिको कारणले वेगल वेगल हुनु हो अथवा एक स्थितिमा प्रयोग हुने संरूप अर्को स्थितिमा प्रयोग हुन नसक्नु नै परिपूरक वितरणको आसय हो ।

परिपूरक वितरणको यो आधारलाई भाषाको वहुवचन मूलक अर्थका घटक तत्वहरु को उदाहरणमा दाँजेर हेर्दा हामीलाई अरू अन्यौलहरुले तर्साउने छन् । किनभने परिपूरक विवरण हुन न सक्ने तथा वैकल्पिक वितरण समेत हुन सक्ने सम्वन्ध तत्वपनि संरुपको रुपमा नेपाली भाषामा देखिन्छन् । तालिका नं. ५ को उदाहरणले यो कुराको प्रष्ट संकेत दिन्छ ।

तालिका नं.—५

रूपिम	संरुपहरू	पद
(—हरू)	/—हरू /	मान्छेहरू
	/—आ /	घोड़ा, दाउरा (घोड़ो र दाउरोको वहुवचन)
	/—शव्द/	मान्छेमान्छे, मान्छैमान्छे ।

उपर्युक्त तालिकामा रहेका संरुपको वैकल्पिक वितरण हुने गरेको छ। मान्छेहरू, मान्छैमान्छे, घोड़ाहरू, सज्जनहरु आदि । यसरी वैकल्पिक वितरण हुने यी सम्वन्ध तत्वलाई संरुप मान्ने कि नमान्ने ? मान्ने हो भने यी किन वैकल्पिक प्रयोगको स्थितिमा देखिए । अन्य परिवारका भाषाका प्रभावले (जस्तो मान्छेमान्छे—शव्द पुनरावृत्तिवाट वहुवचन वनाउने प्रवृत्ति तथा स्वतः वहुवचन वुझाउने पदमा पनि हरु जोड़ने (घोड़ाहरू) प्रवृति आदि) नेपाली भाषामा यस्तो प्रवृत्ति फस्टाएको त होइन ? यी यस्ता प्रश्नहरु हुन् जसले सम्वन्धित क्षेत्रका विद्वान तथा जिज्ञासु र सिकारु विद्यार्थीहरुलाई अनुसन्धानकालागि प्रेरित

---

7. Gleason--*Chap. Classing Allomorphs in Morpheme–An introduction to Descriptive Linguistics Page 71 to 91.*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउछन् । जेहोस् उपर्युक्त प्रवृत्ति (वैकल्पिक प्रयोग हुने संरुपको स्थिति) को उत्पत्ति वारे विस्तृत छानविन र अनुसन्धानको आवश्यकता छ ।

१-४. *निस्कर्ष* ।

नेपाली भाषामा Stem को रुपमा कति रुपिम छन् तथा Affix को रुपमा कति ? सम्वन्धतत्व बुझाउने रुपिमका संरुपहरुको के कस्तो आकृति छ ? तिनीहरुको परिपूरक वितरण सम्वन्धी निश्चित नियम के कस्तो हुन सक्छ ? यी सव प्रश्नको सही उत्तर वर्णात्मक भाषा शास्त्रीय पद्धति अनुरुप तयार गरिने नेपाली रुप विज्ञानवाट निकाल्न सकिन्छ । यत्रो वृहत्तर विषयलाई सिकारु कलमले किटान गर्न सक्दैन । त्यसैले साधरणतया नेपाली भाषाको सन्दर्भमा रुपिम र संरुपको अध्ययन गर्ने लक्ष्य राखिएको यो लेखमा त्यत्रो गुरुत्तर दायित्वलाई सिधैं पन्साइएको भएपनि निष्कर्षमा के भन्ने आँट गरिएको छ भने माथि वर्णन गरिएका आधारहरु नेपाली भाषामा रुपिम र संरुप पहिचान गर्ने प्रारम्भिक आधारहरु हुन सक्नेछन् । अस्तु ।

सन्दर्भ सामाग्री :—

1. H. A. Gleaon *Jr.—Introduction to Dsecriptive Linguistics 4th Indian Reprint Oxford & I B H Publising Co.*
2. John Lyons (edt,)--*New Horizons in Linguistics Penguin Books ltd. England (1979 edition)*
3. Srivastava, Daya Nand--*Nepali Language, its History & Development, Calcutta.*
4. तिवारी, भोलानाथ—भाषा विज्ञान, किंताबमहल १९६९
5. दाहाल, वल्लभ मणि - नेपाली अक्षर (लेख) रचना वर्ष १५ अंक ४ दुई महिने साहित्यिक पत्रिका सं० रोचक धिमिरे
6. शर्मा, मोहन राज—शब्द रचना प्रक्रिया (लेख)
   ऐ ऐ वाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पंचायती व्यवस्थाको मानवीय पक्ष–एक अध्ययन

श्री परमेश्वर यादव

स० व्या० प्र०

कुनै पनि दर्शन वा राजनैतिक दर्शनको एक आधार वा पृष्ठभूमि हुन्छ जसवाट त्यो दर्शनको उत्पतिमा महत्वपूर्ण सहायता प्राप्त भएको हुन्छ। त्यसैले कुनै पनि दर्शनको ज्ञान त्यसको पृष्ठभूमिको ज्ञान विना अधुरो नै रहन्छ। बौद्धदर्शनको उत्पति एक समयको माग थियो। हिन्दु धर्ममा रूढीवाद आफ्नो चरम सीमामा पुगिसकेको थियो। व्राह्मण आफूलाई व्राह्मण ठान्थे। जात-पातको भावना मानिसहरुको रगतमा मिसिइ-सकेको थियो। मानिस-मानिससाथ पशु जस्तो व्यवहार गरिन्थ्यो। व्राह्मणहरुका यी प्रवृतिहरुका विपक्षमा बुद्धले आवाज उठाए साथै घोर भर्त्सना पनि गरे। यसै परिप्रेक्ष्यमा बौद्धदर्शन आएको छ जसले गर्दा मानवसंग प्रेम गर्नु र आचार शास्त्र बौद्ध दर्शनको एक आवश्यक अंग हुन गयो। मार्क्सको समाजवादी दर्शनको पृष्ठभूमि समकालीन पूंजीपति र श्रमिकवर्गहरू बीचको संघर्षले प्रस्तुत गरेको थियो र पार्टी व्यवस्थामा आधारित प्रजातन्त्र व्यवस्थाको पृष्ठभूमि मध्यकालीन युगको क्षेत्रीय अधिकारको सिद्धान्त (Divine right theory) र धार्मिक सुधार एवं पुनर्जागरण (Renaissance) को परिणाम स्वरूप जनताको हितको प्रतिनिधित्व र रक्षाको भावनाले तैयार पारेको थियो भने निर्दलीय पचायती प्रजातन्त्र दर्शनको पृष्टभूमि दलीय प्रजातन्त्र व्यवस्थाको उपलब्धि र अनुभवको विश्लेषणवाट निर्दलीय पंचायती प्रजातन्त्रको उत्पत्ति भएको छ। यो देशको इतिहास, परम्परा र संस्कृतिसित मेल खाने, प्रजातन्त्रका लागि अत्यावश्यक मानिएका सबै अंगहरूको समावेश भएको र दलगत प्रणालीका अर्न्तनिहित दोषहरु नभएको व्यवस्था हो। यो मुख्यरुपमा तलै देखिको प्रजातन्त्र र नेपालवादको नयाँ "महेन्द्र दर्शन" माथि आधारित छ।

कुनै पनि राजनैतिक व्यवस्थाको आफ्नो दार्शनिक पक्ष हुन्छ। विना कुनै दर्शन वा आदर्श न त व्यक्ति जीवित रहन सक्छ, नत राज्य। दर्शनमा नै त्यो शक्ति छ, जसले गर्दा व्यक्ति र राज्य सदैव सक्रिय रहन्छ। जति मानिसलाई आदर्श आकर्षित गरिराखेको छ त्यस अनुपातमा भौतिकवादी सुख-सुविधाले उसलाई तानी रहेको हुदैन। राज्यको नागरिक प्रशासन कस्तो हुनु पर्ने भन्ने आदर्शमा नै राज्यको सक्रियता निर्भर गर्दछ। तसर्थ, प्रत्येक राजनैतिक व्यवस्थाले कुनै न कुनै दार्शनिक पक्ष अंगालेको हुन्छ जसवाट राज्य उत्तरोतर विकसित र व्यवस्थित हुँदै जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशका जनता एवं मानव जातिको उन्नति एवं सम्मानको लागि पंचायती राजनीतिक व्यवस्थामा प्रशस्त दार्शनिक आदर्श राखिएको देखिन्छ। मानिस मानिसमा फरक छैन। कर्तव्य र कार्य गर्ने योग्यता नै फरक ल्याउने छ। समाजका पुराना ढाँचा जो मानवतालाई तिलांजली दिएर मानिसको भिन्नताको जोरमा धार्मिक वा अतिमानवीय सत्तालाई महत्व दिएको थियो, जाति विशेषको लागि जो छुट्टै न्यायिक व्यवस्था राखिएको थियो, केही अधिकार जो पुस्तदर पुस्त खास समुहलाई प्राप्त हुन्थ्यो। यी सवैका लागि पंचायत दर्शन मानवीय सावित हुन्छ· साथै यस्ता दुर्गुणहरुलाई हटाउनका लागि कानूनी व्यवस्था मात्र न गरिकन सामाजिक वातावरण एवं मानिसको मनोभावलाई परिवर्तन गर्नका लागि पनि विस्तारै विभिन्न कदम चालिएको देखिन्छ। यस्तो कुण्ठित विचारहरुलाई जहिलेसम्म हामी समाजवाट हटाउदैनौं समाज वा देशको विकास हुन सक्दैन। यो एउटा मानवीय समस्या हो र मानिसको मनोभावना, सामाजिक प्रवृत्ति र मान्यताको परिवर्तनवाट नै यसको निराकरण हुनसक्छ। राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको महानवाणीवाट यो तथ्य समर्थित छ—विकास भन्नु एक आर्थिक कुरा मात्र होइन। यो एउटा मानवीय समस्या हो प्राकृतिक साधन, श्रम र पुंजिको परिचालन गर्ने मानिस हो। मानिसालाई उसका मनोभावना सामाजिक प्रवृति र मान्यताले क्रिया-शील वनाउंछ। त्यसो हुंदा सामाजिक मान्यता र मानिसहरुको मनोभावनामा परिवर्त्तन नआएसम्म अपेक्षित रुपमा विकास हुन सक्दैन।'' अर्थात समाज वा राष्ट्रको विकास मानिसको शारीरिक, मानसिक एवं सांस्कृतिक मान्यता आदिको विकासमाथि निर्भर गर्दछ। मानवीय समस्या र देश विकास दुवैलाई जोडिदिएर निश्चय नै यो व्यवस्थामा मानवतावादी दृष्टिकोणलाई सर्वोपरि स्थान दिएको देखिन्छ। यस व्यवस्थाका प्रवर्त्तक स्व. श्री ५ महेन्द्रवाट यस पक्षलाई अझ वढी महत्व दिएको देखिन्छ।—''जति जति हामी क्षुद्रता र कुण्ठित मनोवृत्तिलाई त्यागर्दछौं त्यति-त्यति नै अवश्य नेपाल र नेपाली समाजको महानता वढनेछ र प्रत्येक क्षेत्रमा विकास हुनेछ।'' अर्थात मानवीय कमजोरी र संकीर्णता जुन अनुपातमा हामी त्यागछौं यसै अनुरुप हाम्रो विकास हुनेछ।

१९ वीं शदीको हांक वमोजिम पंचायती दर्शनमा मानिसले उपयुक्त स्थान प्राप्त गरेको छ। मानिसको गरिमालाई सकीर्णता एवं रुढिवादी प्रथावाट जोगाइएको छ। मानिसको वेच विखन एव दासत्व जस्ता कुरीतिहरुको निषेध यस व्यवस्थाको संविधानमा मौलिक हकहरुको उल्लेख गर्दा शोषणको विरुद्ध हकमा यस प्रकार उल्लेख गरिएको छ। मानिसको वेच विखन, दासत्व र मानिसलाई कुनै किसिमको जबरदस्ती काम गराउँन निषेध गरिएको छ। संविधानको धारा १३ वास्तवमा शोषणविहीन समाजको स्थापना यति मात्रले हुदैन, यस्को साथै समाजमा विद्यमान विभिन्न प्रकारका सामाजिक, आर्थिक, राजनैतिक तथा वौद्धिक शोषणहरूको अन्त गर्नु परेकोछ। सवै प्रकारका अधोगतिको जड़ोमा शोषण (Exploitation) नै छ। मानिस र मानिसको परिवेशको विकास तवसम्म हुन सक्दैन जवसम्म उसको शोषण हुंदै रहन्छ। शोषण नै मानव समाजको मुख्य दुश्मन हो। तसर्थ यस मानवीय समस्यलाई महशुस· गरी शोषणको विरुद्ध हाम्रो संविधानमा धारा १९ को उपधारा (१) मा पंचायती व्यवस्थाको उद्देश्य र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्य उल्लेख गरिएकोछ साथै धारा १९ को उपधारा २, ३, ४ मा राजनैतिक, आर्थिक र सामाजिक लक्ष्यलाई निर्देशक सिद्धान्तको रुपमा स्पष्ट उल्लेख गरेको छ।

आर्थिक शोषणको अन्तर्गर्नु भूमिसुधार, लघु उद्योग र साझा अर्थव्यवस्था जस्ता क्रान्तिकारी आर्थिक कार्यक्रम कार्यान्वित गरेको छ भने अर्कातिर सामाजिक एवं राजनैतिक शोषणको अन्तगर्न निर्दलीय पंचायती प्रजातंत्र, विकेन्द्रीकरणको सिद्धान्त, गाउंफर्क कार्यक्रम तथा नयां मुलुकी ऐन जस्ता कुराहरू पनि सफलतापूर्वक कार्यान्वित गरिंदै छन् ।

वर्गसमन्वयद्वारा हामीले शोषक-शोषितको बीचको खाड़ललाई पुर्न खोजेका छौं। यसैले शोषणको अन्तगर्नु शोगक वर्गको नै अन्त गर्नु आवश्यक छैन। शोषकवर्ग र पोषितवर्ग दुवैको पारस्परिक सहयोगद्वारा शोषणविहीन समाजको सिर्जना गर्ने लक्षतर्फ हामी अघि वढिरहेका छौं। हाम्रो सिद्धान्त अनुसार शोषणको अन्तर्गन शोषकवर्गको अन्त गर्नु आवश्यक छैन किन्तु यस्तो सामाजिक, आर्थिक एवं राजनैतिक वातावरणको सिर्जना गर्नु आवश्यक छ जसमा एक वर्ग वा व्यक्तिद्वारा आर्को वर्ग वा व्यक्तिको शोभण हुन नपाओस। किनभने कुनै पनि व्यक्ति जन्मनासाथ शोषक र शोषित हुने होइन। किन्तु उसलाई हुर्केको परिस्थितिले शोषक वा शोषित वनाउं छ। यसलाई हामी व्यवहारिक तथ्य भन्न सक्तछौं। किनभने वातावरणले नै मानिसलाई असल वा खराव वनाउंछ। यदि शोषण गर्ने मौका नै पाउंदैन भने कसरी मानिसशोषक वन्न सक्छ। पंचायत व्यवस्थामा यस तथ्यलाई अंगालेर सवै वर्गहरुको सहअस्तित्वको आधारमा सवैको पारस्परिक सहयोगद्वारा आर्थिक शोषणको अन्त गर्न हामी कटिवद्ध छौं। भूमिसुधार कार्यक्रम अन्तर्गत कुनै भूमिपतिको अस्तित्व समाप्त नगरिकन उसलाई वांच्न दिएर नै भूमिहीन कृषकहरुको भूमिमा हक सुरक्षित गरिएको छ साथै भूमिपतिहरूले पनि चाहे जति जमिन राख्न नपाउने गरी कतिसम्म राख्न पाउने हुन् भन्ने कुरा तोकिएको छ। यसो हुंदा कृषक र भूमिपति दुवैको सक्रिय सहयोगले हाम्रो आर्थिक पुननिर्माण भइरहेको छ। भूमिसुधारका सैद्धान्तिक कुराहरुको सम्वन्ध शोषण-रहित समाजको निर्माणसित छ।

निर्दलीयता पचायती व्यवस्थाको एक प्रमुख विशेषता हो। वर्गसमन्वयको सिद्धान्तमा आधारित यस व्यवस्थाले निर्दलीय भावनालाई आधार मान्नु कुनै अस्वाभाविक कुरा होइन। वास्तवमा वर्गसमन्वयको सिद्धान्त निर्दलीयतामा आधारित भएर मात्र फलन फुल्न सक्छ। दलगत राजनीतिमा देशवाशीहरुलाई दल-दलमा विभाजित गरिदिन्छ र श्रम तथा समयको दुरुपयोग भएको देखिन्छ। राष्ट्रहित भन्दा वढता ध्यान दलगत स्वार्थमा निहित हुन्छ। यसरी निर्दलीयताले दलगत नीतिको अन्त गरी व्यक्ति व्यक्तिमा, वर्ग-वर्गमा, समाज-समाजमा सद्भावना, प्रेम तथा सहयोगको भावना जागृत गर्दछ। यसले मानवताको मूल्य चिन्हाउन योगदान दिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै व्यवस्थामा प्रत्येक व्यक्तिलाई समान अधिकार र समान अवसर प्राप्त छ । निर्दलीय भावनाले गर्दा शोषणको कम अवसर रहन्छ । तसर्थ शोषणरहित समाजको सृजना गर्ने दिशामा निर्दलीयताको प्रमुख स्थान रहेको छ । निर्दलीयता द्वारा राजनैतिक शोषणको अन्त गर्न सकिन्छ ।

प्रजातन्त्रमा प्रत्येक स्तरमा प्रत्येक व्यक्ति, वर्ग तथा समूहलाई आ-आफनो स्थानमा रही आ-आफनो क्षमतानुसार कार्य गर्ने पूरा जिम्मेबारी प्रदान गरिएको हुन्छ जसले गर्दा विस्तारै शोषणको अन्त हुदैजान्छ । प्रजातान्त्रिक व्यवस्था भएकोले यो व्यवस्थाले शक्ति विकेन्द्रीकरणको सिद्धान्त अपनाई शोषणरहित समाजको सृजनातर्फ कदम चालेको छ । एक वर्ग वा व्यक्तिमा शक्ति-केन्द्रित हुंदा त्यस्ता व्यक्ति तथा वर्गवाट आर्को व्यक्ति तथा वर्गमाथि अनुचित दवाव वा शोषण हुन सक्छ । यसको साथै शक्तिको दुरुपयोग हुन जान्छ र यसको फलस्वरुप शक्तिहीन वर्गमा शोषणको प्रहार पर्न जान्छ । यस महान तथ्यलाई ध्यानमा राखी विशेष वर्ग वा व्यक्तिको राजनीतिक शक्ति केन्द्रीकरणलाई क्रमशः गाउं, नगर र जिल्लाका पंचायतहरूमा विस्तारै दिदैजाने लक्ष्य राखिएको हो । यसवाट देशका समस्त जनतालाई शासनमा सम्मिलित गराई व्यक्ति-व्यक्ति, वर्ग-वर्ग वीच रहेको शोषणलाई क्रमशः अन्त गर्न सकिन्छ ।

नेपाली समाजमा जन–जागृति र चेतना ल्याउने भूमिसुधार र मुलुकी ऐन जस्ता समाज सुधारको सफल कार्यान्वयनमा वल पु-याउने भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला सुस्ती समाप्त गर्ने जस्ता-आधार भएको "गाउं फर्क" राष्ट्रिय अभियान राष्ट्रव्यापी रूपमा २०२४ साल पौष १ गते देखि संचालन भइरहेको छ। यसले नेपाली समाजमा व्याप्त अनेक खरावीहरुलाई निर्मूल गरी पंचायती प्रजातन्त्रको उद्देश्य अनुरुपको राजनैतिक संस्कारको निर्माण गर्न तर्फ नेपाली जनतामा चेतना र राष्ट्रियताको अपूर्व लहर ल्याएको छ।

स्व० श्री ५ महेन्द्रवाट आफ्नो पंच तथा प्रशासनिक क्षेत्रलाई कुन रूपमा देख्न चाहिवक्सिन्थ्यो त्यसवाट वहांको दूरदर्शिता एवं पंचायत दर्शनको मानवीय पक्ष छर्लङ्ग हुन्छ—

प्रत्येक पंचले—"आफनो सुख सुविधाका लागि कुनै पनि ग्रामीण जनता र पंचलाई अनावश्यक दुःख र असुविधामा पार्नेछैन, कुनै पनि अवस्थामा अभद्र व्यवहार र अनैतिक काम गर्ने छैन । जस्तै अप्ठेरो परे पनि अन्याय, अत्याचार, भ्रष्टाचार र शोषणको विरोध गर्नु मेरो कर्तव्य हो । भ्रमण अवसरमा शंकास्पद चरित्र, बदनाम र जनताले नरूचाउने व्यक्तिको आतिथ्य-स्वीकार नगर्ने प्रण गर्छु" भन्ने आफनो कर्त्तव्य र प्रण सम्झेमा व्यवस्थाको भलो हुनेछ । सरकारवाट प्रशासनिक क्षेत्रलाई निर्देशन भनी ९ सूत्रीय निर्देशन वक्सेको छ । जुन राजाले पंचलाई "प्रशासनमा कसैले पनि हस्तक्षेप नगर्नू" भनी हुकुम भएको थियो, उही राजाले प्रशासनिक क्षेत्रलाई "पंचको सम्मान गर, अवान्छित तत्वद्वारा हुने खतरावाट पंचहरुलाई सुरक्षित राख" भनी हुकुम भएको छ । "भ्रष्टाचारको मामलामा स्वयं आफूलाई निष्कलंक राख र जिल्लामा चर्चा भएको कुनै पनि तहको घूस र भ्रष्टाचार सम्वन्धी कुराको खुला छानवीन गर र तुरुन्त उचित कारवाई गर, भ्रष्टाचार रोक्ने सम्वन्धमा पंचहरुसंग सहयोग लेऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र उनीहरुलाई सहयोग देऊ "भनी स्व० श्री ५ महेन्द्रबाट गाउं फर्कमा उल्लेख भएको सदिच्छाबाट नै सरकारको शोषण प्रतिको दृष्टिकोण र देशको जनता प्रतिको समदर्शीभाव प्रष्ट हुन्छ ।

श्री ५ वीरेन्द्रले २०३२ साल मार्ग २६ गते सविधानको दोश्रो संशोधनमा गाउं फर्क राष्ट्रिय अभियानलाई संवैधानिक अग बनाई बक्स्यो जसबाट गाउं फर्क राष्ट्रिय अभियानको जिम्मेवारी अझ महत्वपूर्ण रूपमा बढ्न गयो । संशोधन भन्दा पहिले रहेको गाउं फर्क राष्ट्रिय अभियान नेपाली नागरिकहरूको नैतिक उत्तरदायित्व (Pious will) माथि निर्भर थियो । अब यसले कानूनी र संवैधानिक रुपले कार्यगर्न सक्छ । यसको निर्देशनको प्रतिकूल जाने पंच कार्यकर्तालाई यसले दण्ड पनि दिन सक्छ ।

यस प्रकार गाउं फर्क अभियानको संस्थागत रूपमा विकास गरी पंच कार्य-कर्त्तामा निर्दलीय पंचायत व्यवस्था अनुकूल राजनीतिक संस्कार उत्पन्न गरी शोषणरहित समाजको सृजना गर्ने तर्फ यसको विकास भएको देखिन्छ ।

नेपाली समाजमा व्याप्त सामाजिक शोषणलाई हटाई सामाजिक न्याय र समानताको स्थापना गर्न २०२० साल भाद्र १ गते देखि मुलुकी ऐन लागु भएको छ । यसले जाति-पाति, धर्म, लिंग, वर्ण आदिको भेदभावलाई कानूनी रूपमा अन्त गरेको छ । यसै क्रममा मुलुकी ऐंनले बाल, वृद्ध र अनमेल विवाहहरुलाई गैर कानूनी घोषणा गरेकोछ । उचित कारण विना दोश्रो विवाह गर्न नपाउने तथा वरवधुको उमेरमा २० भन्दा बढी फरक हुन नहुने भएको छ । छोटा बड़ा सबैलाई कसूरको प्रकृति अनुसार एक सजाएको व्यवस्था मुलुकी ऐनले गरेको छ । तसर्थ हामी भन्न सक्छौं कि आधुनिक प्रजातांत्रिक विश्वले मानव अधिकार र वैयक्तिक प्रतिष्ठाको अनुरूप नयां मुलुकी ऐनमा नेपालीहरूको अधिकार एवं वैयक्तिक प्रतिष्ठाको संरक्षण राम्ररी भएको छ । मानव गरिमा एवं नैतिकतालाई कलंकित गरिरहेको मान्यता, कुप्रथा एवं परम्परालाई अवैध घोषित गरी मानव अधिकार, प्रतिष्ठा एवं शोषणरहित समाजको निमित्त संरक्षण प्रदान गरेको छ ।

यसरी पंचायती व्यवस्था सिद्धान्त र व्यवहार दुवैंमा समानरूपले शोषण रहित समाजको स्थापनाका निमित्त विभिन्न कदमहरू चालिएकाछन् । शोषणको अन्तबाट मात्र कल्याणकारी राज्यको स्थापना हुन सक्ने तथ्यलाई पंचायत दर्शनको प्रवर्तकले महसूस गरिबक्सेको देखिन्छ । विभिन्न माध्यमद्वारा यस दर्शनमा मानवीय समस्यालाई अन्त गर्नकालागि प्रयास गरिएको छ । Dr. Radhakrishnan, ले Y.G. Krishanmurti को Political ideology of King Mahendra नामक पुस्तकको मूल्यांकनमा बडो स्पष्ट रूपमा यस माथि प्रकाश पार्नु भएको छ …… Apart from his Political achievements, it gives us an idea of the human side of the King … …" यसको साथै पंचायती दर्शनमा मानवजातिको उन्नति, विश्व-शान्ति, मानवको स्वतन्त्रता, विज्ञानको समर्थन, भ्रातृभावना, असंलग्न परराष्ट्रनीति, मानवका सुख एवं उनका अधिकारका प्रश्नहरुलाई पनि समुचित स्थान दिएको पाइन्छ । अर्थात मानवीय समस्याहरूलाई सम्यक रूपमा हटाउने प्रवृत्ति यस दर्शनको मूल लक्ष्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालका थारु जाति र तिनको संस्कृति

–लक्ष्मीलाल चौधरी

स्न० प्रा० इतिहास विभाग

१-०. परिचय :—

नेपाल विभिन्न मूलका जाति विशेषको अनादिकाल देखिनै वास स्थल रहिआएको छ। यी विभिन्न जातिमा केहीजातिहरू आफ्नो रवाफ, चलाकी र पराक्रमले प्रभुत्वशाली देखिन्छन् भने केही जातिहरु मुलुकको सामाजिक, आर्थिक र राजनैतिक चालवाजीमा हेलित भएर' साँघुरिदै जांदैछन्। शक्तिशालीले दुर्वललाई निल्ने सार्वभौम सिद्धान्तअनुरूप प्रत्येक देशका कैयौं पुराना जातिहरू विलाउँदै गइरहेका छन्, कैयौं नयाँ जातिहरू शक्तिशाली हुंदै गइरहेका छन्। उचित राजनैतिक संरक्षणको व्यवस्था नभएका कालमा त प्रत्येक देशको इतिहासमा यो प्रवृत्ति ज्यादै मौलाएको देखिन्थ्यो भने आजकल यो प्रवृत्ति केही झिनो देखिन्छ। हाम्रो मुलुकको इतिहास, जनसंख्याको वृद्धिदरको प्रवृत्तिले हेर्नेहो भने मुलुकवाट कैयौं जाति र तिनका संस्कृतिहरू लोप हुनेगरी ह्रासोन्मुख रहेको देखिदै छ। ज्ञान, विद्या, वुद्धि र सुविधामा केही जातिहरू हाम्रो देशमा अगाड़ि छन् भने केही यस्ता जातिहरू पनि छन् जो अझै मध्य युगीन अवस्थाबाट माथि आउँन सकिरहेका छैनन्। मकवानपुरे चेपाङ, झापाली सन्थाल यस्तै अविकसित जाति हुन्। विकासको क्रममा मानवीय अवस्थामा आईपुगे पनि अरू केही यस्ता जातिहरू पनि नेपालमा देखिन्छन् जो शिक्षा, ज्ञान, वुद्धि र सभ्यताका दृष्टिले ज्यादै पछौटे देखिन्छन्। पूर्वी पहाड़का लिम्वू, खम्वू, तराइका थारु, वाँतर, झाँगर, सन्थाल, चेपाङ, पच्छिमका राउटे, मध्यका चेपाङ आदि यस्तै पछौटे जातिका उदाहरण हुन्। बड़ो गजवको कुरा के छ भने यी पछौटे जातिको जनसंख्या, तिनको संस्कृति पनि दिन प्रतिदिन घट्दो र ह्रासोन्मुख स्थितिमा रहेको देखिन्छ। प्राणी शास्त्रीय दृष्टिले हेर्ने हो भने यो खतराजनक प्रवृत्ति हो। त्यसैले हाम्रो मुलुकको यो खतराजनक प्रवृत्तिलाई प्रत्येक चेतनशील व्यक्तिले ख्यालगरी आदिवासी तथा पिछड़िएका जातिका संस्कृतिको वारेमा खोज गर्ने र तिनको संरक्षण र परिस्कारकालागि सम्वन्धित निकायलाई सुझाव वा सल्लाह दिने जस्ता महत्वपूर्ण दायित्व वहन गर्नु पर्ने वेला आएको छ। प्रस्तुत लेख पनि त्यही दायित्व वहनको क्रममा नेपालका पिछड़िएका थारु जातिको परिचय र तिनका संस्कृतिको मोटा-मोटी चिनारी दिने उद्देश्यले तयार पारिएको छ। यस लेखमा थारु जातिको साधारण परिचय र तिनका साँस्कृतिक जीवनका केही झल्का दिनु लेखकको मूल प्रयत्न रहने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.१. थारु जाति को हुन् ?

थारूजातिको उत्पत्ति र यिनीहरुको सस्कृतिको मौलिकताको वारेमा धेरैजसो भ्रान्तिमूलक विचार-हरू व्यक्त भएको पाइन्छ। मनु, पतंजली, वायु पुराण तथा अन्य आर्य ग्रन्थ एवं कौटिल्यको भनाइ अनुसार थारू जातिको गणना भारतीय अमीर जातीसंग गरिएको पाइन्छ । उता कुनै कुनै विद्वानले थारु कुनै विशेष जातिमूलवाट उत्पन्न वेगल जाति नभएर विभिन्न जातिको संमिश्रणवाट उत्पन्न मिस्कट (ठिम्मर) जातिको रूपमा वर्णन गरको पाइन्छ । तर यो किटानी कुनै खास आधार वेगर भएकाले यिनमा मन-गढ़न्ते तर्क सिवाय अरू केही नपाउनु स्वभाविकै हो।

थारू जातिको सम्वन्धमा इतिहास शिरोमणि वावूराम आचार्यजीको विचार विशेष उल्लेखनीय ठहर्छ। इतिहास शिरोमणिको ठनाइमा कुचविहारका राजवंशीसंग कुविला थारु जातिको सम्वन्ध रहेको छ। दंगोलिया थारु दाङका आदिवासी हुन् र यिनै दंगोलिया थारुहरू पछि वसाईं सर्दै कैलालीसम्म पुगेका हुन् भन्ने वावूराम आचार्यको कुरा धेरै विश्वासप्रद देखिन्छ। कन्चनपुरमा राणा थारुहरु छन्। ती राणा थारुहरुको त्यसवेलाको चलन वड़ो गजवको छ । तिनीहरुको अरु कुनै थारुसंग सम्वन्ध छैन। विवाहवारी पनि चल्दैन। ती अरू जातिको जग्गा पनि कमाउँदैनन् । यिनीहरू एउटा गजवको कुरा के गर्छन् भने हामीहरु महाभारतवाट लखेटिएर आएका हौं । यिनीहरुका स्वास्नी आफूलाई गोपिनी हौं भन्दछन् । यिनीहरू दूध खांदैनन् । दूध किन नखाएको भनी सोद्धा यिनीहरु वाछाको मुख धोईदिनु पर्छ त्यसैले नखाएको भन्दछन् । मोरंगका धिमाल थारुको भाषा लिम्वूको भाषासंग ठ्याम्मै मिल्छ। यिनीहरुको रुप-रंग किराँत जस्तो छ। यसै आधारमा केही विद्वानहरु यिनीहरुलाई मंगोल ठान्दछन्।

जेहोस् थारुजाति नेपालका आदिवासी हुन् भन्ने कुरामा दुई मत हुन सक्दैन । यिनीहरु भारतवाट भागी आएपछि नेपालको तराई भागका जंगलमा पसे। यस अघिको यिनीहरुको आदिथलो भारतको राजस्थान हो भनिन्छ। यदि यही कुरालाई मान्ने हो भने हाम्रा अघि केही प्रश्न चिह्न उभिन्छन्—कुन समयमा थारुहरू नेपालको जंगलमा प्रवेश गरे औ किन ?

वास्तवमा यिनीहरू मुसलमानहरुको निरन्तर आक्रमणवाट त्रस्त भएर राजस्थानवाट भागी नेपाल-को जंगलभित्र पसेका हुन् भन्ने अनुमान गरिन्छ । महम्मूद गजनीको सत्रहौं चोटीको आक्रमणको समय भारतवर्षको इतिहासमा निकै दर्दनाक काल थियो । उत्तर भारतको यस ऐतिहासिक अन्धकार वेलामा यिनी-हरूले लगभग १०० वर्ष सम्म घाघराको दोभानमा विशाल कृषि उद्योग फैलाएका थिए । तर यी किसान थारुहरूलाई सोमवंशीहरूले आफ्नो अधिन गरी यिनीहरुको स्वतंत्रताको अपहरण गरे । त्यसवेला सोमवंशीहरुले श्रावस्तीलाई आफ्नो राजधानी वनाएको अनुमान गरिन्छ । त्यसैवेला थारुहरु राप्ती र घाघराको पठारमा कृषि उद्योगमा लागेका थिए । महम्मूद गजनीको आक्रमण भन्दा पूर्व नै यिनीहरु राजस्थानवाट आएर हिमालयको तल्लोभागमा जसलाई थरभाग भनिन्छ वसोवासगरे जस्को परिणाम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप यिनीहरुको नामकरण थारु भयो ।

यिनीहरू राजस्थानवाट मुसलमानहरुको निरन्तर आक्रमणवाट त्रस्त भएर नेपालको जंगल भित्र प्रवेश गरे र भारतवाट आएका क्षत्राणीहरूसँग वैवाहिक सम्वन्ध कायम गरे । उनीहरुसँग विहावारीको रिश्ता जोड़ी राजस्थानको क्षेत्रिय वंशको रीतिरिवाज अपनाए । विवाहमा वेउलाको हातमा तलवार, टाउकोमा पगड़ी (मुरेठा) र यिनीहरुको स्वास्नीको राजस्थानी पोशाक यी सवै ज्वलन्त उदाहरण हुन् जसको सम्वन्धमा अन्वेषण पछि नै भन्न सकिन्छ कि यिनीहरू आर्य हुन् या मंगोल । वास्तवमा थारुजाति आर्यवंशी नै हुन् र क्षत्रियको संमिश्रणवाट नै यो जातिको उत्पत्ति भएकोहो ।

१-२. *राजस्थानका निवासी र थारूजातिमा समान्ता :—*

राजस्थानका निवासी र थारूजातिमा निम्नलिखित समानताहरू पाइन्छन् :—

(क) राजस्थानका निवासीमा झैं थारुजातिमा पनि असाध्य गर्मी खप्ने शक्ति हुन्छ । त्यसैले नेपालमा यसलाई औलो नलाग्ने जाति भनिन्छ ।

(ख) मेवाड़मा झैं यिनीहरूको घरमा चर्खा चलाउने परम्परा थियो जुनकि गत दसवर्ष भन्दा पूर्व नै समाप्त भयो । राती अथवा आरामको वखतमा घरका आई-माईहरू चर्खा चलाउँदै नानीहरूलाई राम्रो-राम्रो गीत सुनाउँने गर्थे । चर्खावाट तयार भएको धागोवाट कपड़ा बुनेर यिनका आइ-माइहरू राजस्थानीय घघरा वनाउँथे जसलाई थारुहरू 'कप्पा' भन्छन् । यिनको घघरा दुरुस्त राजस्थानी पोशाक सँग मिल्छ ।

(ग) राणा थारु र दोनवार थारुको विवाहमा चौंथीको प्रथा छ जुन प्रथा अहिले पनि मेवाड़मा प्रचलितै छ ।

(घ) राजस्थानको प्राचीन प्रथाझैं थारु जातिमा चार प्रकारको विवाहको प्रथाछ —'कौश्करीद' डोला, उड़री र बदला विवाह जसलाई यिनीहरू गोलट विवाह भन्दछन् । तर काल र परिस्थिति अनुसार थेरथोर परिवर्त्तन जरूर भएको छ ।

१-३. *धर्म र शिक्षा :—*

यिनीहरूकहाँ हिन्दूका सवै पर्वहरु उस्तै किसिमले सम्पन्न गरिन्छ जस्तो अन्य हिन्दूहरू गर्छन् । थारुहरूको पुरोहित वाहुन नै हुन्छन् र उनीहरू नै समस्त संस्कार गराउँछन् । यिनीहरू दुर्गा र शिवको उपासक हुन्छन् र वौद्धमतानुसार तंत्रमा पनि विश्वास गर्छन् । वौद्धमतवाट प्रभावित भएकाले नै यिनीहरू सोझा भएका हुन् । यिनीहरू सूर्यको उपासना पनि गर्छन् । प्राय: सवै थारु परिवारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँगनमा रक्षकको रूपमा हनुमानजीको ध्वजा रहन्छ जस्को पूजा प्रत्येक मंगलवारको गरिन्छ ।

शिक्षा :—शिक्षाको क्षेत्रमा पनि यो जाति पिछड़िएकै छ । जति सुकै जनसंख्या भए पनि थारु क्षेत्रका विद्यालयहरुमा प्राय: छात्र छात्राहरुको अभाव नै देखिन्छ । तर हाल यस क्षेत्रमा केही विकास भैरहेको देखिन्छ र यसजातिको शैक्षणिक एवं बौद्धिक विकासको निम्ति २०३५-४-१९ मा त्रिभुवन विश्वविद्यालयले थारु आदिवासीका लागि प्रदान गरिने छात्रवृत्ति सम्बन्धी गरेको निर्णय एवं वर्त्तमान सरकारको प्रयास अतिनै सराहनीय छ —

१.४. *यिनीहरूको किसिम* :—

यी जाति अनेक श्रेणीमा विभाजित छन् जुन यसप्रकार छ:- -राजवंशी, चौहान, मोरंगिया, कुचिला, लम्बुका, राणा थारु, वहरवार, विश्वास, योगी, कवर योगी, खगर, चित्तौनिया, नवलपुरहा, तवेद्दार, खाँन, द्रोण, खवशिया, कटरिया, दोनवार आदि ।

१-५. *यो जातिको सम्बन्धमा अन्य विशेष कुरा* :—

(क) यस जातिका स्त्रीहरु विशेष सूरवीर र पराक्रमी देखिन्छन् । स्त्रीको तुलनामा पुरुषहरु ज्यादा सहनशील र सोझा देखिन्छन् । सम्भवत: बौद्ध विचारले प्रभावित भएर यिनमा यस्तो विशेषताको विकास भएको हो । जे होस् स्त्रीहरूको यो प्रवन्ध कुशलताबाट आदि कालमा यो जातिमा मातृ सत्तात्मक व्यवस्था भएको अनुमान गर्न सकिन्छ ।

(ख) सप्तरी जिल्लामा वसोवास गर्ने थारूहरू मुख्यत: दुई श्रेणीमा विभाजित छन्----महरखिया र कलियाहा । कलियाहा थारूहरू सुँगुर पनि खान्थे तर महरखिया थारू भने सुँगुरलाई छुन सम्म आपत्ति मान्छन् । यस जातिका वुढ़ापाकाहरूको भनाइ अनुसार यिनीहरूले मुसलमानहरूको डरले सुँगुर पालन थालेका हुन् । पछि आफूले पाल्ने जानवरलाई खान पनि लागेका हुन् । स्त्रीहरुले आफ्नो सतित्वको रक्षाकालागि कालोदागको फूल बनाई हात र खुट्टा खोप्ने गर्थे तर यो चलन गत वीश वर्ष देखि छैन ।

(ग) थारुहरू झुमरा नृत्य नाँच्छन् । यस नृत्यमा झ्याली, झ्याम्टा र विशेष प्रकारको मृदङ्ग वाजा वजाइन्छ । यिनीहरू जोकरलाई 'विपातर' भन्छन्।

(घ) यस जातिमा भाइ वहिनीको एउटा विशेष पर्व हुन्छ । यस पर्वलाई जित्तिया भनिन्छ । यस पर्वमा उपवास वसिन्छ । उपवासको एक दिन पहिलोको रातामा 'ओधघन' नामको विशेष खाना वनाई उपवास वस्नेलाई खुवाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) थारु स्त्रीहरू महादेवी गीत गाउन उत्सुक हुन्छन् । दशैंमा दुर्गाको मूर्ति बनाएको ठाउँमा बेलुका सबै स्त्री भेला भएर दुर्गाको स्तुति गर्छन् ।

(च) क्षेत्री जातिको विवाहमा जसरी लड़ाइ उपरान्त सम्पन्न हुने चलन थियो त्यस्तै चलन थारु जातिमा थियो भन्न सकिने आधारहरु छन् । जस्तो थारु जातिको विवाह हुनु पहिले बेहुला पक्ष बेहुली पक्षको आँगनमा पुगी शौर्य प्रदर्शनको रुपमा देखावटी युद्धको अभिनय गर्दछन् । विवाहमा दुलाहा 'हौंसली' नामको चाँदीको मोटो आभूषण लगाउँछन् । भनिन्छ मुसलमानको अत्याचारबाट आतंकित थारु शत्रुको तलवारको प्रहारबाट घाटीको रक्षाकालागि आफ्ना दुलाहालाई पहिराइदिने चलनले यो आभूषण प्रचलनमा आएको हो । यो आभूषण पुरुषले विवाहको समयमा मात्र लगाउँछन् तर आईमाईहरू सँधैं लगाउँछन् ।

(छ) थारुहरू ज्यादै इमानी हुन्छन् । उनीहरू जमानीको यति पक्का हुन्छन् कि एक पटक बोले पछि फरक पार्दैनन् । त्यसैले आजको छल प्रपंचको युगमा उनीहरूलाई 'एक बोलीको जात' भनिन्छ ।

(ज) यिनीहरू असाध्य मेहनती हुन्छन् । चर्को घाम र भयंकर वर्षामा काम गर्न मन पराउँने यो जाति कुनै होटलमा भान्से र बेराको काम गर्न मन पराउदैनन् ।

१-६. *निष्कर्ष.*- थारूहरुको मेहनती तर सोझोपनलाई आधार बनाएर धेरै चलाक मानिसहरुले यिनीहरूको जीवनलाई आफ्ना आम्दानी वढाउने श्रोत ठानेकाछन् । एकातिर यिनीहरूको भाषा र संकृतिको संरक्षण छैन भने सामाजिक र राजनैतिक रुपमा पनि यिनीहरू प्रायः असुरक्षित छन् । आदिवासीको बेवास्ताप्रति सरकार र बौद्धिक समुदाय उदासीन रहेमा त्यसको परिणाम ऋणात्मक हुन सक्छ । हुन त यस विषयमा यता आएर श्री ५ को सरकारले मिलाएका प्रवन्धहरू महत्वपूर्ण नै देखिन्छन् । तथापि यो जातिको आर्थिक, राजनैतिक र सामाजिक हितको लागि दीर्घकालीन योजना बनाई लागु गर्न सरकार प्रयत्नशील रहनु अति आवश्यक देखिन्छ ।

सन्दर्भ सामग्री

१ नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर--बाबुराम आचार्य र उहांको कृति
२ गौतम-शेखर सिंह-हिम वर्ष और नेपाल



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कानून विषयको उद्घाटनको क्रममा भू. पू. शिक्षामंत्री श्री जोगमेहर श्रेष्ठज्यू, भू. पू. उपकुलपति श्री सूर्य बहादुर शाक्यज्यू तथा कानून अध्ययन संस्थानका डीन श्री ध्रुववरसिंह थापाज्यूहरुका बीचमा क्याम्पस का शिक्षकहरु (२०३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्याम्पसका शिक्षक वर्ग (२०३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकवि देवकोटाका रचनामा हास्य व्यंग्य

—योगीश खरेल

स्नातक तह

क. अद्वितीय प्रतिभाका धनी महाकवि देवकोटामा, महापण्डित राहुल, पन्त, प्रसाद र 'निराला' तीनैको गुण भेट्छन् । देवकोटाको बारेमा लेख्न बस्दा डा. त्रिपाठी "कहाँबाट शुरु गरूँ, कहाँ खतम गरूँ" भनेर अन्योलमा पर्छन् । साहित्यको सबै जसो विधामा कलम चलाउने देवकोटालाई चूडामणि 'बन्धु' एक्लै नेपाली साहित्य मान्दछन् । हुन पनि देवकोटाले के लेखेनन् र ? उनका रचनाले नेपालीको आँखामा अश्रुकण पनि झिलमिल्याइदिए अनि कहिले खितिति हँसाए । आज पनि रुवाउँछन्, हँसाउँछन् । भोलि पनि रुवाउलान् हँसाउलान् । उनको जीवन प्रयोग प्रयोग मै बिते पनि ती प्रयोग आधुनिक नेपाली साहित्यमा नाइके सिद्ध भए । ती विभिन्न नाइके मध्ये एउटा नाइके हो–'हास्य र व्यंग्यको प्रयोग ।

हुन त देवकोटा भन्दा अघिका र समकालीन साहित्यकारहरुले हास्य र व्यंग्यको छिटपुट प्रयोग गरेका छन् । तर नेपाली साहित्यमा विभिन्न साहित्यिक रचनाहरुसंग मिश्रित रूपमा हास्य–व्यंग्यको व्यापक प्रयोग गर्ने महान् व्यक्ति महाकवि देवकोटा नै हुन् ।[1] हुन पनि महाकवि देवकोटाले अन्तर्विरोध, विसंगति र अन्य कमजोरीहरुको झांको झार्दै विभिन्न विधाको माध्यमले हास्यमधु चटाएका छन्; व्यंग्य बजारेका छन् । समय समयमा अंग्रेजहरुले हास्य व्यंग्यकारको रूपमा देवकोटालाई चिनाउने प्रयत्न गर्दै आएकाछन् । तैपनि देवकोटाका अन्य विशेषताहरुको दांजोमा यसको अध्ययन थोरै गरिएको छ । नेपाली साहित्यमा व्यंग्यरचनाहरुको कमी नै यसको कारण हुन सक्छ ।

देवकोटा सर्वप्रथम कवि हुन् अनि निवन्धकार र त्यस पछि हुन् कथाकार । सोही क्रमानुसार उनका रचनामा हास्य र व्यंग्यको अध्ययन गरिने छ । तर त्यस भन्दा अघि हास्य व्यंग्यकार बारे सानो चर्चा गर्नु अनुचित होला त ?

ख हाँसो भनेको जन्म देखि सिकेर आउने कुरा; एउटा प्राकृतिक गुण । एक वर्षको बच्चालाई 'धित्तिरी' भनेर ओठ छोईदिँदा कति प्रिय हाँसो हाँसिदिन्छ । तर एउटा अधवैंसेलाई 'धित्तिरी' भन्यो भने, जिस्कयायो भनेर ठटाउँन बेर मान्दैन । त्यसैले महाकवि देवकोटा लेख्छन्" हाम्रो हाँसो परिवर्तनको चैतन्य संग रहेछ ।" 2

1. *नरेन्द्रराज पौड्ेल-मघुपर्क वर्ष १० अंक ११*
2. *हास्यरस, लक्ष्मी निबन्ध संग्रह*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाँसो–मानिसको प्राकृतिक गुणबाट, साहित्य कसरी निरपेक्ष रहन सक्छ र ! हास्यले नवरस मध्ये एउटा स्थान ओगटेको छ । विभिन्न लेखकहरू हास्यलाई के भन्दारहेछन् त, त्यो विचार गरौं । महाकवि लेख्छन् "हास्य रस त्यहाँ निक्लन्छ, जहाँ स्वाभाविक तथा आदती रूप रंग ढंगको अभावले हाम्रो विरोधको चैतन्यलाई कुतकुत्याउँछ ।" 3 लगभग यस्तै अर्थ दिने विचार छ मोहन राज शर्माको "हास्य त्यस्तो वृत्ति हो जसले प्रसन्नतालाई त जनाउंछ तर स्वयं चाहिं विकृतिजन्य हुन्छ । किनभने यो मानवीय त्रुटि, दोष, अभाव र असफलताको विशेषक हुन्छ ।"4

उता पट्टि व्यंग्यलाई हामी खास किसिमको प्रस्तुतिकरण मान्दछौं । मोहन राज शर्मा 'मानवीय दुर्दलताको लेख्नो काढ्नु व्यंग्य हो भन्छन् भने डा. त्रिपाठीको विचार अनुसार "कुरा सिधा भनिनु वाच्यार्थभए घुमाई फिराई सूक्ष्म तरीकाले, अझ सशक्त ढंगले त्यही कुरालाई झल्काउनु व्यंग्य हो ।"5

माथि उल्लेखित हास्य र व्यंग्य सम्वन्धी विचारहरुले, यी दुई वीचको फरक केही हद सम्म झल्काएका छन् । स्पष्ट छ–हास्य भुँडीमा लगाइने काउकुति हो भने व्यंग्य पेटका किरा मार्ने ओखति हो । हास्य सतही हुन्छ, व्यंग्य गहिरो । मोहन राज शर्माले भने जस्तो हास्य सँधै कामद हुन्छ र व्यंग्य कामद र त्रासद दुवै हुन सक्छ । व्यंग्य गहन हुने भएकोले, हास्यभन्दा यसको स्थान माथि हुन्छ । हास्यको महत्व छँदै छैन भन्न खोजिएको होइन, वरु हास्यले तितो ओखतिमा महको काम गर्न सक्छ ।

माथि पनि भाव प्रकट गरिसकिएको छ । व्यंग्यको भन्दा हास्यको स्थान गौण हुन्छ किनभने व्यंग्य रचनाले समाजलाई कुवाटो लाग्नु बाट बचाउँछ । त्यसैले अब व्यंग्यकार बारे कुराकानि गरौं । भारतका शीर्षस्थ व्यंग्यकार हरिशंकर परसाई लेख्छन् "विसंगतिहरुले जेलिएको व्यक्ति, आज प्रश्नको जरोमा पुग्न चाहन्छ । व्यंग्य लेखक उसको सहयात्री हुन्छ ।"6 साँच्चिनै व्यंग्य रचनाको जीवनसंग सोझो सम्पर्क हुन्छ । त्यसकारण पाठकलाई लाग्छ 'यो मलाई नै भनिएको हो ।' जुन रचनाले कसैलाई मात्र घोच्छ –त्यो आक्षेप हो, व्यंग्य होइन । किनभने अरुको निम्ति उक्त रचना मूल्यहीन हुन्छ । कसै माथि गरिएको व्यंग्य भन्दा केहीलाई मर्म पार्ने व्यंग्य रचना सशक्त हुन्छ । यदि कुनै व्यंग्य रचनाले सम्पूर्णलाइ नै घोंच्छ भने त्यो रचना श्रेष्ठतम रचना हो । त्यसर्थ एउटा व्यंग्यकारको व्यक्ति र जनजीवनको प्रत्येक परिस्थितिसँग अटूट सम्वन्ध रहन्छ र तीं परिस्थितिहरुको सर्वेक्षण गर्छ अनि ती प्रति व्यंग्य गर्दै आफ्नो वाटो तताउँछ । यसको अर्थ यही भयो– एउटा संवेदनशील एवं कोमल व्यक्ति नै सफल व्यंग्यकार हुन सक्छ ।

यस गन्थनको उद्देश्य हास्य र व्यंग्यको परिचय दिनुको साथै, माना पाथी तयार गर्नु हो । अव,

4. रचना, समालोचनांक
5. " "
6. सारिका, वर्ष १७ अंक २११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हास्य व्यंग्यलाई विधा मानेर होइन, तत्व मानेर महाकवि देवकोटाका रचनाहरुको अध्ययन गरौं ।

ग : १ महाकवि देवकोटाका कवितामा हास्य व्यंग्य :–

साहित्यको सर्वाधिक प्रचलित एवं सशक्त विधा हो–कविता। ठूला भाव पनि सानो रुपमा व्यक्त गर्न सकिन्छ, कविताको माध्यमले। महाकवि देवकोटाले समाजमा रहेका झुट्टा आवरणहरु, विकृतिहरु, दुष्प्रवृतिहरु र अन्तर्विरोधहरुलाई नङ्ग्याउँन यस विधाको प्रशस्त सहारा लिएका छन् ।

देवकोटाको व्यंग्य कविता भन्ना साथ पागल कविता मानसमा वलिन्छ । यो कविता लेख्नु अघि एउटा कटु वातावरण जन्मेको थियो ।[7] यस कविताको वारेमा जगदीश धीमिरे लेख्छन् "देवकोटाको पागल कविता सम्भवत: नेपाली साहित्यको थोरै तर सर्वोत्कृष्ट उपलब्धिहरु मध्ये एक हो ।[8] एउटा भावुक, रोमाण्टिक, प्रकृतिवादी, मानवतावादी कविलाई दिएको उपाधि 'पागल' स्वीकार्दै भन्दछन्–

जरुर साथी ! म पागल
यरतै छ मेरो हाल ।

(पागल)

टोलाएर बस्ने, एक्लै गुनगुनाउने, फत्फताउने, माघको ठंडीमा पनि तारा संग कुराकानी गर्ने देवकोटालाई समाजले पागल नभने के भनोस ? वसन्तको पहिलो कोकिल सुनेर नाच्ने मानिसलाई, मुटुलाइ अर्थशास्त्र कै अर्धांगिनी मान्ने समाजले वहुलट्ठी भन्नु अचम्म होइन। उनले चाहे जस्तो समाज भएन, समाजले वहुलठ्ठी भन्नु अचम्म होइन । उनले चाहे जस्तो उनी भएनन् । दुवै एक अर्काको निम्ति अयोग्य थिए । अंत, हृदयलाई प्राधान्य दिइएको यस कवितालाई वंशी श्रेष्ठ शैलीको "The mark of Anarchy" संग दाँज्छन् । महाकवि देवकोटाको यस कवितामा (पागल) विद्रोह मात्रै होइन व्यंग्य पनि छ; करुण व्यंग्य एउटा उदाहरण—

म अन्धालाई दुनियाँको अगुवा देख्छु
गुफा तपस्वीलाई भगुवा देख्छु
मिथ्याको मन्च चढेकालाई काला नटुवा देख्छु,
जालीलाई सफल देख्छु, साधुलाई विफल देख्छु
प्रगतिलाई अगति देख्छु,

(पागल)

यस्तै, प्रखर व्यंग्यहानिएको कविता छ–साँढे । किसानहरुले पसिना र रगतले सिंचेको वालीनाली

---

7. *महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना –जनक लाल शर्मा पढ्नु होस् ।*

8. देवकोटा *विशेषांक-रचना*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रातभरि खाई, दिन भरि ढलिमलि गर्दै हिंड़ने साँढे संग राणा परिवारलाइ दाँज्छन् । लो हेर्नु स न, महाकविको साँढे कसरी डुक्रँदोछ, अहिले पनि—

हेर ठिटा हो !
सुन जङ्गलको कानून
जसको सिंग छ उसकी स्वास्नी
ब्रह्मचारी मुड्लो
जसले हाँक्यो, उसको पाक्यो
काँतरको हक थाक्यो

(साँढे कविताको यो अंश छ्याकन वाट लिइएको हो । तर लक्ष्मी कविता संग्रहमा यो छैन लक्ष्मी कविता संग्रहको साँढे र छ्यकनको साँढेमा फरक हुनुले केही संकेत गर्छ कि !) यसै गरी "जिउनु छ साथी जिलाउनु छ साथी"मा पनि तत्कालीन शासकलाइ भूतकालका भूलहरु मान्दै, समाजको चित्रण यसरी गर्छन् —

खडवड, खडवड, गडवड, सडकमा
कानो ड्राइवर
घच घच थर्थर, जर्जर मोटर
दम खुस्केको ढलौ पाङ्ग्रो
निचिने गरीव
यही हो हाम्रो नसीव

अझै पनि सामयिकता ननासिऐको यस कवितामा, राणा शासकलाई कानो ड्राइवर मानिएको छ। महाकवि देवकोटाले एका पटि, प्रखर व्यंग्य चेतना व्यापक रुपमा व्यक्त गरिएका, 'पागल' साँढे, 'जिउनु छ साथी जिलाउनु छ साथी, दाल भात डुकु जस्ता कविता लेखेका छन् भने उता पट्टि हास्य प्रधान मनोरंजन पनि गरेका छन् । अस्वस्थ अवस्थामा पनि यस्तो विनोदी पाराका कविता रचेको देख्दा , चेखोवको सम्झना आउँछ । किनभने अन्तोन चेखव "वाहिर जत्ति सुकै हँसमुख देखिएपनि र आफ्ना रचनाहरुमा जत्ति सुकै हास्य प्रस्तुत गरे पनि भित्र आत्मैदेखि वियोलिएका थिए र व्यथित थिए"[9] हाम्रा देवकोटा पनि त्यस्तै थिए । खांई, कुन चाहिले हो भन्या पनि छन् देवकोटाको वारेमा 'दुखले विदीर्ण मुटु भए पनि, ओठमा जवरजस्ति हाँसो निकाल्छन् ।' आफै मात्र हाँस्ने होइन हामीलाई पनि अश्रु हाँस, व्यंग्य चित्र , गिज्यौली, ढोलकी, उत्ताउली, पानी हाँसो आदि मार्फत हँसाउछन् ।

9 तारा शर्मा, पश्चिमका केही महान् साहित्यकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवकोटा परंपराप्रिय थिए तर परंपरावादी कट्टरपन्थी र अन्धविश्वासी थिएनन्। व्यंग्यकार परिवर्तन चाहन्छ—रुढीगत संस्कार, अन्धविश्वास, कुरीतिहरुलाई समाजवाट उखेल्न चाहन्छ। वकरवावा, शठ पण्डित कविता त्यस्तै खाले रचना हुन्। हेर्नुस न शठ पण्डितलाई कसरी उडाएका छन्, उनले—

"चारै वेद छ अध रगेडा
अर्थ विनाको शव्द जगेडा
विधिले वारी धर्म भकारी
पार लगाउँछन् आफ्ना वेडा"

(शठ पण्डित)

के देवकोटालाई रीति छाढा भन्न थाल्नु भएको ? माफ गर्नुस्, उनी त्यस्ता छैनन्। नपत्याए हेर्नुस् त उनी नयाँ जमानालाई के भन्दैछन्

'भिरे मर्दले आज चोली रंगीन
विना पाइजामा जनाना रहीन
भयो, भात र दाल रे कुत्ति खाना
वने आज अंलेट पुडिङ केक खाना'

(नयाँ जमाना)

अव के देवकोटालाई कट्टरपन्थी भन्न हुन्छ त ? व्यंग्यकार त जीव नै "जो देखे सो लेखें" भन्ने खालका हुन्छन्। हेर्नुस् न प्रजातन्त्रको खोक्राइ देखेर भन्छन्।

'नवावी रवाफी छ नेता
विलासी गिलाँसी सवासी विजेता
प्रजातन्त्रको ढ्वाँग रित्तो करायो
अनौठो जमाना नयाँ आज आयो'

(नयाँ जमाना)

यसै गरी वनावटीपनको धज्जी उडाउंदै नयाँ पिढ़ीलाई छ्यास्न डराउँदैनन् :—

म नेपाली घृणा गर्छु, पढ़ी अंग्रेजी नै वोल
म लेखक बन्छु इंगलिसमा कोरमेट धेर पानाको

(नयाँ भलादमी)

महाकवि देवकोटाले तीक्षण व्यंग्य कसेका कविता पनि लेखे अनि कतिपय ठाउँमा व्यंग्यको स्थान गौण हुने गरी हास्य सृजना गरे पनि। तिगडम तिख्खरो छ। लाटोको तिर्सना खल्लो छ। पानी जस्तो तर हाँसोको तिर्खा भने यसले पनि मेट्छ। खड़किने कुरा छ भने, लाटो हुनु मानिसको प्राकृतिक गुण हो;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैयक्तिक कमजोरी होइन । अन्धो लड़ेको देखेर हाँस्नु, लंगडोको हिंडाई देखेर निक्लेको हाँसो श्लील हुन्छ त ? यस्तै व्यक्ति विशेषलाई लक्ष्याएर लेखेको कविता छ—"भूतलाइ झटारो" विश्वमणिको ठाउंमा देवकोटा "विश्वहिरा" को प्रयोग गर्छन् र शुक्रकिरा भनेर घृणा व्यक्त गर्छन् । आक्षेप भए पनि नेपाली भाषा टिक्दैन भनेर आफ्नो जिब्रोबाट मातृका बोल्नेहरूलाई टुटिल्को भने उठाउँछ । आक्षेपको स्तरमा उत्रे पछि व्यंग्यकार बर्सातको च्याउ हुन सक्छ । अर्को उदाहरण लिऔं देवकोटाका समकालीन साहित्यकारहरूको शब्द कार्टून । कुनै कविको बोल्ने क्षमता, कुनै नाटककारको माकुरोको जाल जस्तो रचना प्रति व्यंग्य गर्न खोजेका छन् । व्यक्तिगत आनिबानीलाई लिएर लेखिएका यस्ता रचनामा सस्तो गन्धआउँछ । लाग्छ—पागल, साँढे आदि लेख्ने देवकोटा र यी देवकोटा बेग्ला बेग्लै हुन् ।

यति हुंदाहुंदै पनि मान्न कर लाग्छ—आफ्ना हास्य र व्यंग्य प्रधान कवितालाई मनोरञ्जनमै सीमित नराखेर सत्य उजेल्ल्याउँन शक्ति दिएका छन् ।

ग : २ देवकोटाका *निबन्धमा हास्य र व्यंग्य* :—बहुमुखी प्रतिभा सम्पन्न महाकवि देवकोटाको गति दुवैमा छ—पद्यमा पनि गद्यमा पनि । संभवतः पद्यमा नै उनको गति तीव्रतर थियो र गद्य क्षेत्र पट्टि निबन्धमा नै देवकोटा सबै भन्दा बढी सफल देखिन्छन् । ती निबन्धका विशेषताहरू केलाउँदै जाने हो भने, एउटा विशेपता यो पनि पाउँछौं—व्यंग्य । हुन त आधुनिक निबन्धका विशेषताहरू मध्य व्यंग्य पनि एक हो । "यस विशेषता माथि देवकोटाको थप विशेपता हो—गुरु गम्भीर विषय समातेर पनि व्यंग्य विनोदलाई संगसंगै लैजान सक्नु ।"[10] लौ हेर्नुस ! श्री गणेशाय नमःमानै दनक दिने काम आरम्भ गरिसकेका छन्—

"म नै तीन मासाको छैन. तीन तोलाको अंलकारले के भनुं ? भ मै जस्तो छु; अरूजस्तो छैन । मैले आफ्नो व्यक्तित्व प्रदर्शन गर्न खुर्सानीको माला लगाउनु पर्दैन; प्राकृतिक भावमा चले मेरो सच्चा रूप निक्लिहाल्छ ।" (श्री गणेशाय नमः)

यस निबन्धमा पदचिन्हे बेलबुट्टे साहित्यकारहरूको विचार बानी प्रति प्रहार गरिएको छ। देवकोटालाई आफ्नोपनको औधी मायाँ थियो । नेपाली भाषा प्रति उनको प्रगाढ़ स्नेह थियो । । नत्र उनले भूतलाइ झटारो किन हान्थे र ! आफ्नो मातृभाषाको तुलनामा अंग्रेजीलाई प्राधान्य दिने समाज प्रति इंगित गर्दै भन्दछन्—हाई हाई अंग्रेजी, हुन पनि अंग्रेजी पढे पछि बुद्धि बढ्छभन्नेहरू, जसको वश चल्दो हो त सपना पनि अंग्रेजी मै देख्ने थिए होलान् । सानो टुका पढौं ।

"म सुधार गर्न चाहन्थें, नवयुग ल्याउन चाहन्थें । कस्तो ? जहाँ सारा नेपालीहरू अंग्रेजी बोल्न सकून् !अंग्रेजीमा लेखहरू लेख्न सकून् ।"

(हाई हाई अंग्रेजी)

10 *दश औतार पृष्ठ २३*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवरणलाइ नै सबथोक मान्नेहरू हाम्रो समाजमा प्रशस्त छन्। लुगा हेरेर नै मानिसहरू-को मूल्यांकन गर्नेहरूको लेखा जोखा गरेर के साध्य। भलादमी निबन्धमा, देवकोटा तान्न न सुरको ठस्सालाई निरवृत गर्छन् र भलादमीको परिचय व्यंग्यात्मक पारामा दिन्छन्–

"चित्त शुद्धि भन्दा शरीरशुद्धिको विचार राख्ने पुजारी, भाव भन्दा शब्द याद गर्ने पाठक, मानिसको हित भन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक, मासु खाएर सहभावको कविता लेख्ने कवि, बुझाउन भन्दा हात हल्लाउन जान्ने शिक्षक, गर्न भन्दा बोल्न जान्ने, नोकर अर्काको लेखमा हँस्सी उडाएर आफ्ना कलन सुताउने पाठक-यी सबै एक एक किसिमका, एक से एक भलादमी हुन्।"

(भलादमी)

यस बाहेक कल्पना, कुम्भकर्ण, नेपाली गुण्डो, गधा बुद्धिमान् कि गुरु, मान्छे जादू आदि व्यंग्य चेतनाले परिपूर्ण निबन्ध हुन्। यी सबैको प्रतिनिधि स्वरूप कुम्भकर्णको सानो टुक्रा।

"हामी त्यस्ता राजालाई हरहमेशा प्रशंसा गर्दछौं जो अनायास राज्य सृष्टि गर्छन्, जो झिमिक्क शहर रच्दछन्; जो निमेषमा नामेट पनि गर्न सक्तछन्"

(कुम्भकर्ण)

उत्ता पट्टि देवकोटाले धुम्रपानसित क्षमायाचना, कविराजको च्याङ्ग्रे खच्चर, जुँघा जस्ता हास्य व्यंग्यात्मक निबन्ध पनि लेखेका छन्। लौ यस खण्डको अन्त गर्नु अघि जुँघाको एउटा रौं हेरे कसो होला !

"जुँघा पनि थरी थरीका हुन्छन्, कोही जुँघा धोप्टा हुन्छन् मानो जूवाको खालमा सब कौडी धोप्टिएर चौका परेको हो। धोप्टे जुँघेहरूमा उत्साह कम हुन्छ, उनीहरू शायद जे भने पनि मान्छन् र 'जी हाँ हजूर' किसिमका पुरुष हुन्छन्; मर्दको नूर नै गिरे जस्तो देखिन्छ। एक एक जुँघामा एक-एक व्यक्तित्व छ र म ओठ नचले पनि जुँघा देख्दै मानिसको चरित्र बुझि हाल्छु। तर असल-असल भोटेहरूले भने मेरो मनोवैज्ञानिक परीक्षालाई नस हालि दिन्छन्।" (जुघा)

ग : ३. देवकोटाका कथामा हास्य र व्यंग्य :—

महाकवि देवकोटा मूलतः कवि भएकोले उनका कथाहरूमा कविताको सरसता हुनु स्वाभाविक हो। तर पनि उनको कथामा हास्यको मधुरता र व्यंग्यको प्रखरता हामी पाउँछौं।

जुन कुरा उनले कविता, निबन्धमा व्यक्त गरिसकेका छन्, तिनै कुरा उनका कथामा पनि पाउँन सक्छौं। यस अर्थमा विचार दोहरिएको भन्न पनि मिल्न सक्छ। उनको कथा अध्ययनको क्रममा सबै भन्दा पहिले मेम साहेबलाई नै हेरौं। यो कथाका बाबु साहेब छोरालाई अंग्रेजी नपढाउँने, पशुपतिको चन्दन नलगाई नहिंड्ने किन भए ? प्रियान मेम साहेबको दाहिने हात चुम्दा, बाबु साहेबको ओठ गालामा मात्र होइन, नाकमा समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खालका वाबू साहेवहरूको नाकमा कालो लगाइदिएर देवकोटाले गजबको व्यंग्य सृजना गरेका छन् । लागेको विवरणले हाँसो त उठाउँछ नै, साथै मेममा लोभिने कालो ("नाकमा कालो" उखान नबिसौं है !)

विवाह-नेपाली समाजको प्रमुख समस्या छँदै छ । अझ पनि नारी जाति मिचिएकै छन् । बिरोध गर्ने शिक्षिता दुश्चरित्रा कहलाउँछन् । ठिक यस्तै पात्रा हो—शिशिली । यही शिशिली जीवन प्रति व्यंग्य गर्छ; दार्शनिक पारामा "जीवन एउटा माखा शिकार ।" यस्तै वैवाहिक समस्यालाई लिएर अर्को कथा लेखिएको छ 'व्यक्तित्व ।' आडम्बरी, दुश्चरीत्र पतित र भ्रष्ट अतीत भएका साँहिलावाजे आफ्नो नपुंसकतालाई ब्रह्मचर्यले ढाँक्न खोज्छन् । त्यस्ता साहिला वाजे चाहन्छन्—उनकी सुवासिनी सच्चरित्रा वनून । हाम्रो समाजका थुप्रै साहिला वाजे प्रति कटाक्ष गरिएको छ—स्वामी भनेर ।

विनोदी पारामा लेखिएको एउटा कथा छ–बङ्गाली बाबू । बंगाली बाबूको कातरता देखेर कसलाई हाँसो नउठ्ला । बंगालीहरू भिरू हृदयी हुन्छन् भन्ने उक्तिलाई पुष्टि गर्छ–यो कथाले । नेपाली हुद्दाले हिन्दी बोलेको सुन्दा कसलाई हाँसो नउठ्ला ?

"हूँ कस्तो कातर जात हैं कि ? हे, हे, हे तर्सिएको वा ! आच्चै सातो पुत्लो निक्लेछ वा ! हे हे हे… … … ! विना सित्तिको स्याल नाथे नाई । हे हे हे… … … हुद्दा हांस्न थाल्यो" हे हे हे बंगाली बाबू मुसे ! वाघ आएका है । खुकुरीका दाह्रा भएका मालूम भएका है न ? हंसले सांस छोड़ेका है ना… … …… … …हो हा ।"

'मन र तन' कथामा कुन्तली र बुढीको चित्रण गरेर सामाजिक विषमता प्रति व्यंग्य गर्छन् । यसै गरी 'अजिमा' कथामा, सहानुभूति सहित अन्धविश्वास प्रति व्यंग्य गरेका छन् । यस्तै सशक्त व्यंग्य कथाहरू हुन्-नपुंसक प्रजा र उपकारको वाटोमा । उपकारको वाटोमा उनी देखाउँछन्

"सब कानून सिपाही, अदालत, पुलिस, तेरा पक्षमा छन् वाबू । अव तँ प्रतिष्ठित भलादमी वनिस् ।"

यसरी कथाको माध्यमले सामाजिक विषमता, अन्तर्विरोध, विसंगति प्रति व्यंग्य गरेका छन ।

घ. विभिन्न विधाको माध्यमले महाकवि देवकोटाले हास्य र व्यंग्यको समुचित प्रयोग गरेका छन् । यहाँ सम्म कि सुनोचना, शाकुन्तल महाकाव्यमा पनि व्यंग्य गर्न चुकेका छैनन् ।

कविता, कथाको तुलनामा निबन्धमा उनको व्यंग्य चेतना अझै प्रखर छ । तर पागल, साँढे, दालभात डुकु आदि कविता भने पूर्ण व्यंगात्मक छन् । यसरी खोज्दै कोट्याउँदै जाने हो भने देवकोटाले जीवन र जगत्का विभिन्न पक्षमा व्यंग्यको माध्यमवाट सामञ्जस्य र समीचीनता खोजेको देखिन्छ । उनका केन्द्री कवितामा सस्तोपना पाइएता पनि, डा० वरालको यो भनाइ स्वीकार्दै लेख सिध्याइन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आधुनिक युगका नेपालका महान् साहित्यस्रष्टा लक्ष्मी प्रसाद देवकोटाले नेपाली साहित्यको जुन स्कन्धलाई छोए पनि महिमोज्ज्वल बनाई दिए।"11

सहोयग लिइएका पुस्तक पत्रिकाहरू :—

(क) लक्ष्मी कविता संग्रह (ख) लक्ष्मी कथा संग्रह (ग) लक्ष्मी निबन्ध संग्रह (घ) छ्याकन (ङ) सयपत्री -भूमिका (च) मधुपर्क वर्ष ११ अंक ६, वर्ष १० अंक ११ (छ) रचना भानु, देवकोटा विशेषांक (ज) रचना-समालोचनांक (झ) सारिका-वर्ष १० अंक २११, (ञ) महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना (ट) भसालबाट-(भूमिका)

11. सयपत्री; भूमिका, पृष्ठ ७६।

शिक्षा दिवस २०३५ को
शुभ-अवसरमा
समस्त शिक्षा प्रेमीमा
शुभकामना
शुभेच्छु:-
सरयूग दास मथुरा प्रसाद
राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो संस्कृतिमा तीजको महत्व

—ज्ञानु अर्याल
प्रमाण–पत्र तह कानून

प्रत्येक देश र जातिको आ-आफ्नो संस्कृति हुन्छ। त्यसै परिप्रेक्ष्यमा नेपालका मानिसहरूको रहनसहन भेषभूषा अनुसार आफ्नै किसिमको संस्कृति छ। नेपाल एउटा हिन्दू राज्य हो; हिन्दू राज्य भाएको हुंदा विभिन्न किसिमका जातिहरू छन्। यहाँ विभिन्न प्रकारका चाडपर्वहरू मनाइन्छन्। ती मनाइने चाडहरू मध्ये तीज पनि एउटा महत्वपूर्ण चाड हो। तीजलाई अर्को शब्दमा 'हरितालिका व्रत' भन्ने चलन पनि छ। हाम्रा घर-घरमा हरितालिकाको महिमाको चर्चा हुन्छ। हाम्रो पौराणिक साहित्यमा यसको चर्चा विशेष रूपले गरिएको छ। धार्मिक मनोवृत्तिले जस्तोसुकै रूप लिएता पनि पौराणिक साहित्यको मुख्य ध्येय सर्वसाधारण जनतामा धर्मलाई व्यावहारिक ढङ्गले लोकप्रिय बनाउँनु हो।

सयौं वर्षको धार्मिक परम्पराले जस्तो सुकै रूप धारण गरेता पनि त्यही कुरामा यो व्रत पनि आधारित भएको हामी देख्दछौं। वास्तवमा भन्ने हो भने तीजलाई व्यवहारिकताको दृष्टिले हेर्दा यसको आदर्श गौरीशंकरको दाम्पत्य-जीवनमा केन्द्रित भएको हामी पाउँदछौं। उहिलेको हाम्रा परिपाटीलाई धोल्नेर हेर्दा खेरि हामी के भेट्टाउँदछौं भने मानव-जीवनलाई चाहिने हरेक कुराको प्रेरणा ईश्वरको जीवन बाटै उपलब्ध हुन सक्छ। लोक परम्परा अनुसार सुन्दै आएका उमा-महेश्वरका दाम्पत्य-जीवनका अलौकिक मधुर मिलनका रोचक कथाहरूले हाम्रा सामाजिक अंग प्रत्यङ्गमा ठूलो प्रभाव परेका छन्। यसकारण मानव समाजको दाम्पत्य जीवनको आदर्शले मानव मनोभावनालाई आकृष्ट गर्न खोजेको देखिन्छ।

भाद्र शुक्ल तृतीयाको दिन यो व्रत बस्ने हाम्रो परम्परा छ। यस कारण तृतीयाबाट यसलाई तीजको नाउँले पुकारिन्छ। यो व्रत सबभन्दा पहिले पार्वतीले महादेवकोलागि गरेकी थिइन्। त्यसकारण हाम्रा घर-बरका नारीहरू पनि भाद्र शुक्ल तृतीयाको दिन हरितालिका वा तीजको नाउँले यो व्रत बस्ने गर्दछन्। यस व्रतलाई प्रत्येक साल हाम्रा कुलाङ्गनाहरू आ-आफ्नो स्थिति अनुसार श्रद्धा एवं भक्तिले युक्त भई पालन गर्दछन्।

यो व्रत साधारणतया सबै हिन्दू नारीहरूले गर्दछन् तापनि नेपालमा विशेष गरेर ब्राह्मण र क्षेत्री जातिका नारीहरूले गर्ने गर्दछन्। तीज खास गरेर विवाहिता नारीहरूले गर्दछन्। यो व्रत गर्नुको मुख्य उद्देश्य नै पतिको आयु लामो होस् अर्थात् आफ्नो सौभाग्य अटल रहोस भन्ने हो। तीजको अघिल्लो दिन हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा दर खाने चलन छ, किनकि पार्वतीले पनि तीजको अघिल्लो दिन राती १२ बजे तिर तिन अंजुली पानी खाएर भोलिपल्ट निराहार व्रत गरेकी थिइन् । त्यसकारण हाम्रो समाजमा पनि तीजको अघिल्लो दिन राती १२ बजे तिर नारीहरूले मीठा-मीठा पक्वान्न एवं मिष्टान्नहरू खाने गर्दछन् । यसैलाई नै दर भनिन्छ । दर खाएको भोलि पल्ट व्रत गर्दछन् । तीजको व्रत गरेको दिनमा बुढ़ापाकाको भनाइ अनुसार पानी सम्म मुखमा हाल्न हुंदैन रे, किनभने त्यो पानी पत्नीले पतिको रगत खाएको जस्तो हुन्छ अर्थात सो व्रतको फल पाइन्न रे ।

छोरीलाई विवाह गरी पठाए पछि आमा बाबुले छोरीलाई र साथै छोरीका सासु समेतलाई तीजको दर पठाउने चलन हाम्रो समाजमा चलिआएको हो; र अद्यापि छदैछ । दर पठाउँदा छोरीका आमा-बाबूले ईज्जत अनुसार लुगा फाटा, गहना र मिठाइँहरू छोरीका घरमा सौगात पठाउने गर्दछन् ।

तीजका दिन विवाहिता नारीहरू प्रायः नदी, नालामा गएर नुहाउने गर्दछन् र साथै नयाँ-नयाँ सारी चोला, पोते, चुरा ईत्यादि लगाउँदछन् । पूजा गर्नको लागि तीजको दिन नारीहरू खास गरेर शिव मन्दिरमा जान्छन् । यस दिंन शिव मन्दिरमा अति नै भीड हुन्छ । सबै नारीहरूले भए सम्म आ-आफ्नो गहना गुरीया, लुगा फाटा लगाएर झरझुट्ट परेका हुन्छन् मानों भर्खखर विवाह भएका नववधू हुन् । पूजा गरिसकेर सबै नारीहरू आ-आफ्ना घरतिर लाग्छन् । घरमा गएर सबै नारीहरूले विधिपूर्वक पूजा गर्दछन् र अखण्ड बत्ती समेत बाल्दछन् । त्यस दिन राती नाच, गान कीर्तन गरेर जाग्राम पनि बस्दछन् ।

मानव जीवनमा सुख-शान्तिको अभिलाषा हुन्छ । व्यवहारिक सुख-शान्ति वास्तवमा हाम्रो पारस्परिक माया ममता, विश्वास भक्ति आदि भावहरूमा आधारित हुन्छ । पतिले पत्नी प्रति र पत्नीले पति प्रति समान आस्था राख्नु, समान आदर्शले हेर्नु जीवन साथी बनाउने जस्ता कुरामा स्त्रीं र पुरुषको परस्परमा आन्मिक चाहना हुनु आदि कुराहरू अवश्य नै दाम्पत्य जीवन र व्यावहारिक सुखका मूल कारण बनेका छन् । तर यस्ता कुराहरूबाट सरल ढङ्गमा अधिकांश जनताहरू लाभान्वित हुन पाउँदैनन् । जसबाट दाम्पत्य-जीवन सुखमय हुन सक्दैन् । यसै कुराको ज्ञान जनसाधारणका हृदयमा धर्मको सरल परिभाषाले बोधगम्य बनाउंन गौरी-शङ्करको दाम्पत्य-जीवनको आदर्शमा हरि-तालिकाको नाउँले यो व्रत गरिन्छ । त्यसकारण तीजको विषयमा चर्चा गर्दा पौराणिक साहित्यको वास्तविक रूप रेखालाई मनन गर्न आवश्यक छ ।

यस व्रतबाट पाईने आदर्श भावनाले अवश्यमेव दाम्पत्य- जीवनका सहभागी हाम्रा नारी समाज लाभान्वित हुनेछन्, यसमा कुनै शका न उठला जस्तो लाग्दछ । यो तीजको व्रत गर्नाले गौरी-शंङ्करको सुखमय दाम्पत्य-जीवनको आदर्श हाम्रो समाजका नर-नारीहरूको दाम्पत्य-जीवनमा पनि प्रेरणा दायक सिद्ध हुन सक्दछ । तसर्थ यस व्रतको महिमा अपरम्पार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजाइ विद्युत

—बद्री प्र. चालिसे
स. क्या. प्र. कानून

कुनै पनि शासन व्यवस्थाको मूल आधार कानून हो। यसको अभावमा राज्यको परिचालन संभव हुदैन। प्रस्ट रूपमा भन्ने हो भने नागरिकहरुको आचरण तथा व्यवहारहरु कानून द्वारा प्रतिस्थापित मान्यता-हरुबाट प्रभावित तथा निर्दिष्ट हुन्छन्। तर बदलिदो समाज संग संगै नागरिकहरुको आवश्यकता तथा मान्यताहरुमा पनि परिवर्तन भै राखेको छ र परिवर्तनको यो क्रम निरन्तर चल्छ भन्ने कुरामा हामी विश्वस्त पनि छौं। त्यसैले सबै शासन व्यवस्थामा कानूनको निर्माण तथा संशोधन अपरिहार्य छ।

मानवका काम तथा व्यवहारहरु जटिल हुनाका साथै असीमित छन्। मानवले गर्ने ती काम व्यव-हारहरुको पूर्व अनुमान विधि निर्माताबाट नहुन पनि सक्छ। यस्तो परिस्थितिमा कतिपय आपत्तिजनक ठानिएका कामक्रियाहरु प्रचलित, कानूनको परिस्थिति भित्र नपर्ने अवस्थामा पुग्छन्। यहाँ आएर कानून व्याख्याको सहायताले ती काम-क्रियाहरुलाई अपराध मानी न्यायिक स्तरबाट निश्चित गरिन्छ तापनि कानून व्याख्याको यो प्रक्रिया सधैं उपयुक्त र स्वीकार योग्य हुदैन भन्ने तथ्य नेपालको संविधानको धारा ११(३) बाट प्रष्ट भएर आउँछ। नेपालको संविधानको यस धाराले कुनै नागरिकको काम क्रिया आपत्तिजनक भएतापनि त्यसलाई जबसम्म प्रचलित कानूनले अपराध भनी तोक्दैन तबसम्म त्यस्तो काम व्यवहार बापत कुनै नागरिक माथि मुद्दा चलाउँन र दण्ड समेत दिन पाइन्न भन्ने स्पष्ट व्यवस्था गरेको छ। न्यायको यो सूत्र प्रायः सबै कानूनी व्यवस्थामा विद्यमान रहेको पाइन्छ। त्यसैले एकातिर विधि निर्माता दूरदर्शी तथा निपुण हुनु आवश्यक छ भने अर्कोतिर आपत्तिजनक कामक्रियालाई कानून-व्याख्याको मद्दतले अपराधको परिधि भित्र पार्नु भन्दा स्पष्ट तथा सरल भाषामा कानूनको निर्माण तथा कानूनको संशोधन गरी त्यसको समुचित व्यवस्था हुनु बढी प्रभावकारी र श्रेय-स्कर हुन्छ। यही पृष्ठभूमिमा साविक विजाइ अपराध तथा वर्तमान कानूनी व्यवस्थामा यसको मान्यता, स्वरूप र आवश्यकता बारे प्रकाश पार्ने प्रयत्न यस लेखमा भएको छ।

साविक विजाइ अपराधलाई खोज्दै जाँदा नेपालको कानूनी परिपाटिमा प्रथम लेखबद्ध कानूनी किता-को रूपमा देखा परेको मुलुकी ऐन १९१० को केही नम्बरहरुमा यसको व्यवस्था भएको पाइन्छ। मुलुकी ऐन १९१० का निम्न कानूनी दफाहरुले विजाइ बारे यस प्रकार चर्चा गरेको छ। "दण्ड कैद गर्नाको" भन्ने शीर्षकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२ नं. मा यस प्रकार लेखिएको छ–"एकैजना झगरीग्राले धेरै पटकको विजायी ग-याको रहेछ भन्या जति विजायी ग-याको रहेछ। उसले ग-याको विजायीका अैन हेरी सवै अैनको ज्मा गर्दा जति कुराको वेजायी ठहर्छ सवै पतको ज्मागरी अैन वमोजिम पटक कैद गर्ना लाई कैद गर्न, दंड गर्नालाई दंड गर्नु।" त्यस्तै "अदालत र अमालीको झगरा" भन्ने शिर्षकको १ नं. मा जागिरदारलें हाल्याको द्वान्याले विजायी ग-या भनि रैति कराउन आया भन्या जागिरदारले नहेर्नु अदालत ठानामा पठाइ दिनु" भन्ने उल्लेख छ। त्यस्तै "मोहि टर्लसिको" भन्ने शीर्षकमा रैयतले वेजाइँ विद्युत खतवात गरी भागी १५ दिन भित्रमा नआए जगा पजनी गर्नु भन्ने व्यवस्था छ। मुलुकी ऐन १९१० मा उल्लेखित विजाइँ वारेको प्रावधानहरूवाट के कुरा प्रष्ट भएर आउँछ भने त्यसवेलाको प्रचलित कानूनी व्यवस्थामा विजायी द्वा-या अमाली आदि अहोदावालाले रैति विरूद्ध गर्ने अपराध रहेछ र यो अपराध रतिले पनि गर्ने रहेछ। यस अपराधमा दण्ड र कैद दुवै सजाय हुन सक्ने व्यवस्था भएवाट यो अपराध साधारण प्रकृतिको र गंभीर प्रकृतिको रहेछ भन्न सकिन्छ।

समयको आवश्यकता अनुसार मुलुकी ऐन १९१० मा संशोधन भई वि. सं. १९४३ र १९९२ सालमा मुलुकी ऐन पाँच भागको रूपमा जारी भएको पाइन्छ। मुलुकी ऐन १९१० मा क्रमिक सुधार हुदै आएको भएता पनि मुलुकी ऐन २०१० लागु हुनु अघिको नेपालको प्रचलित कनूनी व्यवस्थामा विजाइँ एक प्रकारको अपराध-को रूपमा कायम रहेको देखिन्छ। त्यसवेला प्रचलित विजाइँ अपराधको प्रकृतिलाइ विचार गर्दा जिमिन्दार तालुकदार अमालीले रैतीसंग साविक देखि वढ़ी रकम कलम उठाउनु, लगाउन नहुने नयाँ दै दस्तुर लगाई उठाई रैति दूनियाँलाई पिरमार्का दुःख दिने जस्ता काम क्रियाहरू यस अपराधमा भएको देखिन्छ। त्यस्तै तालुकदार अमाली जिमिन्दारले कानून बमोजिम इन्साफ गर्नु पर्नेमा हक कुरा छाड़ी वेमनासिव गरी रैतीलाई पीरमार्का दिने जस्ता काम कार्यवाहीहरु पनि यस अपराधको प्रकृतिमा भएको पाइन्छ। तर केही फौजदारी मुद्दा खारीज गर्ने र दण्ड सजाय मिन्हा दिने ऐन २०२० ले प्रचलित विजाइँ अपराधको मान्यतालाई समाप्त गरेको पाइन्छ किनभने यस ऐनले मुलुकी ऐन २०२० वा अन्य प्रचलित ऐन कानून अन्तरगत कुनै कार्य अपराध ठहरिने वाहेक अन्य काम क्रिया अपराध नहुने र त्यस वापत कारवाई वा सजाय गर्न नपाउने व्यवस्था गरेको छ। यहाँ आएर विजाइँ अपराध भित्र पर्ने काम क्रियाहरू वर्तमान समाजमा नहुने वा वर्तमान सामाजिक मान्यातामा अपराध नठहरिएका हुन् के हो भन्ने प्रश्न उपस्थित हुन्छ। अर्को तिर साविक वजाइँ अपराधको वर्तमान कानूनी व्यवस्थामा के मान्यता र स्वरूप छ भन्ने कुरा खोज्नु पर्ने हुन आउँछ। यस संदर्भमा विजाइँ शब्दको अर्थलाई पहिल्याउनु आवश्यक छ।

लेखक वालचन्द्र शर्माको नेपाली शब्दकोषमा विजाइँ शब्दको अर्थ उपद्रव भन्ने उल्लेख छ। लेखक महानन्द सापकोटाको नेपाली शब्दकोषमा विजाइँको अर्थ हानी बिगार भनी उल्लेख छ। A Comparative and Etymological Dictionary of the Nepalese Language का लेखक Ralph Lilley Turner को नेपाली अंग्रेजी शब्दकोषमा विजाइँको कानूनी अर्थ Injury and opression छ। लेखक नरेन्द्रमणि आचार्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोषमा Nuisance को अर्थ उत्पात पिरमार्का घृणित कार्य र Mischief को अर्थ उपद्रयाइ , विजाइँ विद्युत छ। नेपाली, अंग्रेजी नेपाली र नेपाली अंग्रेजी शब्दकोषहरूको अध्ययन गर्दा विजाइँ शब्दको मोटामोटी अर्थ यस प्रकार हुन आउछ–उपद्रयाइ , उत्पात, हानी, दमन आदि। तर कस्ता काम व्यवहारलाई उपद्रयाइको संज्ञा दिने र कस्तो किसिमको हानी नोकसानी विजाइँ हुन्छ भन्ने कुरा शब्दकोषवाट मात्र प्रष्ट हुन आउदैन।

प्रचलित नेपाल कानूनलाई मोटामोटी रूपमा हेर्दा मुलुकी ऐन २०२० को लुटपीट महलको २नंमा र केही सार्वजनिक (अपराध तथा सजाय) ऐन २०२८ को दफा २ को (झ) मा विजाइँ शब्दको प्रयोग भएको पाइन्छ। लुटपीटको महलको २ नं. मा प्रयोग भएको विजाइँ विद्युत शब्दको प्रसंगलाई विचार गर्दा विजाइँ विद्युत अपराधको रूपमा नभएर लुटपीट अपराधको आधार वा कारणको रूपमा प्रयोग भएको देखिन्छ। तर केही सार्वजनिक (अपराध तथा सजाय) ऐन २०२८ को उक्त दफामा प्रयोग भएको विजाइँ शब्दले भने अपराधको सृजना गरेको अर्थात विजाइँ अपराधको रूपमा रहेको छ। यसका अतिरिक्त यस ऐन अन्तरगत विजाइँ प्रकृतिका धेरै काम क्रियाहरुलाई समाविष्ट गरी अपराध तुल्याइएको छ। यसरी विजाइँ व्यक्ति विरूद्धको अपराध नभएर सरकारवादी मुद्दाको रूपमा रहेकोछ। विजाइँलाई सरकारवादी मुद्दाको रूपमा स्वीकार गर्नु पर्ने कारणतिर विचार पुऱ्याउदा के कुरा प्रस्ट भएर आउँछ भने केही सार्वजनिक (अपराध तथा सजाय) ऐन को परिधिभित्र प्राय त्यस्तो उपद्रयाइँ किसिमका क्रियाहरूलाई समाविष्ट गरिएको छ जसको संवध सार्वजनिक पद, काम, स्थान, साधन र संपतिसंग छ। तर सार्वजनिक स्थान, काम, साधन, मर्यादा र संपत्तिसंग संवन्धित नभएर हुने केही विजाइँहरूलाई पनि यस ऐन अन्तरगत समाविष्ट गरिएको देखिन्छ जसमा उक्त ऐनको दफा २ को (ङ), (च) आदि पर्दछन्। यसका अतिरिक्त वैयक्तिक रूपबाट हुने विजाइँ, उपद्रयाइँ, मार्कावारे अन्य व्यवस्था के छ भन्ने कुरातिर विचार पुऱ्याउँदा लुटपीटको महललाइ पन्छयाउन सकिन्न।

लुटपीटको महलको १ न० ले लुटपीट अपराधको परिभाषा गरेको छ। लुटपीटको २ न० मा उल्लेखित आधारवाट अर्काको हकको वा जिम्मामा रहेको नगदी जिन्सी संपत्ति जवरजस्ती खोसी लगेमा वा नोक्सान पारेमा लुटपीट ठहर्छ भन्ने छ तर लुटपीटको १ नं० र २ नं० को संवंधलाइ विचार गर्दा लुटपीटको १ नं० २ नं० वाट केही हद सम्म स्वतन्त्र पनि छ किन भने लुटपीटको अपराध हुनका लागि २ नं० मा उल्लेखित आधार हुनै पर्छ भन्ने वाध्यता देखिदैन। आफ्नो पनि संपत्तिमा नोक्सान पऱ्यो वा पर्ने भयो आफ्नो पनि हकलाग्ने हो भन्ने पूर्वाधार विद्यमान नभएता पनि कुनै क्रिया लुटपीटको १ नं० को परिभाषा भित्र पर्छ भने त्यो लुटपीटको अपराध हुन सक्छ। कसैले रिसइविको कारणवाट कसैको सम्पत्ति नोकसान पार्छ भने त्यो कार्य पनि लुटपीट ठहर्छ यसरी आर्काको सम्पत्ति रिसइविको कारणवाट नोकसान पार्न पनि विजाइँ प्रकृतिको कार्य भए तापनि लुटपीटको अपराध हुने व्यवस्था भएको देखिन्छ। त्यहाँ आएर एउटै काम क्रिया सार्वजनिक अपराध तथा सजाय ऐन को दफा २(ङ) र लुटपीटको परिभाषा भित्र पर्ने देखिन्छ। त्यसैले लुट पीटको १ नं०मा रहेको नोक्सान शब्द विचारणीय भएर आउछ। तर लुटपीटको १ नं मा रहेको नोकसान शब्दको आधिकारिक व्याख्या भएको देखिदैन। न्यायिक व्यवहारमा भने यसलाई मूर्त (Tangible) संपत्तिको वास्तविक actual नोक्सान भन्ने अर्थमा ग्रहण गरिएको पाइन्छ। कानूनी अर्थमा नोक्सान भन्नाले मूर्त संपत्तिको वास्तिक नोक्सान मात्र हुन्छ भनेर सर्वमान्य अर्थ गर्न मिल्दैन। यसरी नोक्सान शब्दको संकुचित अर्थ नगरी नोकसान शब्दको परिष्कृत अर्थ लगाउने हो भने मानिसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वामित्वमा रहेको मूर्त तथा अमूर्त (Tangible and Intangible) दुब किसिमको सम्पत्तिको वास्तविक नोकसान गर्ने काम क्रिया वा अवमूल्यन गराउने काम क्रियाहरु पनि नोकसान अर्थको परिधिमा पर्दछन् । नोकसान शब्दको यस अर्थ भित्र विजाइँ प्रकृतिका काम पर्न आउछन् ।

हाम्रो कानूनी व्यवस्थामा लागु गरिने भएको फौजदारी अपराध संहिताको मसौदामा नोकसान शब्दको यही अर्थलाइ ग्रहण गरी लुटपीट अपराधलाइ वैयक्तिक विजाइँ अपराधको रूपमा स्वीकार गरिएको छ र सार्वजनिक अपराध तथा सजाय ऐन अन्तर्गतका केही अपराध काम क्रियाहरुलाई विजाइँ अपराधमा समाविष्ट गरिएको छ जुन यस प्रकार छ—

करौले देहाएमा लेखिए वमोजिम कुनै काम गरेमा निजले विजाइँ गरेको मानिने छ—

(क) सर्वसाधारण वा कुनै व्यक्तिलाई कुनै अनुचित क्षति पुऱ्याउने नियतले वा त्यस्तो क्षति पुग्न सक्छ भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने कारण भई कुनै सार्वजनिक वा व्यक्तिगत सम्पत्ति नाश पारेमा वा त्यसको मोल वा उपयोगिता घटने कुनै काम गरेमा वा

(ख) सार्वजनिक वा व्यक्तिगत ढ़ल निकास, कुलो पनेरो सड़क पुल वा कुनै सञ्चार वा यातायातको साधन इत्यादिमा जानी जानी कुनै अनुचित क्षति पुऱ्याएमा वा क्षति पुग्ने कुनै काम गरेमा वा

(ग) सार्वजनिक सुविधाकालागि राखिएको कुनै संकेत वा चिन्ह विना अधिकार हटाएमा, मेटेमा, विगारेमा वा

(घ) झूठो अफवाह फैलाएर वा अरूलाई धोका हुने कुनै साधनको प्रयोग गरेर आर्काको काम वा कारोवारमा वाधा पुऱ्याएमा वा अर्काको व्यापारको ख्यातिलाई क्षति पुऱ्याएमा वा

(ङ) अर्कांको चिट्ठी सूचना, पुलिन्दा वा अन्य कुनै माल लुकाएमा

प्रचलित कानूनी व्यवस्था तथा न्यायिक व्यवहारमा विजाइँ अर्थ तथा स्वरूप भएका आपत्तिजनक संपूर्ण काम क्रियाहरूलाई सार्वजनिक (अपराध तथा सजाय) ऐन तथा लुटपीटको महलले आफ्नो परिधिभित्र समाविष्ट गर्न सकेकोछैन । लुटपीट अपराधको परिधि भित्र वैयक्तिक विजाइँ अर्थको नगन्य काम क्रियाहरू समाविष्ट भएको छ जसमा वैयक्तिक, भौतिक, मूर्त (Tangible) संपत्तिको वास्तविक (Actual) नोकसान पर्छ । त्यसो त स्थानीय प्रशासन ऐन अन्तरगत पनि उपद्रयाइँ किसिमको केही खास काम क्रियालाइ अपराध तुल्याउन खोजिएको छ तर त्यो पनि नगन्य छ । अपराध संहिताको मसौदा तथा प्रतिवेदन २०३० ले भने विजाइँको अर्थमा संपत्तिको र नोकसानको व्यापक अर्थलाई मात्र नअंगाली अफवाह फैलाएर काम व्यापारमा अनावश्यक वाधा विरोध खडा गर्ने गराउने, क्षति पुऱ्याउने जस्ता काम क्रियाहरूलाई पनि समाविष्ट गरेको छ । अपराध संहिताको मसौदा र प्रतिवेदनमा भएको विजाइँको परिभाषाका क्षेत्रमा केही आपत्तिजनक र उपद्रयाइँ किसिमका काम क्रियाहरु नपर्ने देखिएता पनि यो कुरा यसको प्रयोग र व्याख्या पछि नै भन्न सकिन्छ । त्यसैले वदलिदो समाजिक मान्यता र मानव व्यवहारको जटिलतालाई विचार गर्दा लुटपीट अपराधको खुकुलो व्याख्या भन्दा पनि अपराध संहिताको कार्यान्वयन आवश्यक भएर आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्ति निखन्ने कानूनी व्यवस्था - एक अध्ययन

—पवन कुमार ओझा
कानून शिक्षण समिति

निखन्ने अधिकार कानूनी अधिकार हो । यसलाई हकसफी गर्नु पनि भनिन्छ । निखन्नं र हकसफी एउटै कुराहो भन्ने सर्वोच्च अदालतवाट नारायण राव विरुद्ध छट्ट राय भएको हक सफी मुद्दामा निखन्न पाऊँ भनी दर्खास्त उजुरी गरे पनि हुनेमा हकसफी गरी पाऊँ भन्ने नालेश दर्ता गरेकोवाट कानूनी व्यवस्थामा अन्यथा भएको भन्न मिल्दैन भन्ने व्याख्या वाट प्रष्ट हुन्छ ।[1] यस्तो अधिकार कुनै अचल सम्पत्ति हक छोड़ी विक्री गरिसके पछि त्यस्तो विक्री गर्नेको हकवालामा विक्री गरेको एक निश्चित अवधिसम्म उत्पत्ति हुन्छ । यस्तो हक सफीको अवस्था किन पऱ्यो होला भन्ने तर्फ विचार गर्दा सम्पत्ति जम्मा गर्ने मानवीय प्रवृत्तिको परिणाम हो भन्ने देखिन आउँछ । सम्पत्ति वेच्ने भन्दा वेसी किन्ने कै संख्या भए पछि कुनै कुरामा प्रतिस्पर्धा भई झंजट उत्पन्न हुने स्थिति परेबाट हकवालाले किन्ने कुरामा प्राथमिकता पाएको हो कि भन्ने भान पर्छ । अर्को तर्फ कुनै पनी चीजको मेलो पाइरहने व्यक्तिले त्यो वस्तु राम्ररी संचालन गर्न सक्ने सिद्धान्तको आधारमा पनि यो व्यवस्था आधारित हुन सक्तछ भने रेवतिरमण खनालज्यूको विचार अनुसार यस्तो व्यवस्था (निखन्ने) न गरेमा आफ्नो साँधमा अपरिचित आई दुख देला भनी यस्तो गरिएको हो ।[2] अर्को तर्क के निकाल्न सकिन्छ भने टाढाको व्यक्तिलाई बेच्दा पछि आफ्नो छिमेकी हकवालाले निज किन्नेलाई दुख देला भन्ने धारणाले नै हकवालालाई वेच्ने चलन वाट निखन्ने व्यवस्था को प्रादुर्भाव भएको पनि हुन सक्तछ भने आफ्नो सम्पत्ति अन्यत्र नजाओस् हकवाला भित्रै रहोस् भन्ने धारणावाट उत्पन्न भएको पनि हुन सक्तछ ।

जेहोस् निखन्ने भन्नाले विक्री राजीनामा गरी हक छाड़ी दिएको सम्पतिलाई किन्ने व्यक्तिको थैली फिर्ता दिई बेच्नेको हकवाला वा अन्यले वापस लिनु हो भन्ने बुझिन्छ र आम व्यक्तिको धारणापनि यही हो। तर हाम्रो प्रचलित कानूनी व्यवस्था अन्तर्गत बन्धकी निखन्ने दोहोरो लिखत भएकोमा निखन्ने र घर बकस गरिदिएकोमा निखन्ने कुरा पनि छन् । यी सबै कुराको चर्चा गर्ने प्रयत्न यो लेखमा गरिएको छ ।

राजीनामा गरिदिएकोमा निखन्ने कानूनको ऐतिहासिक पक्ष :—

हक छोड़िदिने लिखत भिन्न दानपत्र, वकसपत्र, राजीनामा, छोड़पत्र, इत्यादि पर्दछन् । साधारणतया राजीनामा वाहेक अरु किसिम बाट हकछोड़िदिएको सम्पति निखन्न पाइदैन । यो राजीनामा निखन्ने सम्बन्धमा मुलुकीऐन (सातौं संशोधन) २०३४ लागु पूर्वको पुरानो कानूनी व्यवस्था के कस्तो रहेछ र यसको विकास कसरी भएछ भन्ने तर्फ समेत ध्यान दिनु हाम्रो अध्ययन को उद्देश्य हो । यस उद्देश्यको निमित्त हामी संग पुरानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुलुकी ऐनको शुरु संस्करण (संवत १९१० को संस्करण) अन्तिम संस्करण (संवत २००९ को संस्करण) र हाल को मुलुकी ऐन (सातौ संशोधन हुनु पूर्व को) यी तिनैवटा मुलुकी ऐनमा भएको निखन्ने सम्वन्धको कानूनको यथास्थितिमा हेर्नु अध्ययनको दृष्टिबाट लाभप्रद हुन्छ। त्यसैले यहाँ ती सवै जस्ताको तस्तै उद्धृत गरिएका छन्।

१९१० को संस्करणको मुलुकी ऐनको जग्गा जमिनको महलको १४ नं०—

"कसैले आफ्ना अंशमा आयाका र पौरषले कमायाका जग्गा जमिन वाधा वित्तीं धरवारी षेत वेचदा आफ्ना अंशियार भाईलाई मैले फलानु कुरो वेच्न लाग्या तिमिहरु लिन्छौ भन्या देसिले दियाको थैली दि तिमि लेऊ, तिमिहरु लिदैनौ भन्या अरुलाई दिछु भन्नु र हक वा अंशियार भाइले लिन्छ भन्या इनैले पउछन् देसिले पाउदैनन्, अंशियारभाइ भन्या टाढा रह्याछन् आफूलाई गर्ज पर्दा वेचेछ भन्या वेचन्याले अंशियार भाईलाई लेषि पठाउनु किन्याले पनि वेचन्याका हकवाला अंशियार भाई लाई लेखी पठाउनु र ३५ दिन भित्रमा निषन्न आयो भन्या अलिपत्र भयाको भया पनि उस्को परल रुपैया सौंपी अंशियार भाईले निपनि लिन पाउछ। ३५ दिन सम्ममा थैली तिर्न आएन भन्या भाई साछी वस्याका न भया पनि गौराई षायाको न भन्या पनि वेच्न्यां किन्या को सदर हुन्छ ३५ दिन नाध्या पछि आउने भाईले निषन्न पाउदैनन्।"[3]

साविक मुलुकी ऐनको २००९ सालको संस्करण को साहु आसामीको महल को ९ र १० नं०—

९ नं० आफ्नो हक नपुग्ने चल-अचल गैह्र वेच्ता हक वालामा घरको मुख्य मालिकलाई जनाउनदिई वेच्न किन्न हुदैन, हकवालाले लिएसस्म अरुले पाउँदैन, किने-वेचेका मितिले हकवाला यस्सै सरहदमा भए छ महिना र विदेश गएको भए एक वर्ष सम्ममा थाहा पाएको ३५ दिन भित्र हकवालाले लिन्छ भने पाउँछ। सो म्याद नाघेपछि हकबालाले पांउदैन, किने वेचेको पक्का हुन्छ। सो निखनी लिने कुरामा धेरै जना हकवालाले भएकोमा नजिकको जो हुन्छ उसैले निखनी लिन पाउँछ।

१० नं. वित्तीं जग्गा जमिन घर-वारी, खेत कमाउने मोंही कुरियाले र रैकर जग्गा जमिन खेत मगनिमा कमाई घर-घुरी खडा गरी खाई आएको त्यस्तो जग्गा जमिन घरहरु जग्गाका धनीले अरुलाई फार्छे राजीनामा गरी दिएकोमा यसै महलका ९ नम्बरका ऐन बमोजिम हकवालाले निखनी लिने म्याद भित्र हकवालाले निखनी नलिएमा सो म्याद बाहेक ३५ दिन भित्रमा वित्र्ताका मोही कुरियाले र रैकरमा मगनी बालाहरूले हामी मोही कुरिया मगनीवाल सबैभई देशीको थैली तिरी हामी लिन्छौ भनी सो म्याद भित्रै थैली लिई गई साछी राखी भनेको रहेछ भने सो मोही कुरिया मगनीवालाहरू सबैले लिन पाउँछन्। कोही लिने कोही नलिने भए धेरै लिन सक्छु भन्ने भए वा आधा-आधा भए भने लिन सक्छु भन्नेले पाउँछ। लिन सक्छु भन्ने थोरै लिन सक्तिन भन्ने धेरै भए लिन सक्छु भन्ने मोहीयानी कुरीया मगनी बालाले पाउदैन लिनेको सदरगरी दिनू। ४

मुलुकी ऐन २०२० (सातौं शंसोधन हुनु पूर्व) को लेनदेन व्यवहारको ११ र १२ नं—

११ नं०

कसैले आफ्नो हक पुग्ने चल-अचल गैह्र विक्री गरेकोमा निजको कुनै हक वालाले सो सम्पत्ति निखनी लिन चाहेमा सो वेचे किनेको लिखत रजिष्ट्रेशन भएको मितिले र रजिष्ट्रेशन गर्नु नपर्नेमा दाखिल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खारेज भएको मितिले ६ महिना सम्ममा थाहा पाएको पतीस दिन भित्र सो हकवालाले निखनी लिन पाउँदछ। सो म्याद नाघे पछि किने वेचेको पक्का हुन्छ। एका घर सगोलमा मुख्यले थाहा पाएकोमा त्यो सगोलमा भएका सबै हकवालाले थाहा पाएको ठहर्छ। हकवालाले निखनी लिन पाउने अवस्थामा धेरै हकवालाले निखन्न चाहेमा सबै भन्दा नजिकको हकवालाले र यस्ता नजिकको वरावरका हकवाला पनि धेरैले निखन्न चाहेमा सो मध्ये सन्धिसर्पन पर्ने हकवालाले र त्यस्तो संधिसर्पन पर्ने हक वाला नभए नजिकका वराबरका हकवाला सबैले दामासाहीले निखन्न पाउछन्। नजिकको हकवालाले किनेकोमा भने यस नम्वर वमोजिम टाढाको अर्को हकवालाले निखन्न पाउँदैन।

१२ नं०

कुनै अचल सम्पत्ति सो सम्पत्तिको धनीले हकवाला वाहेक अरुलाई बिक्री गरिदिएकोमा यसै महल को ११ नं० वमोजिम हकवालाले म्याद भित्र निखनी न लिएमा सो म्याद नाघेको पैंतीस दिन भित्र देहाएका व्यक्तिहरूले देहाए बमोजिम निखनी लिन पाउँछन्। जग्गा बिक्री गरेकोमा सो जग्गा कमाउने किसानले लिए निजले र निजले न लिए वा सो जग्गाको त्यस्तो किसान नै नभए सो जग्गा बिक्री हुनु भन्दा अघि एक वर्ष भित्र भोग वन्धक दिएको रहेछ भने सबै भन्दा पछि भोग वन्धक लिएको साहुले र निजले पनि निखन्न न चाहेमा सन्धिसर्पन अरू व्यक्तिले निखनी लिन पाउँछ— १

एउटै घरको भिन्न भिन्न हिस्साको भिन्न भिन्न धनी भएको अवस्थामा घरको कुनै हिस्साको धनीले आफ्नो हिस्सा जिति बिक्री गरिदिएकोमा सो घरको अर्को हिस्साको धनीले निखन्न खोजेकोमा निजले निखन्न पाउँछ। त्यस्ता निखन्न पाउने व्यक्ति धेरै भएमा ती मध्ये सबै भन्दा मर्का पर्ने व्यक्तिले निखनी लिन पाउँछ।— २

माथि २ दफा वमोजिन निखन्न पाउने व्यक्तिले निखनी न लिएमा वा सो दफामा लेखिएको अवस्था वाहेकको घरको हकमा सो घर बिक्री गर्दा वहालमा बसिरहेको व्यक्तिले र त्यस्ता व्यक्ति धेरै भएमा ती मध्ये सबै भन्दा मर्का पर्ने व्यक्तिले निखन्न पाउँछ — ३

माथि २ र ३ दफामा लेखिएका व्यक्तिहरू नै नभए वा भए पनि निखनी लिन नचाहे सो घर बिक्री हुनु भन्दा एक वर्ष भित्र भोग वन्धक दिएको रहेछ र सबै भन्दा पछि भोग वन्धक लिने साहुले निखनी लिन चाहन्छ भने निजले निखनी लिन पांउछ— ४

माथि २, ३, र ४ दफामा लेखिएका व्यक्तिहरू नै नभए वा भए पनि निखनी लिन न चाहे सो घरको सन्धि सर्पन पर्ने व्यक्तिले निखनी लिन पाउछ। ५

माथि उद्धधृत गरिएका पुराना कानूनी व्यवस्थालाई सरसति हेरिएमा तिनीहरुमा भएको फरक र क्रमशः भएको विकासलाई स्पष्ट संग औल्याउन सकिन्छ। त्यसैले यहाँ फरक देखाउन प्रयत्न गरिएन। अब हामी हालको मुलुकी (सातौं संसोधन) ऐन २०३४ ले ल्याएका परिवर्तनको लेखा जोखा गरौं। मुलुकी ऐन सातौ संसोधनले निखन्ने कानूननमा महत्वपूर्ण परिवर्तन गरेको छ। जो निम्न वमोजिम छन् :—

(क) पहिले चल अचल सम्पत्ति दुवै निखन्न पाइन्थ्यो, हाल अचल सम्पत्ति मात्र निखन्न पाइन्छ।

(ख) पहिले जो मुर्कै हकवाला त्यो चाहे लिखतमा साछी बस्ने वा मंजुरी बस्ने उसले निखन्न पाउँथ्यो तर हाल को संशोधनले त्यस्तो व्यक्तिले निखन्न पाउँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

(ग) पहिले जोसुकै पनि हकवालाले निखन्न पाउँथ्यो हालको संशोधनले बिक्री गर्नेको हकवालालाई बिक्री भएको अचलको संधिसर्पन परे मात्र निखन्ने हक प्रदान गरेको छ ।

(घ) पहिले एकाघर सगोलमा मुख्यले थाहा पाएकोमा सगोलमा भएका सबै हकवालाले थाहा पाएको ठहर्थ्यो तर हालको संसोधन अनुसार एकाघर सगोलमा उमेर पुगेका कसैले थाहा पाएकोमा सगोलमा भएका मुख्य समेत सबै हकवालाले थाहा पाएको ठहर्छ ।

(ङ) पहिले हकवालाले निखन्ने म्याद नाघेको ३५ दिन भित्र मोही वा अरूले निखन्ने व्यवस्था थियो तर हालमा मोही भन्दा अर्को व्यक्तिले निखन्न पाउने व्यवस्था छैन र मोहीले समेत हकवालाले निखान्ने म्याद भित्रै निखन्न दर्खास्त गर्नु पर्छ ।

(च) पहिले मोहीले जति सुकै पनि जग्गा निखन्न पाउँथ्यो तर हालको संशोधनले घरवारीको निमित्त किनेको दुई रोपनी वा ३ कट्ठा सम्म मोही भए पनि निजले निखन्न नपाउने व्यवस्था गरेको छ ।

(छ साविकमा घर बिक्री गरेकोमा बहालमा बस्ने व्यक्ति, भोग बन्धकमा लिने व्यक्ति र सन्धि सर्पन पर्ने व्यक्तिले पनि निखन्न पाउँथे तर हालको संशोधनले ती सबैको निखन्ने अधिकार समाप्त पारेको छ ।

(ज) सात्विकमा रजिष्ट्रेशन नगर्नू पर्नेमा दाखिल खारेज गरेको मितिवाट ६ महिनासम्ममा थाहा पाएको ३५ दिन भित्र निखन्ने हद म्याद हुन्थ्यो तर हालमा सो व्यवस्था समाप्त भएको छ ।

प्रचलित कानूनको अध्ययन :—

कसैले आफ्नो हक पुग्ने अचल बिक्री गरेकोमा लेनदेन व्यवहारको महलको १० नम्बर बमोजिम साछि बस्ने मंजुरी दिने बाहेक सो बिक्री गर्ने व्यक्तिको ऐन बमोजिमको हकवाला जस्को बिक्री भएको अचल सम्पत्तिमा संन्धि सर्पन पर्दछ त्यसले निखनी लिन पाउँछ । यसमा बिक्री गरेकोमा भन्नाले राजीनामा गरी बेचेको भन्ने हो । यस्तो निखन्नलाई लिखत रजिष्ट्रेशन भएको मितिले ६ महिना सम्ममा थाहा पाएको पैंतिस दिन भित्र निखनी लिन पाउँछ । सो म्याद नाघे पछि किने बेचेको पक्का हुन्छ । ६

निखन्ने कुरामा हकवालाले थाहा पाउने कुराको ज्यादै महत्व हुन्छ । किनकि एकाघरमा धेरै हकवाला हुन सक्तछन् र एकले थाहा पाएकोमा घरका सबैले थाहा पाएका भए पनि थाहा पाईन भनेर भन्नसक्ने अवस्था हुन सक्तछ र यसवाट वास्तवमा ऐनको मनसाय प्रतिकूल भै कुनै पक्षलाइ मर्का पर्न सक्तछ । यो कुराको निराकरण हालको संशोधित कानूनले गरेको छ जसमा एकाघर सगोलमा उमेर पुगेका कसैले थाहा पाएकोमा सगोलमा भएका मुख्यले समेत सबै हकवालाले थाहा पाएको ठहर्छ भनिएको छ । ७

निखन्ने हकवाला धेरै रहेछन् भने प्राथमिकता कसले पाउँछ भन्ने कुरा महत्वपूर्ण छ । निखन्न खोज्ने हकवाला धेरै भएमा ती मध्ये सबै भन्दा नजिकको हकवालाले निखन्न पाउँछ । बराबरका धेरै हकवालाले निखन्न चाहेमा के हुन्छ कानूनमा प्रष्टछैन । नजिकको हकवालाले किनेकोमा सन्धि सर्पन पर्ने भए पनि टाढ़ाको हकवालाले निखन्न पाउँदैन । ८ तर टाढ़ाको हकवालाले किनेकोमा त्यो भन्दा नजिकको हकवालाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निखन्न पाउँछ या पाउदैन यो भने प्रष्ट हुन सकेको छैन । जहाँ कानूनले प्रष्ट निषेध गरेको हुन्न त्यसतो निषेध नगरेको काम गर्न सकिने सामान्य कानूनी सिद्धान्तको आधारमा निखन्न पाउँने जस्तो देखिन्छ । हकवालाले ननिखनेमा मोहीले निखन्न पाउँछ ।

निखन्ने सम्वन्धमा विक्री गर्ने स्वयंम्ले निखन्न पाउँदैन । तर वेच्नेको एकाघर सगोलका व्यक्तिले पनि निखन्न पाउने भन्ने सर्वोच्च अदालतबाट रामलखन विरुद्ध खडग बहादुर भएको हक सफा मुद्दामा व्याख्या गरेको छ । १० यो एकाघर सगोलका व्यक्तिले निखन्न पाउँने व्यवस्था उचित नभएको प्रतीत हुन्छ किनकि एक पटक रुपैया लिएर काम चलाइसके पछि पुन: रुपैया तिरेर अचल फिर्ता लिन पाउनाले साहुलाई मर्का पर्न निश्चय नै जान्छ र यस वाट किन्ने व्यक्ति उपर अन्याय हुन्छ र अन्योल र अनिश्चितत्तताको वातावरण कायम रहने देखिन्छ ।

निखन्ने कुरामा सन्धि सर्पन पर्ने वस्तु निखन्न पाउने बर्तमान कानूनी व्यवस्था छ । सन्धि सर्पन कसतो लाई भनिन्छ भनी हेर्नु आवश्यक छ । साधारणतः कसैको सांधमा रहेको वस्तुमा सन्धि सर्पन पर्छ भन्ने मानिन्छ । तर सँधियार र सन्धि सर्पन दुई वेग्ला वेग्लै कुरा हुन् । सन्धि सर्पन भन्नाले साँधमा भैकन त्यो विक्री भएको जग्गा पायक पारी दैनिक क्रिया कलापकालागि वा आफ्नो जग्गाको निमित्त विभिन्न कुराले आवश्यक महसूस गरिएको हुन्छ । अर्थात विक्री भएको वस्तु [जग्गा] आफूले नलिएमा आफूलाई कठिनाई, मर्का पर्ने हुन जान्छ वा क्रय–विक्रय पर्दछ । साँधियार भन्नाले सांध जोडिएको व्यक्ति हो सांध जोडिदैमा सँधि सर्पन पर्छ भनेर भन्न सकिन्न सँधियार भैकन सँधिसर्पन नपर्न सक्तछ तर सँधि सर्पन पर्न संधियार हुनुपर्छ । यस वाट सन्धि सर्पन र सँधियारको फरक प्रष्ट हुन आउँछ ।

निखन्ने कुरामा अर्को एक कुराको चर्चा गर्नु आवश्यक र सामयिक देखिन्छ, त्यो के हो भने कसैले अचल विक्री ग-यो भने निखन्ने व्यक्तिले विक्री भएको जग्गा केही भाग टुक्राएर निखन्न पाउँछ वा पाउदैन ? जहां सम्म यस प्रश्नको सम्वधमा खास कानूनमा कुनै प्रष्ट व्यवस्था छैन भने सर्वोच्च अदालतबाट समेत व्याख्या भएको छैन । पुरानो मुलुकी ऐन साहु असामीको १० नं० मा मोही कुरिया, मगनीवालाहरुले खण्डे रुपमा निखन्न पाउने व्यवस्था भएको देखिन्छ । तर सो वाहेकमा निखन्न नपाउने भन्ने प्रष्ट लेखिएको नभए पनि चलनमा खण्डे निखन्ने व्यवस्था थिएन यस्तो खण्ड गरी निखन्नाले निखन्ने व्यक्तिले राम्रो वा असल जति र आफूलाई चाहिने जति निखनेर अरु बांकी छोडि दिन सक्तछ र किन्ने व्यक्ति यस स्थितिवाट न यता न उताको हुन्छ । पूरा निखनी दिएमा मात्र उसको वाटो खुल्छ । तसर्थ निखन्ने कुरामा टुक्रिएर निखन्न पाउनु हुन्न । तर कुनै व्यक्तिले २, ४ कित्ता जग्गा किन्यो र हकवालाको १ कित्ता मात्र संन्धि सर्पन परेमा निखन्नेलाई सबै निखन्नु पर्छ भन्न पनि मिल्दैन । यस्तो अवस्थामा निजले सो एक कित्ता मात्र निखन्न पाउन सक्ने देखिन्छ । यी अवस्था वाहेक अरू अवस्थामा जस्तो कुनै व्यक्तिले जग्गा विक्री ग-यो र त्यसको हकवालाले लेनदेन व्यवहारको १० नम्वर वमोजिम आफ्नो हक फिर्ता गराई लिन पाउने रहेछ भने त्यसले आफ्नो हक पाए वाहेक विक्री गर्नेको जति मात्र निखन्न पाउनु पर्ने वा नपर्ने के हो भन्ने कुरा पनि यहाँ आउँछ । यस्तो स्थितिमा साहुलाई किनेको जग्गाको केही भाग राखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

कुनै फाइदा हुन्न र हक फिर्ता पाउने लाई पनि वांकी जग्गा सन्धि सर्पन पर्ने हुन्छ । यस्तो अवस्थामा दुबैजना एकै ठाउँमा रहिरहँदा कचिङ्गल पर्न सक्ने पनि हुन्छ । अत: यस्तो अवस्थामा भने हक फिर्ता पाउनेले विक्री भएको सदर हुने भाग समेत निखनी लिन पाएमा उचित हुने देखिन्छ ।

निखन्न पाउने व्यक्ति नावालक रहेछ भने अ० वं० को ४० नं० बमोजिम सावालक भएको मितिवाट निखन्ने हद म्याद शुरु भै निखन्न पाउँछ पाउँदैन भन्ने तर्फ हेर्न जरूरी छ ।

यस सम्बन्धमा श्याम कृष्ण विरूद्ध माहिली भएको घर निखनाई पांउ भन्ने मुद्दामा सर्वोच्च अदालतले हकसफी गरिलिने कुरामा सगोलका मुख्य परिवारले थाहपाई सकेपछि त्यस अवस्थामा नावालक रहेको अन्य परिवारको हक दाबी सावालक न भए सम्म रहीरहन सक्छ भन्ने कुरा कानूनी व्यवस्था वा व्यवहारमा मिल्ने समेत न देखिएको भन्ने व्याख्या गर्दै सावालक भए पछि निखन्न नपाउँने भनेको छ । ११ यस व्यख्यामा सगोल का मुख्य परिवारले थाहपाई सकेकोमा मात्रै निखन्न नपाउने भनिएको देखिन्छ । यसैको अर्थ गर्दा नावलकको सगोलका मुख्य परिवार रहेनछ या भए पनि निजले थाह नपाएकोमा भने सावालक भए पछि निखन्न पाउँने होकि भन्ने देखिन्छ ।

निखन्ने कुरामा हकवालालाई विक्री गरेका मितिले ६ महिना र ३५ दिनको म्याद प्राप्त हुन्छ । त्यो ६ महिना भित्रै किन्ने अर्को व्यक्तिलाई बेचेमा पनि पहिले बेच्नेको हकवालाले निखन्न पाउँछ ।१२ त्यसै निखन्ने मुद्दा पर्दापर्दै किन्ने व्यक्तिले दर्ता गराए पनि निखन्न पांउँछ भन्ने सर्वोच्चबाट व्याख्या भएको देखिन्छ । १३ एक पटक निखनी लिइसके पछि पुन: निखन्न पाइदैन । निखनी लिने कुरामा एकले निखनी बिक्री गरिसके पछि पहिले किन्नेबाट निखनाई पाऊँ भन्ने दावी पुग्न सक्दैन । १४

यदि निखन्न नपाउने व्यक्तिले निखनी लिएछ भने त्यस्तोमा निखन्न पाउँनेले के गर्नु पर्छ भन्ने सम्बन्धमा कुनै कानूनी व्यस्था देखिन्न । यस कुरामा पुरानो मुलुकी ऐनको प्रचलनको समयमा सर्वोच्चले गरेको व्याख्याले हामीलाई केही मद्दत्त गर्छ । जस अनुसार निखन्न नपाउनेले निखनेकोमा निखन्न हक पुग्ने व्यक्तिले थाहा पाएको ३५ दिन भित्र उजुर गर्नु पर्ने र निखन्न नपाउनेले निखनी बिक्री गरेकोमा निखन्ने ऐनको म्याद भित्रै थैली धरौट राखी उजुर गर्नु पर्ने भन्ने छ । १५ तर यो व्यख्या हाल प्रयोग हुन सक्तैन ।

सन्धि सर्पन पर्ने हकवाला नभए वा भए पनि निजले निखनी लिएन भने निजले निखन्न पाउने म्याद भित्रै (अर्थात रजिष्ट्रेशन भएको मितिले ६ महिना सम्ममा थाहापाएको ३५ दिन भित्र निखन्न पाँऊ भनी जग्गाको मोहीले उजुर गरेमा सो मोहीले निखन्न पाउँछ तर घरवारीकोलागि जग्गा किनेकोमा दुई रोपनी वा ३ कठ्ठा सम्मा जग्गा सन्धि सर्पन पर्ने हकवाला बाहेक अरुले निखन्न पाँउदैन । १६

घर बिक्री भएमा निखन्ने व्यवस्था :—

एउटै घर भिन्न-भिन्न हिस्साको भिन्न-भिन्न धनी भएको अवस्थामा घरको कुनै हिस्साको धनीले आफ्नो हिस्सा जति बिक्री गरिदएकोमा सो घरको अर्को हिस्साको धनीले निखन्न खोजेकोमा निजले निखन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँछ। त्यस्तो निखन्न पाउने व्यक्ति धेरै भएमा ती मध्ये सबै भन्दा मर्का पर्ने व्यक्तिले निखनी लिन पाउँछ। मोहीयानी हकको जग्गामा मोहीले घर बनाएको र सो घर निजले बेचेमा उल्लेख गरिएका व्यक्तिले निखनी नलिएमा जग्गाधनीले निखनी लिन पाउँछ। १७

उपरोक्त स्थिति नपरेको घर बिक्री भएमा बेच्ने को संघिसर्पन पर्ने हकवालाले निखनी लिन पाउँछ।

निखन्न कार्य बिधिः—

निखन्ने सम्बन्धमा लिने दिने दुवै थरको कुरा मिलेको अर्थात निखन्न चाहनेले निखन्न खोज्दा साहुले मंजुर गरेकोमा दुवै थर रजिष्ट्रेशन गर्ने अड्डामा गै लिनु दिनु गरी भपाई गराई रजिष्ट्रेशन भएको लिखत साहु बाट दर्पीठ गराई वा लिखत न भए त्यसको कारण खोलाई लिनु पर्छ। त्यसको आधारमा निखन्नेको नाउँमा अड्डाबाट दाखील खारिज गरिदिईन्छ। त्यसको साहु आसामीको मंजुरी भएकोमा घरसारमा थैली बुझाई लिनु दिनु गर्नु हुन्न किनकि लिला बहादुर विरुद्ध थापुसरी भएको हक सफा मुद्दामा घर सारमा थैली बुझाई निखनी लिए कोलाई मान्यता दिन न मिल्ने भनिएको छ। १८

निखन्न पाईने व्यक्तिले निखन्न खोज्दा निखन्न दिनु पर्ने व्यक्तिले बाधा अढकाउ गरेमा अर्थात निखन्न नदिएमा लिखत रजिष्ट्रेशन भएको वा साहु रहेको ईलाकाको रजिष्ट्रेसन गर्ने अड्डामा निखनाई पाउँन दर्खास्त दिन सक्त छ। निखन्ने मुद्दामा निर्णय गर्ने अधिकार क्षेत्र रजिष्ट्रेन गर्ने अड्डा (मालपोत कार्यालय जस्तो) र अदालत दुवैलाई छ। तस कानूनले यी रजिष्ट्रेशन गर्ने अड्डा र अदालतको क्षेत्राधिकारमा यस्तो निखन्ने मुद्दा हेर्न एक सीमा रेखा निश्चित गरेको छ। निखन्न दिन साहुले ईन्कार गरेकोमा रजिष्ट्रेशन भएको लिखत वा अड्डामा रहेका श्रेस्ता बाट निखन्न दिनु पर्ने देखिएकोमा ईन्कार गरेको देखिन आए मालले मुद्दामा निर्णय गर्नी हुन्छ तर निखन्न दिनु पर्नेले निखन्न दिनु नपर्ने कारण देखाएकोमा प्रमाण बुझी ईन्साफ गर्नु पर्ने कारण देखाए कोमा प्रमाण बुझी इन्साफ गर्नु पर्ने कुरा देखिन आए पैंतीस दिन भित्र नालेस गर्नु भनी सुनाइ दिनु पर्छ। १९ तर कारण किटान न गरेकोमा रजिष्ट्रेशन गर्ने अड्डाले नै छिन्न, हेर्न हुन्छ। अर्थात सर्वप्रथम यस्तो उजुरी रजिष्ट्रेशन गर्ने अड्डामा नै दिनु पर्छ त्यस्तो उजुरीमा छान बिन गर्दै लैजादा प्रमाण बुझेर निर्णय गर्नु पर्ने भएमा अदालतले निर्णय गर्नु पर्ने हुन्छ। त्यसैले रजिष्ट्रेशन गर्ने आड्डाले अदालतमा नालेस गर्नु भनी सुनाउनु पर्छ। यस्तो मुद्दा सर्वप्रथम माल मै दायर हुनु पर्छ भन्ने सर्वोच्च अदालतको समेत व्याख्या भएको पाइन्छ। २०

निखनी पाऊँ भन्ने विषय अड्डामा नै धरौट राख्नु पर्ने बाध्यात्मक व्यवस्था हो त्यसकारण अदालतमा नालिस लाग्न सक्तैन। २१

अदालतले हेर्न छिन्न हुने अवस्था निम्न छन्।

(क) न्यायिक निर्णय गर्नु पर्ने स्थितिको विवाद खडा भएको मुद्दामा मालमा प्रमुख जिल्ला अधिकारीबाट निर्णय गर्न न हुने (अदालतबाट निर्णय गर्नु पर्ने)। २२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MID

(ख) संधियारको नाताले हक सफी गर्न पाऊँ भनी दरखास्त दिएकोमा साहुले सन्धिसर्पन पनले निखन्न पाउने, संधियारले निखन्न नपाउने भनी जिकीर लिइएकोले सवूत प्रमाण बुझी प्रतिवादको जिकीर-पुग्ने नपुग्ने के हो त्यसको ठहर निर्णय गर्नु पर्ने भएकाले मालले तहकिकात गरी निर्णय दिन न मिल्ने (अदालतवाट निर्णय गर्नु पर्ने) २३

(ग) हद म्याद भित्रको छैन सवुत प्रमाण बुझ्नु पर्ने कुरामा मालले हेर्न न हुने (अदालतले हेर्नु पर्ने) २४

(घ) निखनी लिन पाउने न पाउने के हो मालको सीमित अधिकार क्षेत्र भित्र न पर्ने (अर्थात अदालतवाट हेरिनु पर्ने)। २५

निखनाई पाऊं भनी उजुर गर्दा वा गर्न आउँदा थैली थाहा पाएकोमा थैली र रजिष्ट्रेशन गराउंदा तिरेको दस्तुर समेत धरौट राख्नु पर्छ थैली थाहा नहुने मनासिव कारण परी थाहा न भएकोमा प्रतिउत्तर परेकोमा पतीस दिन भित्र र थैलीमा मुख न मिलेकोमा मुख मिले जति उजुर गर्दा नै र न-मिन जतिमा पनि बुझाउनु पर्ने ठहरे सो ठहरी पहिलो फैसला भएको ३५ दिन भित्र सो तिर्नु पर्ने थैली र रजिष्ट्रेशन दस्तुर अड्डामा ल्याई धरौट राख्नु पर्छ। सो म्याद भित्र थैली धरौट राख्न ल्याएन भने निखनी लिन पाउँदैन, लिए-दिएको पक्का हुन्छ। २६ २६

यसरी थैली र दस्तुर धरौट राखी उजुर गरेकोमा रजिष्ट्रेशन गर्ने अड्डाले दर्खास्त दिनेलाई तारीखमा राखी निखन्न दिनु पर्ने व्यक्तिलाई बाटाका म्याद बाहेक सात दिन भित्र सक्कलै लिखत लिई आउनु भनी म्याद पठाउँछ। यस्तो म्याद अ० वं० को ११ नं० को रित पुऱ्याएर तामेल गरिन्छ। त्यस्तो म्याद पाउने प्रतिवादी या साहुले निम्न तीन मध्ये कुनै एक काम गर्न सक्तछ।

(क) उपस्थित भई निखन्न दिन मंजुर गर्नु।

(ख) उपस्थित नै नहुनु।

(ग) उपस्थित भए पनि निखन्न दिन मंजुर नगर्नु।

उपरोक्त स्थिति पर्न गएमा अड्डाले निम्न वमोजिम गर्दछ।

(क) साहु उपस्थित भै निखन्न दिन मंजुर गरेमा सक्कल लिखतमा दरपीठ गराई साहुलाई थैली र रजिष्ट्रेशन दस्तुर दिलाई भर्पाई लिई निखन्नेको नाममा दाखेल खारेज गरी दिनु र सो सक्कल लेखत निखन्नेलाई सौंपिदिन्छ।

(ख) उपस्थित नै न भएमा उपस्थित हुने म्याद नाघे पछि पर्चा खडा गरी निखन्न आउनेलाई निखनी लिने अचल वस्तु चलन गर्नु भनी चलन पुर्जी दिई उपस्थित नहुने साहुलाई त्यस्तो पुर्जी भै गएको व्यहोरा र धरौट रहेको रकम तीन वर्ष भित्र लिन न आए पाउने छैनौ भन्ने समेत कुराको सूचना पठाई दिन्छ।

(ग) उपस्थित भै निखन्न दिन मंजुर न गरेमा रजिष्ट्रेशन गर्ने अड्डाको दुई काम हुन्छ। पहिलो हो दर्खास्तवालाले दावी गरेको अचल खरिद भएको लिखत वा अड्डामा रहेको श्रेस्ता वाटै निखन्न दिनु पर्ने देखिएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निखनाइदिने गरी फैंसला गरी पुनरावेदन लाग्ने अवस्था नावे पछि निखन्न पाउनेलाई चलान पुर्जी दिन्छ। तर निखन्न दिन न हुने देखेमा निखन्न न पाउने गरी फैंसला गर्छ। दोश्रो हो निखन्न दिनु पर्नेले निखन्न दिनु न पर्ने कारण देखाएकोमा कारण बुझी ईन्साफ दिनु पर्ने देखिन आए अदालतमा नालिस गरी त्यहाँबाट ठहरे वमोजिम हुने गर्ने भनी ३५ दिन भित्र अदालतमा नालिस गर्न जानुभनी सुनाइ दिन्छ। अदालतबाट निखन्न पाउने गरी फैंसला भएमा निखन्नेले सो समेत राखी सो रजिष्ट्रेशन गर्ने अड्डामा अदालतको फैंसला बमोजिम निखन्न दर्खास्त दिनु पर्छ। यस्तो निखन्न पाउनेमा अरूका नाउँमा दाखिल खारिज भै सकेको भएपनि निखन्न आउने हक पुगेको व्यक्तिका नाउँमा रजिष्ट्रेशन गर्ने अड्डाले दाखिल खारेज गरी दिन्छ र सो कुरा श्रेस्ता जनाई संच्याउँछ।

अदालतमा नालेश गर्न जानु भनी सुनाए पछि सो म्यादमा नालेश नगरेमा वा सो म्याद नालेश गरे पनि निखन्न नपाउने ठहरी फैंसला भएकामा धरौट रहेको थैली कानून बमोजिमको म्याद तीन वर्ष भित्र फिर्ता लिन आए दिनु पर्छ लिन नआए सो थैली श्री ५ को सरकारको हुन्छ।

जरिवाना र बक्सौनी :—निखन्न धरौट राखी दर्खास्त गर्ने व्यक्तिले पछि कुनै कारणले निखन्न नचाहेमा वा तारिख छोड्मा वा म्याद भित्र नालेश नगरेमा निजलाई थैलीको सयकडा अढाई रूपैया जरिवाना हुन्छ। निखन्न जाँदा निखन्न दिएन भन्ने कुराको उजुर परेमा सो कुरा ठहरे बुझी नलिएको अंकको सयकड़ा अढाई जरिवाना हुन्छ। २७

निखन्न पाउने र दिनेले मिलापत्र गर्न चाहेमा रजिष्ट्रेशन गर्ने अड्डाबाट मिलापत्र गराई दिन हुन्छ। मिलापत्र गराए बापत थैलीको सयकडा एक दस्तुर लाग्छ। २८

बन्धकी निखन्ने कानूनी व्यवस्था :—बन्धकी व्यवहार र राजीनामा बिक्री व्यवहारमा ज्यादै फरक हुन्छ। राजीनामा भन्नाले कुनै सम्पत्तिमा स्वामित्व समाप्त हुने गरी हक हस्तान्तरण गर्नु हो अर्थात् बेच्नेको राजीनामा दिइ सके पछि कुनै हक लाग्दैन, किनेको बस्तुको पूर्ण स्वामित्व किन्नेमा सर्दछ। तर बन्धकी व्यवहारमा बिक्री गर्ने व्यक्तिले स्वामित्व बेचेको हुंदैन त्यो वस्तुमा प्राप्त भोग गर्ने हकमात्र बेचेको हुन्छ। अतः बिक्री गर्नेसग त्यो वस्तुको स्वामित्व रहिरहन्छ। त्यसै कारण बन्धकी थैली तिरेर निखनी लिन बिक्री गर्ने व्यक्तिले नै पाउँछ

वन्धकी व्यवहार तीन प्रकार छन्:– १ भोग वन्धक २. दृष्टीबन्धक ३. लखबन्धक। यिनको छोटकरी परिचय दिइन्छ।

भोग बंधक :—भोग वन्धक भन्नाले आसामीले साहु सँग रूपैयाँ लिई त्यो रूपैयाको व्याज बापत भोग गर्न कुनै वस्तु लेखिदिन्छ। यस्मा साहुले व्याज पाउदैन र आसामीले त्यो वस्तुबाट आयस्ता पाउँदैन। यदि साहुले आसामीले लेखीदिएको वस्तु भोग गर्न सकेन भने तमसुकमा उल्लेख भएको थैली र त्यसको कानून बमोजिमको व्याज कपाली सरह गराउन सक्तछ। यदि त्यो वस्तु भोग गरेको छ भने असामीले थैली बुझाई न निखनुन्जेल भोग गर्न पाइ रहन्छ। यस्तो थैली निखन्ने भाखा बढीमा दश वर्ष सम्म राखिन्छ। यो दशवर्ष भित्र आसामीले जैले सुकै पनि निखन्न सक्त छ। २९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

दृष्टि-बन्धक:—दृष्टि बन्धक भन्नाले आसामीले कर्जा लिए पछि साहु लाई निश्चित भाखा सम्ममा कर्जा रकमको सावां ब्याज चुक्ता गर्छु सो भाखामा चुक्ता गर्न सक्नि भने मेरो फलानो वस्तु भोग चलन गर्नु भनी लेखि दिएको व्यवहार हो। यसमा सर्वप्रथम कपाली तमसुक जस्तो निश्चित भाखा भित्र साहुको थैली बुझाउने कुरा हुन्छ र त्यो भाखामा न बुझाएमा कुनै वस्तु भोग गर्नू भनी लेखिएको हुन्छ। यस्तो थैली तिर्ने भाखा बढ़ीमा पाँच वर्षको राखिन्छ र यो भाखा नपुगुन्जेल सम्म साहुले थैलीमा टंटा गर्न वा धितो चलाउँन पाउँदैन। भाखा भित्र आसामीले थैली तिरेन भने सो भाखा नाघेको दुई वर्ष भित्र धितो चलन गर्नु पर्छ वा चलन चलाई माग्न नालेश गर्नु पर्छ। ३० यसरी धितो चलन गरिसके पछि दृष्टिबन्धक लिखत भोग सरह हुन्छ। पछि आसामीले धितो निखनी लिन आएमा भोग बन्धक सरह निखानी लिन पाउँछ।

लख बन्धक:—भोगबन्धक वा दृष्टिबन्धक लिई राख्ने साहुले तमसुक बमोजिमको थैली वा सो भन्दा घटीमा पुनः बन्धक राख्नुलाई लखबन्धक भनिन्छ। बढ्ता थैलीमा लखबन्धक लिएकै मितिबाट भोगचलन गर्न पाउँछ। लखबन्धक परेको चल-अचल सम्पत्ति अघि भोग दृष्टिबन्धक राख्नेले रूपैयां तिरी निखान्न जांदा घटी लिई लखा सारेकोमा आफूले बन्धक लिएका ठाँउमा तह तह सँग गै निखान्नु पर्छ।
पुरा लिई लखा सारेकोमा पछिल्ला साहु कहाँ गएर सिधै निखान्न पनि हुन्छ। ३१

बन्धकी निखान्ने हक सर्वप्रथम बिक्री गर्नेलाई नै रहन्छ। बिक्री गर्ने धनी छैन भने निजका सन्तान पनि छैनन् भने त्यसको अपुताली खानेले प्रमाण पुऱ्याएमा थैली तिरी निखानी लिन पाउँछ। बन्धकी राखेको सम्पत्ति सन्धि सर्पन पार्ने अंश बण्डा भई छुट्टिएको ऐन बमोजिमको हकवालाले धनीले ऐन बमोजिमको याममा निखान्न आएमा दिने र भोगबंधक लिखात रजिष्ट्रेशन भएको मितिले छ मैन्हा सम्मको ३५ दिन भित्र निखानी लिन पाउँछ। ३२

भोग बन्धकीमा १० वर्षमा न बढाई न निखन्ने भनी भाखा राख्न कानूनले छुट दिएकोछ। यस्तो अवस्था बाहेकमा आसामीले भोगबन्धक वा दृष्टिबन्धक जहिले सुकै पनि निखनी लिन पाउँछ र साहुले पनि निखन्न दिनु पर्छ। त्यसरी निखन्न जांदा मधेशको जग्गाको हकमा फाल्गुण मसान्त देखि जेष्ठ मसान्त सम्म र अन्यत्रको जग्गा पौष देखि चैत्र मसान्त सम्ममा २८ निखनी सक्नु पर्छ, सो याम नाघे पछि निखनेकोमा सो वर्षको बाली साहुकै हुन्छ।

बन्धकी निखन्ने कुरामा साहु आसामी दुवैको सहमत भयो अर्थात साहुले थैली बुझी निखान्न दिने भए घर सारैमा थैली बुझी लिन वा अड्डा मै बुझाउन पनि हुन्छ। त्यसरी घर सारैमा बुझि लिएकोमा लिखतमा दरपिठ गरी ऐन बमोजिमको रित पुऱ्याई सहीछाप गराई लिएर सो लिएको मितिले १५ दिन भित्र अड्डामा रहेको श्रेस्ता संच्चाई माग्न स्वयम् आसामी आउनु पर्छ वा निजले वारिस पठाउन सक्छ। अड्डाले पनि सो बमोजिम आएमा या अड्डैमा बुझिलिएकोमा ऐनको रीत पुऱ्याई श्रेस्तामा जनाई दिनु पर्छ। त्यस्तो थैली बुझ्ने काम साहुले ईच्छा पत्र दिएको व्यक्तिलाई बुझाउनु हुन्छ। ३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानबकस गरी दिएको घर निखन्ने व्यवस्था;—हुन त दान वकस गरी हक छाड़ि दिएको सम्पत्ति निखन्न पाईंदैन, निखन्न पाउँने कानूनी व्यवस्था छैन । तै पनि दान-वकसको ३ नं० मा एकै घरको केही भाग दान-वकस गरिदिएकोमा दान-बकस पाउनेले पाएका घरको पंचकृति मोल बुझी छाडनु र दान वकस दिनेका हकवालाले पंचकृति मोल बुझाई लिन पाउने व्यवस्था छ । यहाँ पंचकृति मोल दिई लिन पाउँछन् भन्ने उल्लेख भएको हुँदा यसलाई निखन्ने कै परिभाषा भिन्न परेको मात्र् पर्छ । दान-बकस दिएको घर निखन्ने सम्बन्धमा दान वकसको ३ नं० मा भएको कानूनी व्यवस्था यस प्रकार छ ।

३ नं० कसैले केही व्योहोरा संग आफ्नो हक छोडी अरूको हक लाग्ने गरी एकै घरमा आधा वा केही खण्ड सो घर वा घरले चर्च्चेको जमीन दान वकस गरी दिई पाएको रहेछ र पाउनेलो आफूले पाएको वा दिनेले आफूलो दिए देखि बाँकी अर्कालाई दिए भने अघि दिने वा अधिवाट दिनेका सोही ठाउँमा वस्ने हकवालाले र दिनेले बांकी अर्कालाईदान वकस गरिदिए भने पाउने वा सोही ठाउँमा वस्ने उसका हकवालाले लिखत रजिष्ट्रेसन भएको मितिले छ महिना सम्ममा थाहा पाएको पैंतीस दिन भित्र मोल अंक देखिनेमा सो वमोजिम अंक नदेखिनेमा पंचकृति मोल दिई लिन पाउछन् ।

यसवाट के प्रष्ट हुन्छ भने कुनै घर सिङ्गै दान वकस दिएको निखन्न पाइँदैन । केही हिस्सा गरी दान वकस दिएकोमा निखन्न पाईन्छ । एकै घरमा टुक्रा पारी धेरै परिवार वस्ने हो भने आपस्तमा झमेला हुन सक्ने हुंदा दान-वकस भए पनि मर्का पर्नेले निखनेर लिई घर एकलौटी पार्नु न्यायोचित कुरा हो । यो निखन्ने सिद्धान्त अर्थात् राजीनामा विक्री वाहेक अरू हक छोडी दिएको सम्पत्ति निखन्न पाइन्न भन्ने सिद्धान्तको अपवाद मान्नु पर्छ ।

दोहोरो लिखत भएकोमा निखन्ने कानूनी व्यवस्था :— निखन्ने कुरामा यो व्यवस्था पनि व्यावहारिक कुरावाट उपयोगी देखिन्छ । सामान्यतया एकै वस्तु दुई जनालाई वेचेकोबाट झमेला उत्पन्न हुन्छ । दोहरो लिखत गर्नु एक अपराध हो । दोहरो लिखत भएकोमा दुवै लिखत या हक छोडी दिएको (राजनिमा, छोड़ पत्र, वकस पत्र दानपत्र) रहेछन् भने कुनै एकले अर्काको थैली तिर्न पर्दैन, जेठो लिखत सदर हुन्छ । तर दोहरो लिखत हुँदा हुदै हक छोड़िदिएको लिखत (राजीनामा छोडपत्र, बकसपत्र, दानपत्र) रहेछन् र कुनै बन्धकी लिखत (भोग वन्धक दृटि वन्धक) भएका रहेछन् भने जेठो लिखतको थैली तिर्न पाउँदैन । तर दोहरो लिखत हुँदा वन्धकी लिखत जेठो र हक छाडी लिनु दिनु भएको लिखत वालाले वन्धकी लिखतवालाको थैली तिरी आफ्ना लिखत वमोजिम भोग गर्न पाउँ भनेमा पाउँछ ।

दोहरो भएका लिखतहरू सवै वन्धकी रहेछन् भने वन्धक लिएको सदर हुने वा नहुने साहुले सो वन्धक लिएको अरू साहुको थैली तिरी आफ्नो थैलीमा समेत सो वन्धक परेको अचल भोग गर्न पाउँ भन्छ भने भोग चलन गर्न पाउँछ । त्यस्तो वन्धकी लिखत मध्ये पनि सदर हुने लिखत भएको साहुले लिए सम्म अरुले पाउदैन वन्धकी लिखत हुने मध्ये पछिल्ला साहु धेरै जना भएकोमा भने अघिल्ला लिखत वालाले कवुल गरेको भन्दा धेरै जना साहुको थैली पछिल्ला लिखतवालाले तिर्न कवुल गरेमा पछिल्लो लिखत वालाले थैली तिरी भोग चलन गर्न पाउँछ । अघिल्लो लिखत वाला र पछिल्ला लिखत वालाले वरावर साहुका थैली तिर्न कवुल गरेमा अघिल्ला लिखत वालाले थैली तिरी चलन गर्न पाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

यस्तो रूपैंया तिरी जग्गा भोग चलन गर्ने कुरामा थैली धरौट नराखि नालिस गर्न पाइन्छ । जसले तिर्न पाउने गरी अन्तिम फैसला हुन्छ त्यो व्यक्तिले त्यस्तो फैसला भएको पैंतिस दिन भित्र थैली तिर्नु पर्छ । सो म्यादमा तिरेन भने पाईदैंन । ३५

निखन्ने कानूनी व्यवस्था व्यावहारिक कुरामा आधारित छ र यो व्यवस्था आवश्यक पनि छ । तर निखन्ने भन्नाले जुन सुकै बिक्री भएको अचल निखन्न पाएमा न्यायिक दृष्टिले उचित हुन्न भने, यसबाट व्यवहार चल्ने चलाउने कुरामा समेत आघात पर्ने हुन्छ । पुरानो कानूनी व्यवस्था केही हद सम्म यस्तै थियो तर वर्तमान मुलुकी ऐन संशोधन अर्थात मुलुकी सातौ संशोधन ऐनले यस कुरामा महत्वपूर्ण उपयोगी परिवर्तन गरी निखन्ने कुरामा संधि सर्पन भन्ने. शब्द राखेर साधुरोपन ल्याएको छ जसबाट अति आवश्यक भएको सम्म निखन्न पाउन सकिन्छ जुन उचित पनि हो । यहां अझ संधि सर्पन शब्दको कानूनी रूपमा व्याख्या भएमा बढी उपयोगी हुन जाने देखिन आउँछ ।

पाद टिप्पणी

१. नि० सा० सं० पेज ३२२, २

२. मुलुकी ऐन एक विवेचना पेज १७८

३. श्री ५ सुरेन्द्र विक्रम शाहका पालामा बनेको मुलुकी ऐन (१९१०को) कानून किताब व्यवस्था समितिले छापेका संस्करणको पेज –२२

४. साविक मुलुकी ऐन २००९ को संस्करण पेज ११२, ११३

५. मुलुकी ऐन २०२० को पेज १४०

६. ७. ८. लेन देन व्य० को ११ नं०

९. नि० सा० सं० पेज ३६८

१०. नि० सा० सं पे० ३६७

११. १२. नि० सा० सं० पेज ३६८

१३. ऐ० ऐ० पेज २०५

१४. १५. ने. का. प. २०२० पेज ११८

१६. १७. लेन देन व्यवहारको नं १२

१८.१९.२०. निर्णयसार संग्रह पेज ३३२

२१. ने० का० प० २०३० पेज १५०

२२. ने० का० प० २०२९ पेज ५७

२३. नि० सा० सं० पेज ३३२

२४ ने० का० प० २०३१ पेज १५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५.	ने० का० प० २०३१ पेज	३३३
२६.	लेन देन व्यवहारको	१६ नं
२७	ऐ० को	३८ ,,
२८	रजिष्ट्रेशन को	३५ ,,
२९	ले० व्य० को	१४ ,,
३०	ले० व्य० को	१५ ,,
३१	ऐ० को	३ ,,
३२	ऐ० को	२९ ,,
३३	ऐ० को	१३ ,,
३४	जग्गा पजनी को	३ ,,
३५	रजिष्ट्रेशन को	३७,३८ ,,
३६	ले० व्य० को	१६ ,,

तपाईंको सन्तोष नै हाम्रो सन्तोष हो

निर्माण को काम भए

हामीलाइ सम्झनुहोस्

दास कन्सट्रक्सन
राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका उपत्यका बाहिरका क्याम्पसमा पढाउने राजनीति शास्त्र, अर्थशास्त्र, इतिहास र नेपाली विषयका शिक्षकहरुको कार्यशाला गोष्ठीमा सगरमाथा अंचलाधीश श्री महेश कुमार उपाध्याय र मा० र सा० शा० अ० सं० का डीन डा० तिमिल्सिनाका साथमा सहभागी शिक्षकहरू (२०३३ माघ १५ गते)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्याम्पस- भवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको आधुनिकीकरणको परिप्रेक्ष्यमा जलश्रोत उपभोगको संभावना र भूमिका

—उमाकान्त झा

उप-प्राध्यायक

आजको युग बड़ो परिवर्तनशील छ । विश्वका कतिपय देशहरूमा आर्थिक, सामाजिक एवं राजनीतिक परिवर्त्तन भइरहेको छ। त्यसको हावा लागेर नै नेपालमा पनि परिवर्तनको लहर उर्लेर आइरहेको सर्वविदित छ। तर नेपालमा निकै ढिलो गरी उर्लेको यो परिवर्त्तनको लहर शुरूमा अत्यन्त कमजोर थियो। आर्थिक पक्षबाट हेर्ने हो भने नेपालको अर्थ-व्यवस्था धेरै कालसम्म जस्ताको तस्तै रह्यो । नपालको आर्थिक विकासको क्रममा २०१७ सालको महत्वपूर्ण परिवर्त्तनले गर्दा यस सम्वन्धी वातावरण सुँघ्रदै आयो । देशमा भूमिसुधार र मुलुकी ऐन जस्ता क्रान्तिकारी कद्रम उठाइयो । स्व० श्री ५ महेन्द्रको राजकीय भ्रमण तथा मित्र राष्ट्रहरूबाट प्राप्त आर्थिक सहायताबाट पनि देशमा विकासका कार्यक्रमहरूको कार्यान्वयनमा ठूलो सहायता मिल्यो। आर्थिक योजनाहरूको माध्यमबाट देशको विभिन्न भागमा नयाँ नयाँ उद्योगहरुको स्थापना हुन थाल्यो, विद्युत एवं सिंचाई आयोजनाहरू संचालित भए, बाटाहरू धमाधम बन्न थाले । वर्त्तमान महाराजाधिराज श्री ५ वीरेन्द्रबाट पनि यिनै विकास नीति र प्रक्रयाहरु अपनाई नेपालको आधुनिकीकरणमा तन्मय होइबक्सियो । यसरी मौसूफ सरकारको सबल नेतृत्वमा नेपाल पनि योजनाबद्ध प्रणालीमा आर्थिक विकासको पथमा द्रुतगतिले लम्कँदै गएको कुरा आज तमाम नेपालीले अनुभव गरेका छन् र नेपाललाई अझ विकसित मुलुकको दाँजोमा पुर्‍याउँन हाम्रा राजा सदैव चिन्तित रहिबक्सिन्छ ।

नेपालको आधुनिकीकरणको परिप्रेक्ष्यमा जलस्रोतको उपभोगको के कति संभावना छ र यस्ले देशको सर्वांगीण विकासमा कस्तो भूमिका खेल्न सक्छ ? यस्ता प्रश्न उठनु विकासको सिलसिलामा अत्यन्त सामयिक र उपयोगी देखिन्छ, विश्वका विकसित, विकासोन्मुख र पिछडिएका मुलुकहरू निरन्तररूपले कुनै न-कुनै रूपबाट "तेल संकट" ले पीडित रहेका छन्। जापान जस्तो विकसित देशले पनि अविकसित देश झैं शत प्रतिशत शक्ति सम्बन्धी आवश्यकता बाहिरबाट नै पुरा गरेको पाइन्छ । खासगरी हाम्रो देशमा त कोयलाको साथै पेट्रोल, डिजेल. मट्टीतेल, ग्यांस आदि जस्ता शक्तिका साधनहरूको धेरै अभाव रहिआएकोछ। भौगर्भिक सर्वेक्षणको काम यद्यपि देशको विशेष भागमा सम्पन्न हुन पाएको छैन तथापि हाल सम्म UNDP

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यक्रम भारतको भौगर्भिक सर्वेक्षण विभाग र चीनको Petroleum Investigation Team and Bureau of Mines ले यस सम्बन्धमा निकै अध्ययन गरेका छन् । श्री ५ सरकारले पनि UNDP को विशेषज्ञ दलको सहायताले Mineral Exploration Development Board को गठन गरी Nepal geological Survey र Nepal Bureau of Mines को संयुक्त प्रयासबाट ३ वर्षे खानी उत्खनन आयोजना पनि देशमा प्रारंभ गरे-तापनि यस्ले कुनै ठोस प्रगति हासिल गर्न सकेन । निकट भविष्यमा समेत पनि खनिजतेल एवं ग्यासको कुनै भरपर्दो मात्रा देशमा उपलब्ध हुन सक्ने संभावना देखिन्न । एक तिर देशको आर्थिक विकासमा आधुनिकीकरणको अपरिहार्यता र अर्को तिर खनिज तेलहरुको अपर्याप्तता एवं दुर्लभताले गर्दा विशेष गरी हिजो आजको मांग अनुसार अर्को सस्तो एवं निकै मात्रामा पाइने शक्तिको साधनको सम्बन्धमा विशेष छलफल गर्नु अति आवश्यक हुन गएको छ ।

नेपालको भौगोलिक वातावरण, गन्ठ्याङ-गुन्ठुङ पहाड़ी धरातल; अटुट झरना र वेगसंग बग्ने, कोशी, कमला, बागमती, त्रिशुली, गण्डकी, राप्ती, कर्णाली जस्ता ठूल-ठूला नदीहरू एवं तिनका सहायक नदीहरू-जल-शक्तिका महान स्रोत हुन् । यहाँका अधिकांश नदी र खोलाहरु पहाड़बाट मैदान तथा बेंसीतिर हाम-फालेर बग्ने हुँदा पहाड़ी क्षेत्रको ठाउँ-ठाउँमा झरना र भँगालो बनेका छन् । कहीं-कहीं साँगुरो गल्छी तथा गहिरो वेंसी भई बग्ने हुँदा तिनमा बाँध उठाउन धेरै सजिलो छ । यिनबाट करोड़ौं किलोवाट जल विद्युत शक्ति निकाल्न सकिन्छ । हालको सर्वेक्षण अनुसार नेपालमा कूल ८३,००० मेगावाट (MW) जल-विद्युत शक्ति निकाल्न सकिने क्षमता छ तर अहिले सम्म ५४.२ MW विजुली मात्र उत्पादित गर्न सकिएको छ जस मध्ये ३३.४ MW जल विद्युत, १६.४ MW डिजेल बिद्युत एवं ४.४ MW थर्मेल विद्युत समेत छ। त्यसर्थ नेपालमा सबभन्दा महत्वपूर्ण यान्त्रिक शक्तिको साधन जल-विद्युत नै हो भन्ने कुरामा दुई मत नहोला । देशमा उद्योग, कृषि यातायात तथा संचार आधुनिक सभ्यता आदि क्षेत्रको उन्नति हुनमा प्रभाव पार्ने तत्व मध्ये जल-शक्तिको उपलब्धि पनि एक हो । निकट भविष्यमा देशको चौतर्फी विकासको बाटो खुलाउने सूत्रहरू मध्ये जल-विद्युत प्रमुख हुन गएको छ । देशको आधुनिकीकरण गर्नमा जलश्रोतको ठूलो भूमिका प्रष्ट देखिएकोले विगत योजनाकाल देखिनै जल विद्युत शक्तिको विकास तर्फ विशेष ध्यान दिदैं आएको हो । स्विट्जलैण्ड, न्यूजीलैण्ड, जापान, नर्वे, स्वेडन, इटाली आदि नेपाल जस्तै पहाड़ी मुलुक हुन् । ती देशहरुले जल-बिद्युतको विशेष उपयोग गरी निकै नै आर्थिक उन्नति गरी औद्योगिक क्षेत्रमा प्रतिनिधित्व समेत गरी देखाएका छन् । नेपालको पनि छिटो-छरितो औद्योगिक विकास मुख्यतः जल हिद्युतको प्रशस्त उपभोगमा निर्भर छ ।

जल शक्तिको विकास नै विकसित र अल्प विकसित देशहरूको सीमा निर्धारण गर्ने मापदण्ड हुन गएको छ । नेपालमा विद्युत शक्तिको विकासको उद्देश्य आर्थिक विकासको निम्ति आवश्यक विद्युत शक्ति उपलब्ध गराउने, शहरी र ग्रामीण क्षेत्रमा विद्युत शक्ति उपलब्ध गराई कृषि र औद्योगिक विकासमा सहायता पुर्याउने साथै विशेष गरी जल-स्रोतको समुचित विकास गरी राष्ट्रिय आयमा वृद्धि ल्याउने हो । आज देशमा चारैतिर विकासको लहर फैलिसकेको छ । विभिन्न क्षेत्रको विकासमा वैज्ञानिक उपकरण र आधुनिक सोचाइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को नितान्त खाँचो छ। जलस्रोतको अत्यधिक उपभोगवाट उत्पन्न हुने जल विद्युत नेपाल जस्तो गरीव मुलुकमा धेरै उपयोगी सिद्धहुन सक्तछ। कोयला र खनिजतेलको तुलनामा असीमित रूपमा अटूट प्रकारले, छिटो छरितो तरिकावाट अति सस्तो दरमा उपलब्ध हुने हुनाले यसको उपभोगको सम्भाव्यता अत्यधिक छ। विभिन्न योजनाहरु अन्तर्गत संचालित गरिएका विकास कार्यक्रमले यस्को उपयोगलाई अझ वढाएको छ। देशले निरन्तर गरिरहेको उत्पादन सम्बन्धी प्रयासमा जल विद्युत शक्तिको झन विशेष उपभोग गर्न सकिने स्थिति स्वतः प्रष्ट छ।

देशमा आर्थिक आत्म निर्भरता ल्याउने क्रममा औद्योगिकीकरणको साथै अरू आवश्यक क्षेत्रहरुमा पनि विद्युत शक्तिको माग निरन्तर वढिरहेको देखिन्छ। यस सन्दर्भमा हामीले सन् १९७६ देखि सन् १९८० सम्मको अवधिमा मध्य नेपालको काठमाण्डौ, वीरगंज र हेटौडा औद्योगिक क्षेत्र समेमको विद्युत शक्तिको मागमा २०% प्रति वर्षको दरले वृद्धिहुने अनुमानको उल्लेखगर्न सक्तछौं। विद्युत शक्तिको मागमा वृद्धिको संगसंगै जलस्रोतको उपभोगको सँभावना बढ्दै जानु स्वभाविक हो।

२०३३ सालमा जल विद्युत र शक्ति आयोग UNDP को संयुक्त आयोजनामा सम्पन्न भएको "Water and Energy Resources Development" सम्बन्धी विचार गोष्ठीले जलस्रोतको बढ़ी उपभोगको संभावनालाई चार बटा मुख्य बुँदाहरु अन्तर्गत क्रमशः जलश्रोतको संरक्षण, भविष्यकोलागि शक्तिको योजना र जलस्रोतको विकासकालागि अन्तर्राष्ट्रिय सहयोगको वृहद स्वीकृतको सिफारिस समेत गरेको हुनाले यस्को उपादेयता अरु वढन गएको छ।

यस प्रकार राष्ट्रिय अर्थ व्यवस्थाको विकासको निम्ति नेपालको जल विद्युत शक्तिको अधिकतम उपयोगको सम्बन्धमा धेरै समय देखि विशेष जोड़ दिने कुरा वहुतैले महसुस गरेकाछन्। २०३३ सालको "राष्ट्रिय विकास समिति"को पाँचौ वैठकमा श्री ५ वीरेन्द्रले देशको प्रचुर प्राकृतिक साधनको अधिकतम उपयोग गर्नु पर्ने वांछनीयतालाई प्रष्ट परिवक्सियो। मौसुफ सरकारको निर्देशन अनुरूप—"If our resources could harnessed to turn into economic blessing it is our belief that the springs of National Development would surely be relesaed in the country.

यसै कारण पाँचौ योजनामा जल – विद्युत विकासको लागि समुचित प्राथमिकता तोकिएको छ र सरकारी क्षेत्रको ११% खर्च यस माथि नै हुने भएको छ। यस योजनामा ५८,९४५ KW विजुली उलादन गर्ने लक्ष्य अन्तर्गत ५६,९४५ KW. जल विद्युत वाट नै विजुली निकाल्ने वृहद लक्ष्य निर्धारित गरिएको छ। त्यसर्थ डिजल प्लान्ट वाट मात्र २ हजार किलोवाट विद्युत उत्पादन गर्ने देखिएकोले जल विद्युत माथि सरकारकोअत्यधिक ध्यान केन्द्रीत रहेको देखिन्छ। जल विद्युतको उपभोगको संभावना कै आधारमा यस योजना समयमा शुरु एवं समाप्त हुने ठूला जल विद्युत आयोजनाहरुमा देवीघाट वाट (१४ हजार KW.) कुलेखानीको प्रथम चरण वाट (३० हजार KW.) गण्डकवाट (१०हजार KW.) कन्काईवाट (३२ हजार KW.) शारदा बावईबाट (४९ हजार KW. र सानो आयोजनाबाट ५४५ किलोवाट जल विद्युत उपलब्धहुने अनुमान गरिएको छ। यस वाहेक ५० देखि २००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किलोवाट क्षमता भएका सानो जलविद्युतआयोजनाहरु आउँदो वर्षमा पहाड़ी क्षेत्रका जुम्ला, दौलेख सल्यान, पाटन डोल्पा, रसुवा, खोटाङ, उदयपुर, तेह्रथुम मनाङ, डडेलधुरा र बझाङ गरी जम्मा १२ वाट जिल्लामा संचालित हुने भएका छन् । श्री ५ महाराजाधिराज सरकारको सदिच्छा वमोजिम हालै भारत सरकारले ३६०० MW. क्षमता भएको कर्णाली जल विद्युत आयोजनाको कार्यन्वयनमा वडो तत्परता देखाएको छ र १२०० MW. जलविद्युत क्षमता को पन्चेश्वर आयोजनाको सम्वधमा नेपाल-भारतका विशेषज्ञहरूने छलफल गरेका छन् ।

माथि वर्णन गरिएको जल विद्युतको वढ़ी उपलव्धता र सरकारको प्रभावकारी कदमवाट यो झन प्रष्ट हुन गएको छ कि विदेशवाट आयात गरिने खनिज तेलको मूल्यमा अवाध गतिले वृद्धि हुदै गएको हुनाले डिजल प्लान्टको सट्टामा जल विद्युत आयोजना माथि विशेष ध्यान दिइएको छ । साथै देश भरी उत्पादन एवं दिनहुँ व्यवहारका लागि चाहिने तमाम शक्ति जल विद्युतवाट नै पूर्ति गर्नु पर्ने अनिवार्यता पनि देखिन्छ । यद्यपि यातायात को निम्ति नेपालले पेट्रोलको आयात गर्नु पर्छ नै तर केही वर्षमा वचत विद्युत भारतलाई निर्यात गरी सो आर्थिक क्षति पूर्ति हुने संभावना विलकुलै प्रष्ट छ ।

नेपालको जल विद्युत शक्तिको क्षमता र विभिन्न योजनाहरूमा यस सम्वन्धी गरिएका प्रगति-हरुलाई दाँजिहेर्दा सन्तोषप्रद स्थिति रहेको पाइन्न । देशको आर्थिक विकासमा जलस्रोतको प्रमुख भूमिको रहेको हुनाले यस्को प्रगतिमा सम्बन्धित निकायले अझ वढ़ी प्रयास गर्नु पर्ने देखिन्छ । अहिले पनि त्यस्ता महत्वपूर्ण जलस्रोत त्यसै निष्क्रय छन् ग्रामीण क्षेत्रमा जलविद्युतको अभावले गर्दा अझ उद्योगहरु खुल्न पाएका छैनन् र वाध्य भई हामी खनिजतेलको आयातमा निकै विदेशी मुद्रा खर्च गरिरहेकाछौं । जलविद्युत-प्रधानता छँदा छँदै पनि शुरुमा पूँजीको अभावले गर्दा यस्को सुहाउँदिलो विकास हुन सकेन र अहिले याता-यात एवं प्राविधिज्ञको कमीले यस क्षेत्रमा समुचित विकास भइरहेको छैन । यसै स्थितिलाई हेरी हाम्रो सरकारले हालको योजनामा कम खर्चिलो र पहाड़ी भेगमा संचालित हुने सानो जल विद्युत आयोजना माथि विशेष ध्यान दिएको छ । यस वाहेक तराई क्षेत्रमा सिंचाईको साथै जल विद्युत आयोजनाको विकास गर्दै लगिएमा देशको आधुनिकीकरण गर्न देशको अपार जलस्रोतको अधिकतम उपभोग हुन सकिने ठूलो संभावना अझै विद्यमान छ । देशको सर्वतोमुखी विकासमा जलश्रोतको यस प्रकारको गहकिलो भूमिका खेल्न सक्छ ।

श्री ५ वीरेन्द्रको सवल, सफल र सक्रिय नेतृत्वमा चारै तिर विकासको लहर फैलाउन अपरिमित जलस्रोतको अपार संभावनाको वड़ी उपभोग गर्न र देश विकासमा यस्को ठूलो दायित्व रहने कुरा आज झण्डै सवा करोड़ नेपालीहरुले मुक्त कण्ठले व्यक्त गरिरहेका छन् । अन्तमा मौसूफ सरकारको निर्देशन "Since the begining, of creation, our rivers with their endless flow of water have been simmering with perennial Mother Godless so that we may enrich with light and prosperity this land of ours which for so long has remained in the shadows of advesity and ignorance." हृदयंगम गरी जलस्रोतको अधिकतम उपभोग गर्नमा देशलाई सक्रिय गर्नु परेकोछ । देशको मुहार चहकिलो पार्न एक जुट भई देश विकासमा कम्मर कसी लाग्नु परेको छ अनि मात्र सरकारको सपना विपनामा परिणत हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कंचनगढ-एक परिचय

--खेमराज पोखरेल
स्नातक चौथो

सप्तरी जिल्लाका प्रमुख स्थलहरूको गणना गर्दै जाँदा कंचनपुर र रूपनगर भन्ने दुईटा गा० पं० को पनि गणना गरिन्छ। कंचनपुर विकासशील क्षेत्र नै भएकाले त्यहाँका वासिन्दा तथाकथित जागरूक नै देखिन्छन्। सप्तरी जिल्ला कै धार्मिक स्थलहरूको चर्चा गर्दा रूपनगरको नारायण थानको पनि चर्चा गर्नु चासो पर्दो देखिन्छ। नारायण भनिने शीला २००० सालमा घर वनाउँन खाल्डो खन्दा फेला परेको हो। यसरी घर वनाउँन लाग्दा उक्त शीला (मूर्ति) फेला पर्नुबाट त्यस स्थल तर्फ ध्यान जानु स्वाभाविक नै हो। कंचनपुर र रुपनगर दुवै छिमेकी इलाका भएकाले यी दुवैको नामाकरणको सम्वन्धमा पनि दुवैलाई पिरोल्नु पर्ने स्थिति हुग्छ।

कंचनपुर र रूपनगरको साँधमा एउटा सानो गढ छ। यस गढलाई कंचनपुरेहरु कंचनगढ अनि रुपनगरेहरु रुपनगढ भनी हानथाप गर्दा रहेछन्। करीब ३ बिघाको फराकिलो टारमा अहिले पनि सो गढका नमूनाहरु प्रशस्त मात्रामा पाइन्छन्। वरिपरि चौगीर्दा भएको उक्त दरवारको प्राङ्गणभित्र तथाकथित एउटा शीशाको इनार भएको कुरामा गाउँलेहरू विश्वास गर्दछन्। उक्त शीशाको इनारवाट भोलानाथ सुव्वा भन्ने एकजना प्रभावशाली व्यक्तिले उक्त इनारमा उत्खनन गरी केही शीशा कुम्ल्याएका थिए भन्ने चर्चा गाउँलेका मुखवाट सुनिन्छ। उक्त तीन विघे गढमा अहिले पनि ठूला ठूला ईंट्टाका टुक्राहरु फेला पर्दछन्। ती टुक्रा-लाई अवलोकन गरी अनुमान गर्दा ती ईंटा हाल प्रचलित ईंट्टाको दोवर प्रतीत हुन्छ। उक्त गढको पश्चिम पट्टि पर्ने महेन्द्र राजमार्ग संग जोडिने दरबारको मुखवाट आएको सडकमा अहिले पनि वर्षाकालमा तेलिया ईंट फेला पर्दछन् भन्ने कुरामा गाउँलेहरु विश्वस्त छन्। यसै सिलसिला पूर्व पश्चिम महेन्द्र राजमार्ग खन्दा त्यहाँ पाइएका ईंटाको इनार र हातहतियारको सम्वन्धमा विवरण सुग्दा यस स्थललाई महत्वपूर्ण स्थल भन्न करैलाग्छ। यसको अतिरिक्त कंचनगढको केही दक्षिणमा एउटा अर्को भग्नावशेष फेला पर्दछ। यो अवशेष अहिले एउटा ईंटा र माटो मिश्रित ढिस्को मात्रछ। यसलाई गाउँलेहरु कचहरी भन्दा रहेछन्। यो कचहरी कंचनगढका राजाको न्यायालय तथा प्रशासकीय भवन थियो। यस कचहरीका अवशेपका साथै यसको केही पश्चिम पट्टि घोडदौड भनिने ४४ विघाको चौर देखिन्छ। अहिले यो चौर आवाद भई सकेता पनि छेउछेउका चिन्ह चाहिं अहिले पनि विम्वित छन्। यो घोडदौडमा कंचनगढका राजा घोडा दौडाएर मनोरंजन गर्दथे भन्ने धारणा गाउँलेहरुको छ। यस दृष्टिवाट हेर्दा यसलाई काठमाण्डुको टुडिखेलसंग मितेरीलाईदिनु पर्ने हुन्छ। यसै स्थल वरिपरि ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गण्डा (२८ वटा) पोखरी थिए भन्ने कुरा गाउँलेका मुखवाट सुनिए तापनि हाल सुन्दरी खोलाले नोकसान गरेकाले २,३ पोखरीका माहार मात्रै देखिन्छन्।

कंचनगढ सम्वन्धि प्रचलित लोककथालाई नियालेर हेर्दा कंचनपुर र रूपनगरको न्वारान गर्ने पुरेतको टुङ्गो लागेको प्रतीत हुन्छ। उक्त लोककथालाई लक्ष्यगत रुपमा विचार गर्दा कंचनगढ उदयपुर जिल्लाको चौदण्डीगढीसंग साइनो जोड्न पुग्दछ। चौदण्डी गढीका राजा कर्णसेन राई पृथ्वीनारायणशाहवाट पराजित भएको कुरा इतिहासले प्रमाणित गरेको कुरा हो। बुद्धिकर्ण राई वहादुर शाहका पालामा मारिएका हुन्। यो कुरा करीव २०० वर्ष पुरानो हुनु र लोककथाले यस गढलाई २०० वर्ष पुरानो भन्नु संयोग नै परेजस्तो लाग्दछ। लोककथानुसार चौदण्डी गढीका राजा श्यामभकुन (कर्णसेन...?)को जाडोमा वस्ने दरवार कंचनगढ हो। यस तथ्यको पुष्टिकालागि हाल चौदण्डी गढी पनि कंचनपुर गा० पं० अन्तरगत नै पर्दछ। यी दुवै स्थलको नाम कंचनपुर रहनुवाट पनि एउटै राजाको दुई स्थानमा दरवार हो कि भनेर शंका गर्ने प्रशस्त ठाउँ छ। यस दृष्टिले हेर्दा कंचनपुर अनि रुपनगर दुवै ऐतिहासिक स्थल हुन जमर्को गरेझैं लाग्द छ।

उक्त लकोकथाकै आधारमा हाल रुपनगर स्थित नारायण स्थानलाई ठाकुरवाड़ी भनिदो रहेछ। ठाकुर अर्थात् भगवान विष्णुवाड़ी अर्थात् वस्ने अथवा भगवान विष्णुको आवासस्थल भएकाले यस स्थललाई ठाकुरवाड़ी भनिएको हुन सक्तछ। यसो हुंदा प्रत्येक ऐतिहासिक स्थलसंग धार्मिक स्थलले सम्वन्ध जोडेको कुरा कटुसत्य भएकाले यो ठाकुरवाड़ीले पनि कंचनगढसंग साइनो जोडेको छ। यसै ठाकुरवाडी भनिने स्थलको क्षेत्रलाई विशेषतः रूपनगर भनिन्छ। रूप (अर्थात सुन्दर) नगर (अर्थात वस्ती) अथवा सुन्दरवस्ती भएको हुनाले नै यसलाई रूपनगर भनिएको हुनसक्तछ। भगवान विष्णुको वासस्थान भएको वस्ती सुन्दर पार्नु पनि त नौलो कुरा होइन। जे भएपनि लोककथानुसार चण्डीवर राजा (श्याम मकुन कै उत्तराधिकारी औ पूर्खा ?) ले राज्य गरेको उक्त स्थलमा ४४ विधे घोडदौड र ७ गण्डा पोखरी, कचहरी आदि देखा पर्दा त्यस स्थललाई ऐतिहासिक भनेर चर्चा गनु उपयुक्त नै हुनेछ। यसका साथै यस स्थलमा केशव प्रसाद पोखरेलले कुलो खन्दा दुईटामाटाका ठुल्ठुला घ्याम्पा फेला परेको कुराले यस तथ्य पुष्टिकालागि सहायक भइदिन्छ। ती दुईटा माटाका घ्याम्पा मध्ये एउटा चाहिं सुरक्षित नै छ !

यस खुल्दुलीलाई केलाउँदा-केलाउँदै अर्को खुल्दुली पूर्ण चर्चाको विषय वन्दछ रूपनगर गा. पं. कै शिवपार्वतीका मूर्ति। यी मूर्तिहरू सुन्दरीको शीरवाट ल्याएर काठमाल अन्तरगत खोकसर वनकार्यालय अगाडि राखिएको छ। यी मूर्ति आज भन्दा करीव २०,२५ वर्ष पहिले ल्याइएका हुंन्। यसमा शिव पार्वतीको मूर्तिका साथै गणेश र कुन्ताको पनि मूर्ति ल्याइएको छ। यी मूर्ति कसरी त्यो अनकंटार जंगलमा पुगे विद्वानवर्गले मगज खियाउनु पर्ने विषय छ। सुन्दरीको शीरबाट ल्याइएका ती मूर्तिको साधारण अवलोकन र नारायण शीलाको साधारण अवलोकन गर्दा र गाँउलेको कुरा मानी दुवैको वनौटको र शीलाको विचारगर्दा एकै समयमा वनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ति हो कि भन्नु पर्ने खण्ड आउँछ। उक्त स्थलमा भएको कुन्ताको मूर्ति चाहिं फस्को ढुङ्गाबाट निर्मित अनि अस्पष्ट भएकाले पछिको हो भनी अडकल काट्न सकिन्छ।

त्यसकारण उदयपुर जिल्लाको चौदण्डी गढी, कंचनगढ अनि सुन्दरीको शीर त्रिवेणी बनेर एकै ठाउँमा गाँसिन्छन्। अनि यो त्रिवेणीले एउटा सुव्यवस्थित इतिहास डोऱ्याई हातेमालो गरिहिंडेका छन्। यी सब ऐतिहासिक र लोक कथात्मक दृस्टिकोणले रूपनगर र कंचनपुरलाई एउटै राजाले (एकै वंशका, एकै ठाउँका) न्वारान गरे होलान् भन्न सकिन्छ।

नेपालको मध्यकालीन इतिहास अहिले पनि अन्धकारमय छ। नेपालको मध्यकालीन इतिहासलाई आँखा चिम्लेर काठमाण्डू उपत्यकाको इतिहास भन्न सकिन्छ। त्यसकारण नेपालका कर्मठ र प्रतिभाशाली व्यक्तिले यो आँखा चिम्ल्याइलाई इति पारेर माध्यमिककालीन इतिहासको अनुसन्धान गरिनु पर्ने हुन्छ। यसैं सिलसिलामा कंचनगढ़ले पनि पृथ्वीनाराथण शाह भन्दा पहिलेको नेपालको इतिहासमा दृष्टि पुऱ्याउँने कुरा मान्न योग्य नै छ। यस परिप्रेक्ष्यमा नेपालको इतिहास, आफ्नो सभ्यता अनि आफ्नो स्वाधिनता प्रति अनुरागी व्यक्तिका समूह अनि संस्थाबाट यस कंचनगढको लोककथा अनि त्यहाँका अवशेषको अध्ययन गरिनु नेपालको माध्यमिककालीन इतिहासमा एउटा आयाम थपिनु नै हो भन्नु अतिशयोक्ति हुने छैन।

खुल्यो! खुल्यो! खुल्यो!

राजविराजमा खुलेको नयाँ ईंटा उद्योगबाट स्तरीय ईंटा उत्पादन भइरहेछ। हामीलाई पनि तपाईंको सेवा गर्ने मौका दिनुहोस्।

—श्रेष्ठ ईंटा उद्योग
राजविराज -८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमि सम्वन्धी ऐनको ऐतिहासिक पक्ष-एक अध्ययन

—जर्नादन वहादुर खड्का
स० प्रा०

कानूनको उत्पत्ति एवं विकासको इतिहासमा सरसरती सिंहावलोकन गर्ने हो भने यसको उत्पत्ति एवं विकास मानिसको आन्तरिक चेतनाबाट आफ्नै परिप्रेक्षमा अभ्युदय भएको पाउंदछौं। जुन समयानुकूल र आवश्यकता अनुकूल क्रमशः द्रुतगामी रूपमा निरन्तर परिवर्तन हुँदै आएको छ र भविष्यमा पनि हुँदै जानेछ। यही क्रममा श्री ५ महेन्द्रबाट २०१७ सालमा पंचायती व्यवस्थाको सूत्रपात गरिबक्सियो र २०१९ सालमा "नेपालको संविधान" प्रदान गरेको पाउँदछौ। यस सँविधानको धारा १९ को उपधारा (१) मा पंचायती प्रणालीको सम्वन्धमा भनिएको छ—"व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामन्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीको उद्देश्य हुनेछ"। यसरी पञ्चायती व्यवस्थामा परिकल्पित जुन लक्ष्य छ, त्यसलाई साकार रूप दिन विभिन्न किसिमका सामाजिक, राजनैतिक र आर्थिक पाइलाहरु चाल्न स्वभावत: आवश्यकता हुन आउँछ। यिनै आवश्यकता वोध अनुरूप समय समयमा विभिन्न सुधारका कदमहरु सँचालन गरियो, ती मध्ये भूमि सम्वन्धी ऐन २०२१ लाई लिन सकिन्छ। भूमि सम्वन्धी ऐन २०२१ नेपालको कानूनि जगतमा प्रभावशाली र सशक्त प्रयोग लिएर हाम्रो सामु उपस्थित भएको पाउँदछौं। यो भन्दा अघि पनि समय समयमा भूमि सम्वन्धी थिति बन्देज, रुक्का, आदेश, ऐन कानून नवनेका होइनन्। तर यिनले जुन रूपमा परिलक्षित हुनु पर्थ्यो सो रुपमा भने सफलता प्राप्त गरेको पाइदैन। अत: यस पृष्ठभूमिको व्यावहारिक आधार र नेपाली जनजीवनको माग अनुरुप नै वास्तवमा भूमि सम्वन्धी ऐन २०२१ प्रभावशाली, सशक्त प्रयोग र नौलो रुप लिएर आएको भन्नुमा कुनै अत्युक्ति हुंदैन। यस सन्दर्भमा चर्चा गर्नु अघि नेपालको भूमि व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि के कस्तो रहेछ भनी विचार गर्नु यस लेखको मूल उद्देश्य रहेको छ।

ऐतिहासिक पृष्ठभूमि

१. लिच्छवीकाल—

लिच्छवीकालीन इतिहासलाई प्रकाश पार्ने मूल साधन हामी सँग अभिलेखहरु मात्र छन्। यिनै अभिलेखको सहयोगबाट विभिन्न इतिहासकार र विद्वानहरुले, तत्कालीन जनजीवनका विभिन्न पक्षहरु वारे प्रकाश पार्ने प्रयत्न गरेकाछन्। यिनै प्राप्य आधारबाट लिच्छवीकालीन भूमि व्यवस्थाको केही झलक पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिच्छवीकालीन इतिहासमा भूमि तिन वर्गको स्वामित्वमा रहेको देखिन्छ अर्थात् उवजाउ भूमिलाई तिन श्रेणीमा विभाजन गरिएको थियो। प्रथम श्रेणीको जमीनमा राजकुलका सदस्यहरुको स्वामित्व र अधिकार थियो । दोस्रो श्रेणीको जमीनमा संघ. संस्था अन्तर्गत स्वामीत्व रहेको बुझिन्छ । त्यस समयमा देवीदेवता, पूजा आजाका लागि गुठी स्थापना गर्ने प्रचलन अत्यधिक रहेको थियो। फलस्वरुप मानिसको धार्मिक मनोवृति अनुसार गुठी स्थापना गर्न वा स्थापित गरिएको गुठीमा जग्गा दान गरिन्थ्यो । यसरी प्राप्त हुन आएको जग्गाको स्वामित्व यस्ता सँघ सँस्थामा प्राप्त हुन आउँथ्यो। तेश्रो श्रेणीको जमिनमा कृषकहरूको स्वामित्वमा रहेको देखिन्छ । साथै त्यस समयमा विर्ता प्रथा पनि रहेको बुझिन्छ। यस्ता विर्ता जग्गाहरु संतान दरसंतान सम्म भोग गर्न पाइन्थ्यो। त्यस समयमा विर्ता शब्दलाई जनाउने शब्द 'अग्रहार'को रुपमा प्रचलित थियो। अतः माथिका कुरावाट के कुरा थाहा हुन आउँछ भने त्यस समयमा उपत्यकाका जग्गाहरु स-साना खण्डमा विभाजित भइसकेका थिए । साथै मानदेव भन्दा निकै शताब्दी अघि यहाँ जग्गा आवाद भइसकेको रहेछ भन्ने कुरा पनि प्रष्ट देखिन आउँछ।

कुनै पनि देशमा भूमिको सीमा निर्धारण जव सम्म राम्रो हुँदैन, तव सम्म भूमि सम्बन्धी विवादको राम्रो समाधान हुन सक्तैन जस्ले गर्दा झगड़ाहरूको सृजना हुने र किसानहरु आपसमा सँधै नै अशान्त बातावरणमा रहिरहनु पर्ने हुन जान्छ। अतः यी विभाजित टुक्रालाई सीमा निर्धारण गर्ने उद्देश्यबाट त्यस समयमा पनि भूमिको सीमा निर्धारण राम्रो संग गरेको पाउँदछौं जस अनुरुप हिजो आज विगाहा वा रोपनी प्रयोग गरे झैं त्यस समयमा 'भूमि' शब्दको प्रयोग भएको पाइन्छ। अर्थात् एक भूमि वरावर एक रोपनी हुन्थ्यो भन्ने कुरा बुझिन्छ। यसरी सीमा निर्धारणको निमित्त निश्चित इकाईको रूपमा प्रयोग भएको पाउँदछौं । यसरी तत्कालीन आवश्यकताको परिपूर्ति केही हद सम्म भएकै देखिन्छ।

लिच्छवीकालीन समयमा जग्गाको स्वामित्व जग्गाधनी मै रहेको थियो । जसरी जग्गा धनीको सुरक्षा तत्कालीन शासकहरुले गरेको पाउदछौं। यस समयमा मोही हक सुरक्षित राख्न कूत निर्धारण गरेका थिति वन्देजहरु उल्लेखनीय छन् । त्यस सम्बन्धमा प्रकाश पार्ने "प्रभुकेश्वर महादेवको" अभिलेखलाई लिन सकिन्छ । यस अभिलेखमा यति निश्चित जग्गामा यति निश्चित कूत लिनु पर्ने र निश्चित गरिएको कूत भन्दा बढी लिन नपाउने व्यवस्था गरी मोही हक सुरक्षित राख्ने प्रयत्न गरेको बुझिन्छ। यसरी यस समयमा पनि जग्गाधनीले मनमानी ढंगबाट कूत असूल उपर गर्न नपाउने थिति वन्देज गरिएको थियो । यस अभिलेखमा कूत निश्चित गर्ने परिमाण तोकिएको छ। जस अनुसार ५० भूमि (१ भूमि वरावर १ रोपनी) =२०मानीका (१मानीका =१मुरी)) कूत निर्धारण गरेको पाउदछौं।

लिच्छवीकालीन समयको जनजीवन मूलतः कृषिमा नै आधारित थियो साथै राज्यको करको मूल श्रोत पनि स्वभावतः कृषिमा नै आधारित हुनु स्वाभाविक थियो। त्यसो भएको हुँदा तत्कालीन शासकवर्गले सिचाईमा राम्रो ध्यान दिएको पाउदछौं। सम्वत् २४० मा राजा शिवदेवले कीर्तिपुर स्थित वल्खु बाँध तयार गरेको कुरा अभिलेखमा पाइन्छ। त्यस्तै अन्य अन्य शासक वर्गहरुले पनि नहर कुलो वाँध निर्माण गरेका कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्याप्त रुपमा पाइन्छ । साथै जग्गाको करमा उत्पादनको परिमाण अनुसार कृषकहरुले भूमिकरको रूपमा अन्न नै राजकोषमा जम्मा गर्नु पर्ने व्यवस्था उल्लेख भएको देखिन्छ ।

लिच्छवीकालीन समयमा भूमि सम्बन्धलाई लिएर यस किसिमका पर्याप्त थिति बन्देजहरु रहेको बुझिन्छ, जुन निश्चय नै तत्कालीन समयको आवश्यकताको परिपूर्ति गर्न सक्षम रहेको बुझिन्छ ।

२. *मल्लकाल—*

मल्लकालीन समयमा भूमि सम्बन्धी व्यवस्थालाई अवलोकन गर्ने हो भने मूल रूपमा जयस्थिति मल्लले बाँधेका सामाजिक थितिलाई नै लिन सकिन्छ । तिनले बाँधेका थिति बन्देजहरु कानूनी इतिहासमा सँधैं नै स्मरणीय रुपमा रहिआएका छन् । जयस्थिति मल्लले तत्कालीन आवश्यकताको आधारमा मुख्य ४ वटा कानून निर्माण गरी जारी गरेको पाँउदछौं । ती क्रमश;—(१) गृह निर्णय (२) क्षेत्र निर्णय (३) जात निर्णय (४) मानव न्याय शास्त्र । यहाँ केवल विषय वस्तुसंग सम्बन्धित दोश्रो क्षेत्र निर्णयकोमात्र चर्चा गर्नु उपयुक्त ठान्दछु । यस क्षेत्र निर्णयको थितिमा जग्गाको गुण र महत्व हेरी वर्गीकरण गरिएको छ । जस अनुसार प्रथम दर्जाको जग्गालाई अवल श्रेणीमा राखियो, दोश्रो श्रेणीको जग्गामा दोयम, तेस्रो श्रेणीमा सिम र चौथो श्रेणीमा चाहारको रूपमा दरिएको पाउदछौं । जग्गाको नापी गर्ने र रोपनी निकाल्ने सम्बन्धमा पनि उल्लेखनीय व्यवस्था रहेको थियो । जस अनुसार $7\frac{1}{2}$ हातको टाँगा (जंजीर) ले यसरी जग्गाको श्रेणी विभाजन गरी, श्रेणी अनुसारको कूत लिने व्यवस्था समेत मिलाएको देखिन्छ । त्यस्तै घर नाप्नेहरूलाई तक्षकार नाम राखे, जुन कालान्तरमा गएर थरको रूप समेत लियो जो अद्यावधि नेवारी जातमा भएको पाउँदछौं ।

मल्लकालीन समयमा पनि मुख्य पेशा कृषिमा नै आधारित रहेको थियो । अतः मल्लकालीन शासकहरूले सिंचाईको व्यवस्थाको निमित्त पर्याप्त ध्यान दिएको पाइन्छ । त्यसको प्रमाणको रूपमा कुलो चलाउने, रेखदेख गर्ने र सिंचाइको व्यवस्था गर्ने समेत क्षेत्रनिर्णयको स्थितिमा उल्लेख भएको पाउँदछौं । यसरी समय समयमा बनेका थिति बन्देजहरू क्रमशः सुधार भएर अग्रगासी भएको पाउँछौं ।

३. *शाहकाल :—*

सर्वप्रथम शाहकालमा राम शाहले २६ दफाको थिति बन्देज बाँधेका थिए । यसमा रीण दिंदा-लिदा दशौंदको हिसावले लिनेगर्नु पर्ने र यसो गर्दा साँवाको दोब्बर भन्दा वढी लिन नहुने गरिएको थियो । यस्तै अन्नादि वस्तुको ब्याज लिदा दिदा पनि साँवाको दोब्बर भन्दा वढी लिन नपाउँने व्यवस्था गरेको पाउँदछौं । सायद प्रचलनमा यो भन्दा चर्को रूपमा ब्याज लिनेदिने गरेको बुझिन्छ । यसवाट के कुरा थाह हुन आउँछ भने जग्गाधनीको शोषणबाट किसानलाई सुरक्षा प्रदान गर्नु मूल उद्देश्य रहेको थियो । यस समयमा राजावाट विर्ता जग्गा दिने प्रचलन पनि पर्याप्त रहेको बुझिन्छ, तर राम शाहको पालामा विर्ता जग्गा दिंदा यसरी दिनु पर्ने भनी उल्लेख गरिएको छ–"अब उप्रान्त ब्राह्मणलाई विर्ता संकल्प गरिवक्सँदा श्री ५ महाराजाको भूमि चौतरियाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झारी (भाईहरू समेत राखी दिने) काजीको विन्ती व्राह्मणको हात ।'' अर्थात विर्ता जग्गा दिंदा भाई भारदार काजीको, सिफारीसमा दिए बढ़ी न्यायोचित हुन्छ भन्ने धारणा रहेको बुझिन्छ । यस समयमा जग्गाको वर्गीकरण मल्लकालमा जुन अनुरूप राखिएको थियो सोही अनुरूप नै रहेको पाउँछौं । किसानको मोही हकको कुनै सुरक्षा थिएन । जग्गाधनी कै वाहुल्यता रहेक थियो ता पनि राम शाहले केही सुधार भने नगरेका होइनन् ।

शाह कालीन समयमा पृथ्वीनारायण शाह ज्यादा जसो लडांईमा नै व्यस्त रहेकाले कुनै खास थिति वन्देज निर्माण गरेको पाइँदैन तापनि यस समयमा पृथ्वीनारायण शाहले पल्लो किराँत र माझ किरांतका केही भागका जातीहरूलाई किपटको रूपमा जग्गा प्रदान गरेको पाउदछौं । त्यस्तो व्राह्मणहरुलाई विर्ता जग्गा प्रदान गर्ने प्रचलन पनि रहिआएको थियो । जागीरदारलाई खान्गी प्रदान गरिन्थ्यो । यसरी जग्गाको वर्गीकरणमा अझ वाहुल्यता उत्पन्न भएको देखिन्छ ।

यसरी फुटकर रूपमा रहेका थिति वन्देज जस्ता कानूनी व्यवस्थाको संचालन हुंदै आएकोमा श्री ५ सुरेन्द्रको पालामा १९१०मा एकीकृत रूपमा मुलुकी ऐन आएको पाउँदछौं । यस ऐनमा भूमि संवन्धी व्यवस्था के कस्तो रहेछ भनी विचार गर्दा दत्तगुठी, मोहीटलसिंह र जग्गा जमिन आदि महलको व्यवस्था गरिएको छ । यस मुलुकी ऐनको टलसिंहको महलमा "वीरता गुठी वेपमानो चावल किपट रैकर जग्गा षेत पाषामा घर वाहेक पुरानो या मोही कुरियाली कूतवाली सेरमा वेला-वेलामा पुर्याउनज्याल मोही पजनी गरि कसैले नपोस्नुलाई पोस्या भन्या अदालत ठाना अमाल दफदरवाट उसैलाई थामी दिनु पोसन्यालाई पोस्याको जग्गाको एक सालका उब्जनीव मोजीम दंड गर्नु'' भनी व्यवस्था गरेको पाइन्छ । यसरी मोही हक सुरक्षित गर्ने प्रयत्न गरेको पाउँदछौं ।

तर यसको वावजुद पनि भूमिमा आश्रृत किसानको हक खास रूपमा कुनै सुरक्षित भएको पाइँदैन । वास्तवमा यसको सुधारको प्रक्रया नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात् नै क्रमिक रूपमा विकास हुंदै गएको भन्ने तथ्य निम्न आधारमा पुष्टि भएको पाउँदछौं ।

१. *मोहीयानी हक संरक्षण ऐन :—*

२००७ साल पछि जग्गा धनीले धमाधम मोही हक वेदखली गर्न सुरु गरे । फलस्वरूप मोहीहक संरक्षण गर्न कमिसन गठन गरियो । यसको सुझावको आधारमा मोहीयानी हक संरक्षण ऐन तयार गरियो । जस अनुसार (क) २००७ साल सम्म जोतिरहेका किसानलाई मोही हक प्रदान गर्ने (ख) कूत तिरे सम्म जग्गावाट हटाउँन नपाउने (ग) मोहीहक वेच विखन गर्न नपाउने व्यवस्था गरियो तर वास्तविक रूपमा यस ऐनले सफलता प्राप्त गर्न सकेन ।

२. *शाही घोषणा :—*

२०१२ सालमा श्री ५ महेन्द्रवाट १३ सूत्री भूमिसुधारको घोषणा भयो जस अनुसार (क) दुई वर्ष सम्म अवछिन्न रूपमा जग्गा जोतेको किसानलाई मोहीयानी हक प्रदान गर्ने (ख) जग्गाधनीले कूत्तको भरपाई नदिएमा दंड गर्ने (ग) कूत ५०% भन्दा वढी लिन नपाउने (घ) व्याज १०% भन्दा वढी लिन नपाउँने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) जग्गाधनी र मोहीको लगत तयार गर्ने घोषणा भयो। तर वास्तवमा यस घोषणाले पनि कार्यरूपमा सफलता प्राप्त गर्न सक्षम भएको देखिदैन ।

३. *जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने ऐन २०१३ :—*

यस ऐनले जग्गावाला र मोहीहरूको लगत तयार गर्ने व्यवस्था ग-यो । ग्रामसमितिहरू खडा गरी मोहीयानी हक निर्धारण गर्ने यसको उद्देश्य रहेको बुझिन्छ यस ऐनले मोहीयानी हक संरक्षणका लागि महत्वपूर्ण पाइला भने चाल्न सकेको देखिदैन ।

४. *भूमि सम्बन्धी ऐन २०१४ :—*

यस ऐनले एक वर्ष जग्गा कमाउनेलाई सुरक्षित किमानको हक प्रदान गर्ने व्यवस्था गरेको थियो । साथै सुरक्षित किसानलाई निष्कासन गर्न वन्देज गरिएको थियो। कूत ५०% मात्र बुझाउनु पर्ने व्यवस्था गरिएको थियो ।

५. *कृषि सम्बन्धी नयाँ व्यवस्था ऐन २०१९ :—*

यो ऐन परीक्षणको रूपमा केही क्षेत्रमा मात्र सीमित राखिएको थियो । यस ऐन अनुसार मोहीयानी हक र दायित्व सम्वन्धमा १ वर्ष वा बढी अवधि कमाएमा स्वत: मोही हक प्राप्त हुने कानूनी व्यवस्था थियो । कूत बुझाएसम्म मोहीहकवाट वंचित गर्न सकिदैन थियो । कूत लिदा ५०% सम्म मात्र लिन पाउँने व्यवस्था गरिएको थियो । जग्गाको हदवन्दी सम्वन्धमा यस ऐनको दफा ९ ले जग्गाको कुनै एक व्यक्ति वा निजका परिवारले जग्गा धनीको हैसियतले आफ्नो नाममा देहाय भन्दा वढी जग्गा राख्न पाउँने छैन………यो हदवन्देज कुनै १ मोही वा निजको परिवार द्वारा कमाएको जग्गाको सम्बन्धमा पनि लागु हुनेछ भनिएको छ । जस अनुसार तराईमा २५ विगाहा, काठमाण्डू उपत्यकाया ५० रोपनी र पहाडी जिल्लामा ८० रोपनीसम्म जग्गा राख्न पाउँने व्यवस्था गरिएको थियो ।

समय समयमा यस भूमि सम्वन्धी सुधारलाई लिएर विभिन्न किसिमका ऐनहरू निर्माण भए कुनै प्रयोगात्मक रूपमा आयो, कुनै ऐन केवल प्रकाशनको रूपमा मात्र आयो । ऐनको मनसाय अनुरूप कहिले पनि कार्यान्वियनमा आउँन सकेन ।त्यस्तै किसानको जनजीवनमा कुनै सुधार आउँन सकेन । यसरी किसानको ठूलो वर्ग एउटा विष्फोटक स्थितिमा उभिइसकेको थियो । यिनै कुराहरूलाई मध्यनजर राखेर श्री ५ महेन्द्रवाट २०२१ सालमा भूमि सम्वन्धी ऐन २०२१ जारी गरि वक्सियो, तत्काल यो ऐनको सम्वन्धमा विवेचना गर्न आवश्यक ठान्दिन तापनि यसमा तत्काल केही सामाजिक सुधार हुनु पर्ने कुरातिर ध्यान आकर्षण गर्न चाहन्छु ।

सर्वप्रथम भूमिको हदवन्दी सम्वन्धमा हाल प्रचलित एक परिवारले २५ विगाहा राख्न सक्ने व्यवस्थालाई घटाएर एक परिवारमा १० विगाहा मात्र राख्नु पर्ने आवश्यकता ठान्दछु । यसरी न्यूनतम रूपमा घटाउने व्यवस्थाले श्री ५ को सरकारमा लाखौं विगाहा प्राप्त हुनेसंभावना छ, जुन जग्गालाई हामीले सुकुमवासी किसानलाई वितरण गर्न सक्तछौं । यस्ले हाम्रो जंगल फडानीको चापमा केही हदसम्म नियन्त्रण गर्न सफल हुन सक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठान्दछु। दोस्रो जग्गाको वर्गीकरण जुन अव्वल, दोयम, सिम चाहारमा विभाजन गरिएको छ वास्तवमा सो अनुरूप जग्गा नदरिए र दोयम जग्गा अव्वल हुन पुगेको छ भने अव्वल जग्गा दोयममा पनि दरिन पुगेको छ। यस्ले कूत लिनुदिनुमा एउटा खास समस्या सृजना गरेको छ। जसलाई वैज्ञानिक ढंगबाट सुल्झ्याउनु पर्ने आवश्यकता ठान्दछु, साथै मोही निष्कासन सम्बन्धमा भूमिसुधार अधिकारीहरुबाट हचुवा इन्साफ बारम्बार भइरहेको छ। यस सम्बन्धमा सम्माननीय सर्वोच्च अदालतले अर्द्ध न्यायिक निकायले निर्णय गर्दा कारण सहित खोली निर्णय गर्नु पर्ने व्यवस्थाको उल्लेख गरेको छ तापनि यस तर्फ अर्द्ध न्यायिक निकायबाट ध्यान दिएको जस्तो लाग्दैन। यस परिपाटीलाई समाप्त गर्न विशेष गरी कानूनमा दक्ष भएका व्यक्तिहरूको भूमिसुधार अधिकारीमा नियुक्ति हुनु पर्ने व्यवस्था समसामयिक जस्तो देखिन्छ।

निर्माणका काम भए हामीलाई संझनुहोस्।

चीरकालदेखि असल ईंटा उत्पादन भइरहेछ।

सुपथमोलमा स्तरीय ईंटाको एकमात्र विक्रेता

प्रधान ईंटा उद्योग

राजविराज-८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकवि देवकोटाका काव्य-कृतिमा प्रकृति चित्रण

कुमार प्रसाद जोशी
स्नातक तह

नेपाली साहित्यका फांट, लहर, पहरा, पाखा, पखेराहरूमा प्राणगति देखेर त्यसको रूप, रस, गन्ध, स्पर्श र ध्वनिलाई आफ्नो गीत (काव्य) मा भरी कल्पनाको अनुभूतिले नेपाली काव्यमा भएको प्रकृतिको रित्तो बयानभास भरी सिङ्गार पटार गरी त्यसलाई आफ्नो हृदयको सारङ्गी रेटेर नेपाली पाठकहरूलाई लेक, बेंसी, लहरा पहराका गीत सुनाउन आएका थिए गाइने भएर, लक्ष्मी प्रसाद देवकोटा ।

काव्यात्मकता र भावात्मकताका आधारमा उनी नेपाली कविहरू मध्ये जेठा हुन् । भाव सौन्दर्य र प्रकृति सौन्दर्यका आधारमा लेखनाथ, सिद्धिचरण, भूपि, धिमिरे र मोहन कोइरालालाई एकै पटकमा उछिन्न पुग्छन् । उनी मानव जीवनको सम्पूर्णता प्रकृतिमै देख्दछन् । त्यसैले उनी प्रकृति र मानव अन्तरात्माका बीच तादात्म्यको तीव्रतम अनुभव गर्छन् । काव्यजगतमा प्रकृति चित्रण गर्दा उनी संस्कृत एवं हिन्दीका छायावादी काव्यसंग अनुरक्त भएझैं अंग्रेजी काव्यसंग पनि परिचित थिए भन्ने कुराको समर्थन गर्दै उद्भट समालोचक वासुदेव त्रिपाठी (महाकवि देवकोटा र उनका महाकाव्यको भूमिका) लेख्छन् "ब्लेकको रहस्यवाद, वर्डस्वर्थको प्रकृतिमूलक मानवतावादी कलरिजको मानव-मनलाई प्रकृतिवाट झल्काउने विलक्षण भाव-छवि, कीट्सको इन्द्रिय संवेद्य प्रकृति–दिग्दर्शन, वाइरनको प्रकृति रौद्र घटामय उग्र क्रान्तिरागिनी र शेलीको विद्रोहपूर्ण मानवतावादी भाव उडानवाट नै देवकोटाका काव्य यात्रा भएका हुन् ।" प्रायः जसो देवकोटाका कृतिमा सवा करोड़ नेपालीको मुटु ढुकढुकिएको हुन्छ । सवा करोड़ नेपालीले आफूलाई छामेको हुन्छ अनि त देवकोटाका कृतिहरूमा हिमाल पग्लेको हुन्छ, पहाड़ रसाएको हुन्छ अनि प्रकृति लहरिएको हुन्छ ।

"मुना मदन" दुखान्त गीति काव्य नै महाकविको प्रकृति प्रयोगको प्रतिनिधत्व गर्ने पहिलो खण्डकाव्य हो । झ्याउरे छन्दलाई लोकप्रिय बनाउन मुनामदन खण्डकाव्यको जन्म गराएको हुनाले देवकोटाको यस काव्यलाई लिएर नेपाली मात्र हैन विदेशी पनि छक्क परे । राहुल सांकृत्यायनले अनित देवकोटालाई पन्त-प्रसाद–निरालाको कूल योगको समान मानेको पाइन्छ । प्रकृतिका कवि प्रकृतिको नजिक सुख शान्ति र जीवन सार्थक भएको पाउँछन् अनि त उनको कलमले लेख्तछ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरियो थियो आँखाको शीतल प्रकृति रङ्गको घन
शहरमा भरी जीवन भन्छन्, जीवन थियो वन ।
नक्कली ज्ञान पोथीको भन्दा फूल-पाना हँसिला ।
रङ्गिला पत्र प्रकृति देवी उल्टिथिन् रसिला ।

(मुनामदन पेज २७)

डाँफे मुनाल नाच्ने देश, झर्ना सुसेल्ने देश अनि काफल ऐसलुको देश नेपालमा हुर्केका देवकोटा प्रकृतिमा सत्यं, शिवं र सुन्दरम् देख्छन् । प्रकृतिको गर्भमा उनी सम्पूर्णता पाँउछन् त्यसैले मानव जीवनको उच्च शिक्षालय प्रकृतिलाई नै ठान्छन् र भन्छन् ।

यस्तो रहस्यमय जीवन बुझ्नलाई
जानु कहाँ पढनु के गुरु को बनाई
फुल्दो जुलाब विच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्व खुल्छन्

देवकोटा मुनालाई फूलझैं कोमल र कमलझैं फूलेको देख्छन् अनि त मुना प्रकृतिको दोश्रो ऐना हुन पुग्छिन्––

अकेली मुना अत्यन्तै राम्री कमल झैं फुलेकी,
बादलको चाँदी किनारा छोई जून झैं खुलेकी ।

(मुनामदन, पेज १४)

आर्थिक अवस्था नराम्रो भएर सुन कमाउन भनेर मदन मुनासंग छुट्टिई ल्हासा पस्छन् र बीच-बाटामा विरामी पर्दा कविले असहाय मदनका आँखामा प्रकृतिको यस्तो प्रलयकारी विध्वंसात्मक रूप देख्छन्

पश्चिमतिर दिनका आँखा रगत्मा डुबेछन्,
वनमा फीका अँध्यारो चढयो, हावा नै निदायो ।

(मुनामदन, पेज २४)

विरहले आतुर परेकी मुनालाई भोटबाट कुनै खबर नआउँदा मुनाको मन अनिष्ट सूचक आशङ्काले भरिन्छ । यस कुराको वर्णन गर्न यहाँ कवि मुनाको मुखबाट यसरी व्यक्त गर्छन् !—

मुटुकी चरी छायाँले डरी भटभटी भूर्भूरी
उडूँकी बसूँ सरी छ जीवन हांगामा फर्फरी

हिमाललाई हेर्‍यो भन चीसो हुन्छ पर्वत हेर्‍यो नीर,
हावाले छुँदा मन उडुँ भन्छ, के गरी रहूं थीर ?

(मुनामदन, पेज २३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवकोटा शहर भन्दा वन, डाँडा, पहाड भएको प्रकृति नै मन पराउँछन् किनकि प्रकृतिले आफूलाई सम्पूर्णरूपमा पोखेकी हुन्छिन्। जहाँ डाँफे मुनाल सप्तम राग अलापिरहन्छन्, अनि त देवकोटाका भावनाहरू यसरी छताछुल्ल भएर काव्य भरी पोखिन्छन् :—

विचित्र जन्तु सरने वन गोधूली–छायामा
कालीको वाहन फुकेर चर्ने मिर्गका कायामा
कल्पनाभन्दा रंगिला पंछी गजब वनको बोल
शहरका संगीत–कविता भन्दा बनेली अनमोल

(मुना मदन, पेज १०)

प्रायः देवकोटाको कलम कहीं कहीं त वाइरन झैं प्रकृतिको सुन्दर एवं भीषण दुवै रूपको तीव्र साक्षात्कार भएर पौडिखेल्न पुगेको देखिन्छ :—

पृथिवी अब पातलो उँचाई लिएर नाङ्गिन्छिन्
छ मास हिउँको सिरक ओढी छ मास फुङ्गिन्छिन्,

(मुना मदन, पेज १३)

अनुभूतिको हृदय सारङ्गी रेटेर नयाँ नयां प्रकृतिको गीत सृजना गर्न नथाकेर उनी कहिले प्रकृतिको पछ्यौरी ओढेर काव्यजगतमा उनका कलम घुम्न थाक्तैनन्।

कविलाई सुनको ओछ्यानमा शयन गर्नु भन्दा प्रकृतिको काखमा शयन गर्न मनलाग्छ, अनि त कविका भावना यसरी उदाङ्गिन्छन् —

शयन छ राम्रो, मखमल घाँस।
प्रस्तर तकिया, सुख वनवास ॥

(वन कुसुम, ६७)

संध्याको वर्णन गर्न कवि कति मिठो गरी प्रकृतिको रूप मुटुमा उतार्छन् र हृदय भरी ढुकढुकिएको प्रकृतिलाई कागजमा समेटने प्रयास गर्छन् :—

अस्त गगनमा अब पद चाली
फर्किन लागी सुषमा जाली।
मिर मिर राम्री श्यामल केशी
प्रथम जुहारे भई परदेशी ॥

(वन कुसुम, पेज–६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै गरी "कुन्जिनी" मा गोरे र कुन्जिनीको प्रेम प्रकृतिकै आँचलबाट हुर्किन्छ, बढ्छ अन्तमा प्रकृतिमै अन्त हुन्छ ।

देवकोटा आशावादी कवि पनि थिए । त्यसैले उनको "प्रमिथस" मा आशावादी स्वरले अझै विकसित रुप लिएको छ ।

यसमा छ सम्भावना अनन्त ! अनन्त !
मानवको पनि दिवस आउला विकास-शील ।

कृषकहरुको आदर्श जीवन देखाउँन उनी महान् चित्रकार भन्दा कम छैनन् । उनले आफ्नो रित्तो क्यानभास (काव्य) भरी यसरी सिङ्गार पटार गरेका छन्

तर सब खर छाना छन् मकै मात्र खाना
दुखसुख जलदानाका किसानी जमाना ।
पठन छ फूल पाना छन् कुटा काम नाना
यतिसित मृदु हाँसी झल्किइन् मोतीदाना

(वन कुसुम, पाना ११०)

यसरी प्रकृतिका सम्राट आफ्ना काव्य रचनामा प्रकृतिको वर्णन गर्न नसकेर अन्तमा आफ्नो मुट्ठ उदांगो पार्छन् :—

"प्रकृति यहाँ यतिको धनी शब्दले गाइन्न"

(मुना मदन, पाना १०)

वास्तवमा देवकोटाका काव्य यात्रामा प्रकृतिको उद्यान हरा-भरा भएको पाइन्छ । साँच्चै भन्ने हो भने देवकोटाले प्रकृतिको प्रयोग प्राकृतिक अभिव्यन्जनाको निम्ति, मानवीय दीक्षाका निम्ति, सम्वेदनाका निम्ति, अनि प्रतीक र आलङ्कारिक बिम्बका रूपमा पनि गरेको पाइन्छ तथा प्रकृतिका शान्त—भीषण तथा सामान्य—असामान्य स्वरूपकै उद्घाटनार्थं पनि प्रकृतिको प्रयोग गर्छन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजदेवी–एक चिनारी

विमला अर्याल
स्नातक चतुर्थ

प्रत्येक स्थलको नामाकरण कुनै नदी, देवता वा कुनै अलौकिक चरित्रको नामवाट हुने चलन छ। यसै परिपाटीलाई ध्यानमा राख्दै सप्तरी जिल्लाको सरदमुकाम राजविराजको नामकरण कसरी भयो भन्ने कुरामा खुल्दुली गर्दा राजदेवी मंदिरलाई नै आधार वनाउनु पर्ने खण्ड देखिन्छ। राजदेवीले एउटा धर्मको प्रतीकको रूपमा मान्यता पाइआएको छ। राजविराज सप्तरी जिल्लाको सदरमुकाम हुनुभन्दा पहिले यसलाई राजपुर भनिने तथ्यको आधारमा गुनगुनाउँदा राजविराजमा राजदेवी मूर्तिको प्राचीनतावारे अडकल काट्न सकिन्छ। राजपुर मौजा अन्तरगत पर्ने यो प्राचीन राजदेवीको मूर्ति कुनवेला कसरी स्थापना भयो भनेर ऐतिहासिक तथ्यले पुष्ट्याउँदैन । यस स्थितिमा त्यहां प्रचलित लोक कथाकै अन्वेषणात्मक अध्ययनले राजदेवी र राजविराजको मितेरी साइनोलाई छर्लङ्ग्याउनु चासो पर्दो देखिन्छ।

विक्रम सम्वत् १९९४ देखि सप्तकोशीले हनुमाननगरलाई कटान गर्न थाले पछि १९९७ देखि सप्तरी जिल्लाका अड्डाहरू राजपुर (राजविराज) सरेका हुन्। यसरी हेर्दा राजविराजको न्वारान गर्ने पुरेतलाई भेट्न नसकी नाम परिवर्तन गर्ने चरित्रसंग चाहि भेटघाट हुन्छ। राजपुर मौजा राजविराज नगरमा परिणत हुनु नौलो र उल्लेखनीय कुरा होइन्। तर राजदेवी र राजविराजको सम्वन्धलाई कोटयाउँनु उल्लेखनीय कुरा नै हो। यो सम्वन्धलाई ऐतिहासिक तथ्यले समर्थन नगरे पछि लोककथालाई नै आधार वनाउने जमर्को ठीक होला जस्तो लाग्दछ।

राजदेवी मंदिर भन्दा करीव आधा किलोमिटर उत्तर, राजविराज देखि केही २, ३ किलोमिटर उत्तर रहेको विहारपुर र गढीयासंग यस राजदेवीले साइनो जोडेको प्रतीत हुन्छ। लोक कथा अनुसार विहारपुरमा एउटा राजा थिए जस्को गढ़ हाल गढिया भनिने स्थलमा थियो। यसतिर दृष्टि पु-याउँदा विहारपुर र गढियामा केही अवशेषहरु (शायद मन गढन्ते हुन कि) देखा पर्दछन्। भनाइ पनि छ कि गढियामा अहिले पनि खनजोत गर्दा केही प्राचीन अनौठा सिक्का र केही प्राचीन आभुषण फेला परेका पनि छन्। यी कुरालाई अन्वेषणात्मक अध्ययन गर्न लोक कथालाई आधार वनाउँदा एउटा अनुमान गर्नु पर्ने स्थिति देखा पर्दछ। अनुमान गरिन्छ कि यी राजा (नाम थाहा नभएका) १४ औं १५ औं शताव्दीका हुन सक्तछन् अनि यो मूर्ति पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यति वेलाकै। प्रत्येक राजाहरूले एउटा अलौकिक शक्तिको आधारमा अथवा भनौ अलौकिक शक्तिको आडमा बसेर पूजा आराधना गरी शासन सत्ता संचालन गरेका हुन्छन् यसै ऐतिहासिक तथ्यलाई विचार गर्दा राजदेवी पनि यिनै विहारपुरका राजाले पूजा गर्ने देवी हुन् कि भन्न सकिन्छ। लोक कथानुसार राजदेवीको अगाडि पट्टिको पोखरीमा ती राजा स्नान गर्दथे अनि राजदेवीमा दर्शन गरेर फेरि विहारपुर फर्कन्थे। राजदेवी मंदिर अगाडि अहिले पनि एउटा विशाल पोखरीको माहार देखिन्छ। अनि विहारपुर र गढियामा ठूलठूला माटाका ढिस्का (धुर) हरू देखा पर्दछन्-जसलाई लोक कथाले गढ भनेको छ।

यसरी राजदेवीको सम्बन्धमा अध्ययन गर्दा राजविराज न० प० अन्तरगत नै राजदेवी पर्ने भएकोले राजपुरको (राजविराजको) न्वारान राजदेवीकै आधारमा भएको हो। मूर्ति कुनै सफल कलाकारले वनाएको जस्तो छैन त्यो मूर्ति कुँदिएका स्थानमा राँहटाहरू त्यत्तिकै छन्। मूर्तिलाई गहिरिएर नहेरेको खण्डमा ढुङ्गा नै हो कि प्रतीत हुन्छ। मन्दिरका भित्री प्रवेश द्वार दुइवटा छन्। पूर्वपट्टिको प्रवेशद्वारमा दुईवटा सिंहका ढुङ्गे मूर्ति छन् र उत्तरपट्टिको प्रवेश द्वारमा चाहिं गणेशको मूर्ति छ। मंदिरको वरिपरि २४ वटा ढुङ्गामा कुदिएका सानासाना मूर्तिहरू छन्। प्रवेश द्वारमा एकातिर रक्षाका प्रतीक हनुमानको ध्वजा छ। मन्दिरको उत्तरपट्टि एउटा कुण्ड छ, त्यसमा भगिरथको मूर्ति छ। मन्दिरको पूर्वपट्टि २, ३ वटा जर्जरित रूखहरु पनि छन्। भनिन्छ यो क्षेत्रमा ठूलो फूलवारी थियो।

राजदेवीका सम्बन्धमा किम्वदन्ती पनि प्रचलित छ। राजदेवी आफै उत्पत्ति भएकी देवी हुन्। प्राचीन युगमा धेरै सानासाना ढुङ्गे मूर्तिहरु थिए। त्यसमद्धे धेरै सानासाना ढुङ्गे मूर्तिहरुलाई उठाएर अन्यत्र लगिएछ। ठूलो मूर्ति (राजदेवी) लाई उठाउन खोज्दा सफल भएनछन् अनि राति सपनामा देवीले "मलाई यहीं राजदेवी को नामले स्थापना गरी पूजा गर्नू" भनेकीले सवैले त्यो मूर्तिलाई यथास्थानमा स्थापना गरी पूजा गर्ने परिपाटी चलाएछन् र सपनाकै आधारमा राजदेवी नामकरण गरिएछ। तर जति सुकै किंवदन्ती र लोककथाले अनेकानेक तथ्यहरु प्रकाशमा ल्याएपनि यसको पुरातात्विक र ऐतिहासिक अध्ययन हुन सकेको छैन।

वास्तवमा भन्ने हो भने नेपालको इतिहासमा मनगढन्ते किम्वदन्तीले ठूलै स्थान ओगटेको छ। यस स्थितिमा वास्तविक चर्चा र अध्ययनका आधारमा उक्त तथ्यलाई हेरिनु पर्दछ। अन्धकारमय नेपालको प्राचीन इतिहासमा यो राजदेवी र राजविराजको अन्वेषणात्मक अध्ययन भएदेखि एउटा ऐतिहासिक उपलब्धि नै प्राप्त हुँदो हो। त्यसकारण नेपालको इतिहास अनि राष्ट्रिय संस्कृतिसंग अनुराग राखने व्यक्ति वा संस्थाले यस प्रति चासो लिए देखि नेपालको प्राचीन इतिहासले एउटा जुनकिरीको आभास पाउँथ्यो कि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तरी जिल्लामा साझा कार्यक्रमको कार्यान्वयन

—किशोर कुमार शर्मा

स्नातक (अर्थशास्त्र)

पंचायती व्यवस्थाको आर्थिक तथा समाजिक उद्देश्य अनुरुप साझा कार्यक्रमको संचालन भैरहेको छ। कृपक र थोरै पूँजीवाला व्यक्तिहरुलाई विभिन्न प्रकारको सहुलियत र सुविधा उपलब्ध गराउन, उनीहरुमा सहयोगको भावना जगाउन साथै उनीहरुको आर्थिक तथा समाजिक स्थितिमा सुधार गरी नेपाली जन-जीवनलाई उचाल्ने उद्देश्य लिएर साझा कार्यक्रम आएको छ।

अन्य २९ जिल्लाहरु संगसगै सप्तरी जिल्लामा पनि साझा कार्यक्रम २०३३ साल देखि चालु गरिएको हो। हाल यस जिल्लामा २६ साझा संस्थाहरु र एक जिल्लास्तरीय संघ जिल्लाको सदरमुकाम राजविराजमा छ। यी साझा संस्थाहरुले दैनिक उपभोग्य वस्तुहरु, रासायनिक मल, कृषि औजार, सस्तो व्याजदरमा ऋण (गोरू किन्न मात्र) तथा कृपकहरू द्वारा उत्पादित वस्तुहरुको वेचविखनको राम्रो व्यवस्था गर्दै आइरहेको छ। यसबाट जिल्लावासीहरूको स्थितिमा सुधार हुनसक्ने आशा गर्नसकिन्छ। अन्य जिल्लाहरूमा झैं यस जिल्लामा पनि साझा संस्थाहरूले ग्रामीण वचत र पूँजीलाई एकत्र गरी सो वचत र पूँजीलाई विकास कार्यका लागि परिचालन गर्दै आइरहेका छन्।

कृषि विकासका लागि यस जिल्लाका साझा संस्थाहरुले आर्थिक वर्ष ०३५/०३६ माघ मसान्त सम्म करीव रु. ३६, २१, ३४० ।—ऋण लगानी गरेका छन्। यस मध्ये नगदको रूपमा जम्मा रु. २,४१,००० । र जिन्सीको रूपमा जम्मा रु. ३३,८०,३४० । लगानी भएको छ।

साझा संस्थाहरुको सफलता विशेषतः सदस्य संख्या माथि निर्भर गर्दछ। हालसम्म यस जिल्लामा करीव ८३,३,८१ व्यक्तिहरू साझा संस्थाका सदस्य छन्। यद्यपि सदस्य संख्या कम छ तथापि यस कार्यक्रम प्रति जनचेतना वढन गई पछि पछि संख्या वढ्न जाने आशा गर्न सकिन्छ।

यस जिल्लामा संचालित साझा संस्थाहरुको कूल शेयर पूँजी रु. ९९,०४,४६३/१३ छ। यस जिल्लामा साझा संस्थाको आफ्नै गोदाम ५, निर्माणाधीन गोदाम ४, समाजसेवीहरू द्वारा अनुदानको रूपमा वनेका गोदाम ५ छन् र वाँकी गोदाम भाडामा छन्।

ग्रामीण जन-जीवनमा सुधार गर्नको लागि यस जिल्लाका २७ वटै संघ संस्थाहरू भरमगदूर प्रयास गर्दै आइरहेका छन्। विगत ६, ७ वर्षको अवधिको तुलनामा यो ३ वर्षको अवधिमा यस जिल्लामा कृषि

(बाँकी पेज नं० ७२ मा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संगिनी

—विनोद रोका 'पीड़ित'

कानून चौथो सत्र

संगिनी आइमाई जातिहरूले गाउँने लोक लयमा आधारित गीत हो र यो विशेष गरेर पहाड़ी नारीहरूले गाउँने गर्दछन्। यो गीत प्रायः गरेर धार्मिक उत्सव र विवाहको दिन वेलुका आइमाईहरूले गाउँने गर्दछन् र धार्मिक उत्सव नभएमा दिनहरूमा पनि कहिलेकाँहीं गाइन्छ। संगिनी एक प्रकारको लोक गीत नै भएको हुनाले गाउँनेहरूको संख्या यति नै हुनु पर्छ भन्ने केही छैन तर पनि धेरैले स्वर मिलाएर गाएको खण्डमा संगिनी झन रोचक वन्दछ। धार्मिक उत्सव या अन्य जाग्रम वस्नु पर्ने दिनहरूमा धेरै जनाको समुहले संगिनी गीत गाउँदा भने आइमाईहरु नाच्ने पनि गर्दछन्। संगिनी गीत गाउँने र नाच्नेहरुमा युवा, प्रौढ र बुढी आइमाई-हरु पनि हुन्छन्। संगिनी गीत भएको हुनाले यस्मा वालन जस्ता धार्मिक गीतहरू हुनु पर्छ भन्ने वाध्यता छैन। आफ्नो अभिरुचि अनुसार कुनै पनि गीत वनाई गाउँन सकिन्छ तर पनि धेरै जनाले गाउँदा भने गीत सवैलाई नै कण्ठस्थ हुनु पर्छ। गीत सवैले नजानेको खण्डमा समुह स्वर र गीतको भाखा राम्रो मिल्दैन !

संगिनी खेल्नु भन्दा अगाड़ि सवै आइमाईहरू आँगन या फराकिलो ठाउँमा गोलाकार भएर वस्छन्। त्यसपछि देब्रे हातले दाहिने हातको कुहिनोमा छोई दाहिने हातलाई अर्द्ध चन्द्र जस्तो आकृति बनाई निहुरिएर देब्रे तर्फ गीत गाउँदै पाइलाहरू गीतको लयमा हिडाउछन्। जव संगिनीको एक पंक्ति गाइसक्छन्, त्यसपछि फेरि गीतको अर्को पंक्ति गाउँदै देब्रे तर्फ घुम्छन। संगिनी गीतलाई रोचक र आर्कषक बनाउन मादल र अन्य वाजाहरुको पनि सहायता लिन सकिन्छ। संगिनी दाउरा, घाँस, ढिकी, जाँतो गर्दा खेरि पनि आइमाईहरूले गाउँने गर्दछन्। संगिनीलाई आइमाईहरुको सुखदु:खको साथी भने पनि हुन्छ। किनकि सुखमा बडो रोचक र आनन्दित वनाउने संगिनी गाइन्छ भने दु:ख पर्दा दर्दनाक र मुटु छिया-छिया पारिदिने खालका संगिनी पनि गाइन्छन्।

७–८ वर्ष पहिलेको कुरा हो, जव म केटाकेटी नै थिएँ। स्कूल छुट्टी भएकादिन गाउँघरका छर छिमे-कीसंग गोठाला गर्न वन जाने गर्दथें। एक दिन हामी गाई चराउँन वन गएका थियौं, दुई चार जना वर पिपलको चौतारीमा बसेर गट्टी खेल्न लागे। म भने एकटक लगाएर भाउजूको निधाउरो चेहरालाई हेरिरहेको थिएँ। त्यसवेला भाउजू धेरै दु:खी देखिनु हुन्थ्यो। म भाउजुको मुखाकृतिलाई पढेर केही बुझ्ने प्रयास गर्थें तर असफल नै रहें। मेरो कोमल हृदय पनि भाउजूको दयनीय अवस्था देखी पग्लियो। केही छिन पछि भाउजू संगिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीत गाउँन लाग्नु भो, त्यस वेला वहांका ओंठहरू काँपिरहेका थिए। भाउजूले गाउँनु भएको संगिनी गीतका- केही पंक्तिहरू आज पनि मलाई याद छन्, जो यस प्रकार छन् —

वहरै र रोप्यौं नि पिपलै रोप्यौं
सरोस् है भनेर,
सात डांडा कटाई दिई हाल्यौ बावा
मरोस् है भनेर !

भाउजू गीत गाउँदै जानु भो, वहांका आँखावाट आँसुका ढिकाहरू अविराम गतिले वरवरी झरि रहेक। थिए यसको नक्कल मेरा आँखाले पनि गर्दै थिए।

आज सम्झन्छु संगिनी लोक गीतका साथै सामाजिक वन्धनमा वाँधिएका नारीहरुका अभिव्यक्तिको एउटा माध्यम पनि रहेछ। संगिनीले पहाडी जनजीवनमा महत्वपूर्ण स्थान ओगटेको छ। धार्मिक उत्सव र जाग्राम वस्नु पर्ने दिन वेलुकी आइमाईहरू पिंजडाको वन्धनवाट उम्किएको पंछी झैं आनन्दित हुन्छन् र भेटघाट र मनोरंजन गर्ने मौका पाउँछन्। अनि संगिनीमा आफ्ना हृदयका करूण कथा र हर्षका उद्गार- हरू पोख्दछन्, साथै सामाजिक वन्धनमा नाँच गानवाट वंचित भएका नारीहरूले मनोरंजन गर्ने इच्छाको पूर्ति गर्दछन्। गीत मनोरंजनको साथ-साथै आफ्ना हृदयमा उकुस-मुकुस भएका व्यथाहरू पोख्ने माध्यम पनि हो। वास्तवमा यस्तो लोक संस्कृतिलाई पुर्खाहरूको सम्पत्ति र इतिहास भने पनि अत्युक्ति नहोला। तसर्थ हामीहरूले यस्ता किसिमका पुर्ख्यौली संस्कृतिलाई विर्सन खोज्नु वड़ो अन्यायको कुरा हुनेछ।

हुन त रेडियो नेपालवाट एउटा संगिनी गीत रेकर्ड भै कतिपल्ट रेडियोवाट वजिसकेको पनि छ। धेरै मानिसहरूले यस्लाई संगिनीको रूपमा नचिने पनि यस्को लोकप्रियतावाट परिचित भैसकेका छन्। उक्त गीतले निश्चय पनि आफ्नो माइतीवाट टाढा रहेका नारी र अरुहरुको गहभरी आँसु पारेन होला भन्न सकिन्न। साच्चै भन्ने हो भने यस गीतले श्रोताहरू प्रति आपनो लोकप्रियता हासिल गरिसकेको छ। यसरी संगिनीको परिचय र लोकप्रियतालाई हेर्दा निश्चित रुपमा भन्न सकिन्छ कि यस्ले विशेष गरेर पहाड़ी जनजीवनमा हुर्केका र वसोवास गर्ने मानिसहरूमा महत्वपूर्ण प्रभाव छाड़ेको छ !

..............पेज नं० ७० को वाँकी

उत्पादन एवं कृषकहरूको स्थितिमा सुधार भएका केही लक्षणहरू देखापरेका छन्। तैपनि तल उल्लेख गरिएका केही कारणहरूलें गर्दा साझा कार्यक्रमवाट जे जति लाभ हुनु पर्ने हो, हुन सकेको छैन।

(१) साझा-संस्थाहरू द्वारा मागिए अनुसार कृषि ऋण समय मै यथेष्ट मात्रामा कृषि विकास वैंकले उपलब्ध गराउन नसक्नु।

(२) ऋण असुली हुन नसक्नु।

(३) कृषकहरुले साझा संस्था मार्फत वेच्न खोजेको खाद्यान्नवाली धान चामल निर्यात कम्पनीले पूर्ण रुपमा नकिनिदिनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखका साथमा प्रशासनिक कर्मचारीहरु (२०३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्याम्पसका छात्रछात्रा (२०३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली संस्कृतिमा 'बालन'

शशि उपाध्याय
स्नातक द्वितीय

नेपाल एकमात्र हिन्दू राज्य हो । नेपालको संस्कृति आफ्नै किसिमको छ । नेपाली संस्कृतिमा बालनले पनि एउटा महत्वपूर्ण ठाउँ ओगटेको छ । बालन सामान्यतया पहाड़ी भेकमा निकै लोकप्रिय छ । हाम्रो संस्कृतिभित्र पर्ने तीज, जनैपूर्णिमा, रत्यौली, भजन आदिको जस्तै बालनको पनि छुट्टै विशेषता छ ।

नेपाली समाजमा कुनै उत्सव कार्य (पूजा भागवत आदि) गर्दा रात नसुती बिताउने (जाग्राम बस्ने) परिपाटी छ । तराई भेकका यस्ता उत्सवमा भगवानको भजन गरी रात (कीर्तन वा) कुनै एक पक्ष लिएर वाद विवाद गरी रातमा जाग्राम बस्ने परिपाटी देखिन्छ भने पहाड़ी भेकमा बालनको नै प्रमुख स्थान रहेको छ। यसरी पहाड़ी भेकमा बालन खेली रात काट्ने गर्दछन् ।

बालन समुह-समुह मिलेर खेल्ने परिपाटी छ । बालन कुनै उत्सव (पूजा, भागवतको पाठ आदि) का दिन रात काट्नकालागि खेलिन्छ । यो खेलनकालागि आँगनमा मण्डप बनाइन्छ । मण्डपमा रामचन्द्र, कृष्ण, शिव इत्यादिको तस्वीर राखिन्छ ।

यस बालनमा मुख्यतः भगवान्‌को गीत गाइन्छ । बालनमा चारदेखि ११ जोडी (आठ जोडी बाहेक) मिलेर खेल्ने प्रचलन छ । बालन कुनै व्यक्ति विशेषको घरमा सबै भक्तजनलाई बोलाई संगठित रूपमा शुरु गरिन्छ । यो खेल पुरुषहरू द्वारा खेलिने गरिन्छ ।

यो खेल प्रारम्भ गर्दा ईश्वरको प्रार्थना यसरी गर्दछन्।

हो हो—श्री गणपति हो माता सरस्वती नमस्कार गर्छौं हामी ।
यही नै गृहका पञ्चायन देवता शरण माग्छौं हामी
यही नै गृहका कुलपितर वायु हाम्रो बढ़ाइदेऊ आयु ।
ए. हो होः ई देवी र दुर्गा देउराली माई रक्षे गर सधैं हामी ला... ... ... ई ।
ए...हो......ई नाग र नागीनी सिमे र भूमे सहारा देउ भक्तलाई ।... ... ...

यसरी बालन संगीहरू आफ्नो बालन शुरू गर्न भगवान्‌लाई मनाउँन पांच पटक नमस्कार गरी बोल्न शुरु गर्दछन् । यो काम समाप्त भैसकेपछि बालन खेल्ने संगीहरू एकअर्का भिन्न समुहमा बाडिन्छन् । प्रत्येक समुहबाट एक व्यक्तिलाई गुरु थापिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिन्न समुहमा बाँडिएर प्रत्येक समुहका गुरुहरूद्वारा कुन भगवान्को लीला लिएर शुरु गर्ने बारे विचार विमर्श गर्दछन्। यस विचारमा उनीहरू सबै एकजुट भई बालनको शुरुवात गर्दछन्। बालन गुरुको मुखबाट शुरु गरिन्छ। उनीहरू बालन गाउंनकालागि रामायण, भारत, जयमुनि भारत महाभारत, कृष्णचरित्र आदिबाट भगवान्का श्लोकहरू प्रयोगमा ल्याउँछन्।

कुनै बालनमा बालन संगीहरू एक अर्काको परिचय दिने काम पनि गर्दछन् र उनीहरूद्वारा बालनको सिलसिलामा प्रश्नोत्तर गरी खेलिने पनि परिपाटी देखिन्छ। प्रश्नोत्तरमा भनिने बालन समुहका लयात्मक वार्तालापले कुनै पद्य नाटकको अभिनय भइरहेको प्रतीत हुन्छ। वास्तवमा बालन नेपाली लोक नाट्य परम्पराकै प्रारूप त होइन ? यसको प्रदर्शन अभिनय कलाको रीतिलाई हेर्दा जिज्ञाशाको प्रश्नचिन्ह हाम्रो सामने उभिन्छ।

रात्रिले डांडो काटेर जान्छ, बिहान पख सूर्य उदाएपछि बालन खेल्ने संगीहरूले यसको अन्तिम रूप दिनका निमित्त यो खेलिने घरका सम्बन्धित व्यक्तिले बालन टुङ्ग्याउँन नाङ्लामा धान, चामल नैवेद्य, फलफूल, फूलमाला भगवान्लाई भेटी राखी नाङ्लालाई सिङ्गारी दियो, कलश, गणेश पूजी त्यस नाङ्लोलाई आंगनको बीचमा राख्ने प्रचलन छ।

आंगनका बीचमा राखिएको नाङ्लो नजिक घरपट्टिले पूर्व फर्की दोसल्ला ओढी बालनसँग आशिषका लागि दोसल्ला थाप्छन् र बालनसंगीहरू त्यस नाङ्लामा भएका फूल अक्षता उठाई ईश्वरको नाम लिंदै दोसल्लामा हालिदिंदै आशिष दिन्छन्।

यसरी नेपालीहरूले आफ्ना सांस्कृतिक उत्सवहरूलाई ऐतिहासिक जीवन शैलीको प्रारूप मान्दछन्। यस प्रकार हाम्रा प्रत्येक चाड़ पर्व र उत्सवहरुमा हाम्रो जीवनका विभिन्न चरणमा स्थापित जीवन शैलीका मान्यताहरूका आभास पाउँन सक्छौं। यही आभास बालन नांचले पनि दिन्छ। सधैं श्रम र पसिनामा आफ्नो जीवन मूल्यलाई तौलने नेपालीहरूको सांस्कृतिक सार अलौकिक शक्ति प्रतिको आस्था हो। आफ्ना थकानहरू बिर्सन त्यही अलौकिक शक्तिको आराधनामा नाचिने यो नांच नेपालीहरूका आस्था र विश्वास पढ्न सकिने अनौठो पुस्तक हो—सांस्कृतिक पुस्तक।

स्वास्थ्य नै धन हो
आवश्यक औषधि किन्नु परेमा
हामीलाई सम्झनुहोस्।
—जनता डिस्पेन्सरी
राजविराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिन्नमस्ता-एक परिचय

—अशोक कुमार झा

प्रमाण-पत्र चौथो (कानून)

नेपालको पूर्वी तराई र विहार (भारत) को प्रायः सम्पूर्ण सीमान्त क्षेत्र बीच ममतामयी, वरदायिनी देवीको रूपमा रहेकी प्रसिद्ध सखडेश्वरी माईको वास्तविक नाम छिन्नमस्ता देवी हो। सदरमुकाम राजविराजदेखि झन्डै आठ माइल दक्षिण सप्तरी जिल्लाको छिन्नमस्ता गा. पं. (सखडा) मा यस देवीको मन्दिर अवस्थित छ। मन्दिर ज्यादै विशाल नरहे पनि प्रसिद्धी ठूलो छ। भित्रपट्टि खूब फराकिलो र चारैतिर निकै चौडा वरण्डा भएको हुँनाले यसको भव्यता, स्वच्छता र निर्मल वातावरणको सृजनामा झन् बढी योगदान रहेको स्पष्ट अनुभव हुन्छ। मन्दिर भित्र छिन्नमस्ताको एक मात्र ठूलो मूर्ति छ र यसको दुवै तिर अन्य देवीका मूर्ति भएपनि ख्याति भने छिन्नमस्ताको नाममा नै छ। यी मूर्तिहरू वाहेक अन्य दुइटा ससाना पत्थरका मूर्तिहरू र एउटा पित्तलको सानो मूर्ति पनि राखिएको छ, जून पछिवाट मात्र राखिएका हुन्।

छिन्नमस्ता मन्दिरको संगसंगै टाँसिएर रहेको एउटा सानो मन्दिरमा शिवलिगंको स्थापना गरिएको छ। मन्दिरको ठीक अगाड़ि (दक्षिण पट्टि) एउटा वर्डमानको पोखरी छ। त्यसमा ठूलठूला दुइटा घाटहरू छन् जो वि. स. १९९५ र वि. स. २०२६ सालमा पालैपालो गरी बनाइएका हुन्। घाटको सामुन्ने मा मन्दिरको अगाडि एउटा घण्टा झुण्याइएको छ—करीव पैंसठ्ठी वर्ष पुरानो। पूर्व पट्टि लक्ष्मी र विष्णुको अर्को एउटा सानो मन्दिर पनि छ।

यो स्थान मनोहर छ, पवित्र छ र शान्तिमय वातावरणले भरिपूर्ण छ। त्यसैले वरोवर आउने स्थानीय भक्तजन र दर्शनाभिलापीहरू प्रत्येक पटकको आवागमनमा अन्तःकरणदेखि नै प्रसन्नता र शान्तिको अनुभव त गर्दछन् नै टाढा-टाढावाट आउने थरि-थरिका मानिस, वाट–वटोहीहरूसमेत यिनको प्रसिद्धि सुनेर आकर्षित भई आउँछन् र यिनको दर्शनबाट आफू निकै सन्तुष्ट भएको अनुभव गर्दछन्। विभिन्न पेशा र जातिका मानिसहरु यहाँ पूजा गर्न आएका हुन्छन्। तिनीहरू मध्ये कोही मनोकामना पूर्ण भएकोमा प्रसाद चढाउन आएका हुन्छन् भने कोही इच्छा पूर्ति होओस् भनी कामना मात्र गरेर फर्केका हुन्छन्। जति हर्ष र उत्साहपूर्वक पूजा-दर्शन गर्न आएका हुन्छः उत्तिकै शान्ति र प्रशन्नताको भाव फर्कने वेलामा तिनीहरुको अनुहारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झाकिएको हुन्छ । कतिपय भक्तजनहरु पूजा गर्दा आफ्नो अभिलाषा पूरा होओस भनी देवीलाई फूलमालाहरु चढाउँछन् र इच्छा पूर्ति हुन्छ कि हुँदैन भन्ने प्रश्न यिनकै समक्ष राखी सार्थक उत्तरकोलागि घन्टौंसम्म पनि ध्यानमग्न भइ रहन्छन् । मनोकामना पूर्ति हुने अवस्थामा देवीलाइ सजाएर चढाइएको मूर्तिको कुनै पनि भागवाट एक-दुइ वा धेरै फूलहरु झर्ने विश्वास गरिन्छ । कसै-कसैले आफुले चढाएको फूल नै झरोस भनी प्रार्थना गर्दछन् र यस्तो पनि भएको देखिन्छ । यस प्रकार के कति मनोकामना पूर्ण भएको हुन्छ भक्तहरु नै जानून तर यस किसिमको घटना भने सामान्य भइसकेको छ ।

छिन्न+मस्ता—यथा नाम तथा गुण भने झैं वास्तवमा मूर्तिको टाउको छैन । शायद यसैले यसको नाम छिन्नमस्ता रहेको हो कि ? किन भने मूर्तिको वास्तविक टाउको (पत्थरको) छैन । तान्त्रिक देवी छिन्नमस्ताको टाउको हुँदा पनि हुँदैन । तन्त्र शास्त्रमा यस देवीको ठूलो महत्व छ । तान्त्रिकहरु यस देवीलाई सिद्ध गर्न सकेमा ठूला र असंभव कार्यहरु गर्न सक्ने विश्वास राख्दछन् ।

तीन रुपमा यस देवीको साधना गरिन्छ—आमा, छोरी र प्रेमिका । तान्त्रिक मतानुशार आमाको रुपमा देवी ममतामयी, वात्सल्यपूर्ण र वरदायिनी, छोरीको रुपमा यी सबका साथैं छोरी सरह ढीपी गर्ने लाडिने स्वभाव भएको र प्रेमिकाको रुपमा ज्यादै मानिनी साथै डरलाग्दी पनि । खुशी होउञ्जेल सर्वदात्री—रिसाएपछि भयंकरी । तर साधनाको सफल एवं सरल रुप भने सदा सर्वदा 'आमा' नै हुने विश्वास गरिन्छ ।

भनिन्छ उहिले यिनी देवीको सुनको टाउको बनाइएको थियो । सुनको लोभमा पछि टाउको चोरियो र सबैले मिलेर अर्को चाँदीको टाउको बनाउन लगाइ स्थापना गरे । तर पछि त्यो पनि चोरिए देखिन् नयाँ बनाइएको चाँदीको टाउको चाहिं महाअष्टमी र महानवमीको दिन मात्र लगाइन थालियो र अरुवेलामा मन्दिरका पुजारीहरुद्वारा ढुकुटीमा सुरक्षा साथ राखिन थालियो ।

छिन्नमस्ताको वास्तविक मूर्ति पत्थरको हो । यो भर्खरै कहिंवाट मगाइएको वा बनाउँन लगाइ स्थापित गरिएको होइन । त्यसैले यो मूर्ति आधुनिक मूर्तिहरु जत्तिको कलात्मक छैन । ढुंगामा त्यति स्पष्ट आकृति पनि छैन । मूर्ति मन्दिर र स्थान सम्बन्धी कुनै अनुसन्धान भई सकेको छैन , त्यसैले मूर्ति कतिको पुरानो हो, अवश्य पनि पुरातात्विक विषय हो । यहाँका बुढा पाकाहरुका मतानुसार भने यो त्यसवेला देखि नै रहेको छ, जुन समयमा मुसलमान र हिन्दुहरुको बीच ज्यादै चर्को धर्म संघर्ष चलिरहेको थियो । यसै क्रममा एउटा घटना किम्बदन्तीको रुपमा चर्चित छ कि उहिले सखडा नजिकै (दक्षिण पट्टि) करीव दुइ फर्लाङ्ग टाढा कुनै गढी थियो । कुनै कारणवस त्यहाँ केही मुस्लिम फौजहरुले धावा गरेका थिए र त्यस क्रममा गढीकी कुनै सुन्दरी कन्याको हरण गर्न खोज्दा केही गरी आफ्नो आत्मरक्षा नहुने देखेर निज कन्या लुक्दै भाग्दै वचाउकोलागि मन्दिर भित्र आइन् । संयोगवस आक्रमणकारीहरुले पनि तिनलाई देखिहाले तर समात्न भनी जाँदा मन्दिर भित्र तिनलाई अदृश्य भएको पाए । कसै-कसैको मत अनुसार लखेट्दै आएको क्रुर आक्रमणकारीहरुवाट आफ्नो स्त्रीत्व रक्षाकोलागि शरण माग्दा देवी प्रकट भइ तिनलाई निलेकी थिइन् भन्ने पनि सुनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिन्नमस्ता मन्दिर रहेको ठाउँ र सोको आस-पास उहिले जंगल-झाड़ीले ढाकिएको थियो। त्यही जंगलमा छिन्नमस्ताको मन्दिर थियो– ज्यादै सानो र त्रिकोणाकारको। पछि जब जंगल आवाद भई दिनानुदिन बस्ती घना हुँदै आयो, छेउको बस्तीमा बसोवास गरी बस्ने एकजना ब्राह्मणले यस देवीवाट प्रभावित भएर इनको ख्याति र महिमा बढाउनकोलागि भिक्षाटन गरी विशाल मन्दिरको निर्माण गरेका थिए। उक्त विशाल मन्दिर नब्बे सालको भूकम्पमा भत्कन गएपछि चन्दा उठाई अर्को मन्दिर बनाइयो। दश वर्ष अघि सम्म पनि टीनको छाना भएको यही मन्दिर रहिरहेको थियो। पछि आएर विहार (भारत) का रेलवे मन्त्री स्व० श्री ललितनारायण मिश्र द्वारा उक्त पुरानो मन्दिरलाई भत्काई नयाँ पक्की मन्दिर बनाउन लगाइयो। उनले तीन कोठाहरुभएको एउटा धर्मशाला पनि भगवती स्थलमै बनाउन लगाए जो अद्यापि निर्माणाधीन छ। भनिन्छ, एक पल्ट उनी चढेको विमान दुर्घटनाग्रस्त हुन लाग्दा यिनै भगवतीको स्मरण गरेर उनको ज्यान जोगिएको थियो। त्यसै दिन देखि उनको छिन्नमस्ता प्रति अगाध श्रद्धा र भक्ति रहेको थियो।

छिन्नमस्ता देवीलाई 'सखडेश्वरी देवी' अथवा "सखडेश्वरी माई" र मन्दिरलाई 'देवीमठ' वा 'भगवती मठ' पनि भनिन्छ। यिनको नाम पुकार्दै नेपाल र भारतका टाढा–टाढा सम्मका मानिसहरु पूजा दर्शन गर्न आएका हुन्छन्। प्रायः आइतवारको दिन कम र शनिवारको दिन ज्यादा। कुनै पनि संकट परेको बेला यिनको नाममा विभिन्न किसिमका भाकलहरु गरिन्छन् र तुरुन्त पूजा गर्न मन्दिरमा आउछन्। पूजारीहरु प्रायः यहीको पोखरीमा स्नान गरी पूजा पाठ गर्दछन्। यस पोखरीको पानीले हात-खुट्टा धोएर मात्र पूजा गर्न जानु त यहाँ अनिवार्य नै भइसकेको छ। केही स्थानीय वासिन्दाहरु अहिले पनि उक्त पोखरीको पानी पवित्र मानी पिउने गर्दछन्। यो पोखरी पनि धेरै पुरानो हो। पहिले दहको रुपमा थियो रे। ज्ञात भए अनुसार यस पोखरीको अहिलेसम्म जम्मा दुई पटक मात्र जिर्णोद्धार भएको छ, जसमध्ये पछिल्लो पटक स्व० श्री ५ महेन्द्र सरकारबाट जिर्णोद्धारकोलागि एक हजार रुपैंया बक्सिएको थियो। पछि अरु चन्दा संकलन गरी काम थालियो। तर पम्पिङ्ग सेट मशिनहरु लगाएर पनि पोखरीको माझसम्मको पानी सुकाउन सकिएन। फलस्वरुप जिर्णोद्धारको काम पनि अपूर्ण नै रह्यो। भनिन्छ पोखरीको माझमा केही इनारहरु थिए जो अहिले पनि छन्।

विभिन्न मत र कथाहरुको प्रचारले गर्दा छिन्नमस्ता देवी जिज्ञासा, प्रश्न र किम्वदन्तीहरुकी देवी हुन पुगेकी छिन्। तथ्य कुरा छुट्याउन गाह्रो र असम्भव प्रायः देखिन्छ। यस मध्ये एउटा बहुचर्चित अफवाह पोखरीमा पाडो देखिनु हो। छिन्नमस्ता पोखरीको माझमा एक पटक दिउसै धेरै बेर सम्म (करीब आधा घण्टा) सुनले मेढिएको सिङ्ग, र विभिन्न आभूषणहरुले सजिसजाउ एउटा पाडोको छाती सम्मको भाग देखिएको थियो। सुनिन्छ, पाडो प्रकट हुने वेलामा बड़ो जोडको झंकारले वातावरण गुञ्जायमान भएको थियो। पछि पोखरीमा नै डुबेर बिलायो। यस किसिमको घटना देख्ने, सुन्ने, दावी गर्ने मानिस अहिले सम्म पनि छन्। अर्को जनश्रुति अनुसार उहिले छिन्नमस्ता समक्ष गएर पवित्र मन र सच्चा हृदयले कुनै कामना गर्दा त्यसको तत्कालै पूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्थ्यो रे। भक्तहरु दर्शन गर्न आएका वखत ढीलो भई वास वस्नु पर्ने भएमा पोखरीको किनारामा गएर देवीको स्मरण गरी—"पकाउने भाडा सामानहरु पाऊँ सफा गरी पछि फिर्ता गरुँला" भनी माग्दा पोखरीको मध्यभागबाट भाँडाहरु पौडिदै आउथे र पछि सफा गरी किनारामा छोडिदिदा माझमा गई विलाउथे। एक पल्ट एउटा धूर्तले धेरै भाँडा-कुडाहरु मागी छलगरी गाडामा लादेर लैजान थाल्दा केही टाढासम्म पुग्ना-साथ उसको मृत्यु भयो। भाँडाहरु त्यही गायब भए र त्यस दिन देखि यता पुन: भाँडावर्तनहरु दिइन छाडियो।

छिन्नमस्ता मन्दिर भित्र अहिले सम्म कसैले सम्पूर्ण रात विताएका छैनन् रे। कसैले वरदान प्राप्तिको अभिलाषामा एक पल्ट प्रयास सम्म गरेको थियो। तर मध्य रातपछि केही डरलाग्दा आवाज र अस्पष्ट दृश्यहरु देखी तर्सेर भागेको थियो रे। यस्तो पनि भनिन्छ कि एक पल्ट एउटा ब्राह्मणले सम्पूर्ण रात मन्दिर भित्रै विताइ केही वरदान पाएका थिए र देवीसंग उनको कुरा पनि हुन्थ्यो। यहाँका पुजारी (पण्डा) को भनाइ अनुसार अद्यापि कहिलेकाँही मध्य रातमा मन्दिर भित्र वाट अस्पष्ट आवाज आएको सुनिन्छ। कहिलेकाँही स्तुति गरेको र जय-जयकारको ध्वनि आएको पनि सुनिन्छ।

छिन्नमस्तामा पूजारी राखी नियम पूर्वक पूजा कहिले देखी हुन थालेको हो किटानी गरेर भन्न सकिदैन; हाल रहिरहेको पुजारीको भने यो आठौं पुस्ता रहेको यहीका पुजारीले बताएका छन्। यिनको (वर्तमान पूजारीको) पूर्खा भैरव, स्थान (भारत) बाट आएका थिए। यहाँको मुख्य पूजा बलिप्रदान हो। साधा-रणतया बोकाको वली दिइन्छ। पण्डा द्वारा नै दवियाले बोकाको घाँटीको उँधोभागमा रेटेर बलि चढाउने र त्यस पछि तुरुन्त रगत सफा गर्नु यहाँको प्रमुख विशेषताहरु मध्ये हो। प्रतिदिन धेरै-धेरै बलिप्रदान हुँदा पनि यहाँ (मन्दिर भित्र) एउटै झिंगा किन न देखिएका हुन् भन्ने चर्चा र जिज्ञासाको समाधान पनि त्यही (पवित्रता) नै हो कि ?

एक पल्ट यहाँ एकादशीको दिन बलि नचढाउँने बारे विचार गरी स्थानीय बुद्धिजिवीहरुले बलि चढाउने काम रोकेका थिए। तर अन्य दिनहरू भन्दा पनि त्यसदिन धेरै टाढा-टाढाबाट विभिन्न बाजा गाजा साथ बलि चढाउन र धार्मिक संस्कारहरू गर्नलाई समेत मानिसहरू भेला हुन आए। ती बुद्धिजिवीहरूको केही वस चलेन। अन्त्यमा तिनीहरुले देवीको यही इच्छा रहेछ भनी बलिप्रदानको काम अवरुद्ध गरेकोमा, पूजा-पाठ गरी क्षमायाचना समेत गरे। यहाँ बलि नचढेको दिन विरलै हुन्छ। प्रत्येक दिन चढाइएको पहिलो बलिको शिर (बोकाको टाउको) पुजारी द्वारा पकाएर देवीलाई चढाइन्छ।

बिजया–दशमीको अवसरमा यहाँ पूजा-दर्शन गर्नेहरुको ज्यादै घूँइचो हुन्छ। दिनभरमा हजारौंको संख्यामा पनि बलिप्रदान हुनु, दुर्गा–पाठ, रामायण-पाठ जस्ता विभिन्न धार्मिक पाठहरु गरिनु, विभिन्न मण्डलीहरु द्वारा कीर्तन, राति नाटक र अन्य सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शनी हुनु र दर्गभरी मेला लाग्नु इत्यादि कारणहरुले गर्दा यहाँको वातावरण व्यस्त तर धेरै नै रमाइलो भएको हुन्छ। विजया दशमीकै अवसरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिर भित्र एउटा कुनामा जमरा उमारिन्छ । यसै क्रममा एउटी महिलाले नौ दिन नौ रात गरी आफ्नो काँखमा जमरा उमारी त्याग र तपस्या देखाएको कुरा पनि विशेष उल्लेखनीय छ । लाख बत्ती बाल्नु, लाख महादेव (माटोको मूर्ति) बनाई पूजा गर्नु जस्तो कार्य यहांकोलागि सामान्य कुरा भएको देखिन्छ ।

छिन्नमस्ता देवीको महिमा र ख्याति दिन प्रतिदिन बढ्दो छ । यिनको भक्तिमा आस्था र विश्वास राख्नेहरुको संख्या दिनानुदिन बढ्दै गएको बाट पनि यो सिद्ध हुन्छ । भक्तजनहरुले विभिन्न चौतारा, मड्वा, पाटी धर्मशाला र घाटहरू बनाई दिएकाले मन्दिर वरिपरिको वातावरण झन् बढी शोभायमान भएको छ । दशैं अतिरिक्त कार्तिक र माघ शुक्ल पक्ष एकादशीको दिन गरी वर्षको दुई पटक यहां अरु मेला पनि लाग्ने गर्दछ । यहांको व्यस्तता र बढ्दो पूजाकार्यको आवश्यकतालाई महसूस गरी अहिले चार-चार पूजारीहरु पूजाकार्यमा सरिक छन् । देवीको आभूषण, वस्त्र र सम्पत्तिको (दश-बाह्र बीघा जग्गा) सूरक्षार्थ एक गुठी पनि कायम गरिएको छ ।

यस प्रकार छिन्नमस्ता देवी र देवीस्थलको क्रमिक विकास भ को देखिए तापनि विभिन्न पक्षहरुको आधारमा विभिन्न दृष्टिकोणबाट नियालेर हेर्दा यहाँ हुनु पर्ने जत्तिको विकास भएको देखिदैन । अनुसंधान र अन्वेषण गरिएको खण्डमा पुरा तात्विक महत्वका ठोस कुराहरु पत्ता लाग्ने संभावना त छँदै छ साथै यो ठाउँ ऐतिहासिक दृष्टिकोणबाट पनि पर्यटन स्थल बन्न सक्ने देखिन्छ ।

शिक्षा दिवस २०३५ को

समस्त शिक्षा प्रेमीमा हाम्रो शुभकामना

सगरमाथा पुस्तक भण्डार

राजविराज, हटिया लाइन

(विद्यालय र क्याम्पस स्तरका पुस्तकहरु हाम्रो फर्ममा उचित मूल्यमा पाउनु हुनेछ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको पर्यटन उद्योगलाई हेर्दा

—सूरज चन्द्र चालिसे
स्नातक (द्वितिय सिमेष्टर)

सन् १९५० अधिसम्म विश्वका कमै मुलुकले मात्र नेपालको नाम सुनेका थिए तर आज विश्वको पर्यटन मानचित्रमा समेत यसको महत्वपूर्ण स्थान छ। यो २८–२९ वर्षको अवधिमा नेपालको पर्यटन उद्योगको आशातीत विकासले निसन्देह निकट भविष्यमै यो व्यवसाय नेपालकोलागि एउटा निकै ठूलो भरपर्दो उद्योग सिद्ध हुन सक्ने छ। नेपाल विश्वमा एक प्राकृतिक सौन्दर्ययुक्त भू–परिवेष्ठित देश हो जहाँ गगन चुम्बी सगर–माथा, अन्नपूर्णा, माछापुच्छ्रे र कञ्चनजंघासंग मितेरी लगाऊँदै शितल हवा वग्दछ, जसलाई कोशी, गण्डकी र कर्णालीले आफ्नो निर्मल जलले सिचेका छन् र डांफे, मुनाल, कोकिल आदिले आफ्नो चित्ताकर्षक मधुरवाणी द्वारा गुञ्जायमान गरेका छन् तथा रारा फेवा, वेगनास आदि अनेक सुरम्य ताल-तलैया र दह बाट जसको सौन्दर्य अझ बढ़ेको छ। यस्तो प्राकृतिक छटाले सिंगारिएको तथा सिता र वुद्ध को जन्म स्थल हुने सौभाग्य पाएको पुण्य भूमि-लाई हेर्नको लालायित न होला र ? त्यसैले प्रतिवर्ष नेपाल आउने पर्यटकहरुको संख्यामा वृद्धि हुँदै जानु स्वाभा-विक नै हो। नेपालमा पर्यटन मन्त्रालयको स्थापना भएको धेरै वर्ष भएको छैन तापनि पर्यटन उद्योग विदेशी मुद्रा आर्जनको प्रमुख श्रोतको रुपमा देखा परेको छ। सन् १९६२ र सन् १९७२ वीच नेपाल आउने पर्यटकहरु को संख्यॉमा आठ (८) गुणा वृद्धि भए बाट देशको बिकासमा यस उद्योगले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने कुराको संकेत देखा परेको छ। मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण हाम्रो देश नेपालमा केही पर्यटकहरु विश्वको सर्वोच्च हिम-शिखर सगरमाथा र अन्य हिमालहरू आरोहण गर्न तथा ती हिमशिखरहरुको अवलोकन गर्न; केही पर्यटकहरू प्रा–चीन स्तूप, मठ, मन्दिर, देवल र दरवार हेर्न; केही पर्यटकहरू यहांका शिलानेखहरुको अध्ययन गर्न; केही पर्यटक हरू पशु–पक्षी प्रतिको आकर्षणले त केही पर्यटकहरू 'यती' वारे जिज्ञाशा लिइकन नेपाल भ्रमणमा आउँछन्। यी पर्यटकहरुबाट तिरिने रोयल्टी, शुल्क र अन्य विविध खर्चवाट आ. व. ०३४।०३५ मा यो पर्यटन उद्योगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रु० ३० करोड़ बराबरको विदेशी मुद्रा आर्जन गरेको कुरा प्रकाशमा आएको छ। यस उद्योगबाट विदेशी मुद्राको ठूलो राशि देशलाई प्राप्त हुनुका साथै हस्तकला र घरेलु उद्योगलाई बढावा मिल्ने र रोजगारका अवसरको सृजना हुने हुनाले यस उद्योगको विकासतिर अझ बढी ठोस रूपमा श्री ५ को सरकारले प्रभावकारी पाइला चाल्नु परेको छ।

यस उद्योगको विकासमा राम्रो बाटो-घाटो, खानेपानी बिजुली, प्रशिक्षित मार्गदर्शक, मनोरञ्जनार्थ सुरम्य उद्यानहरू तथा तालमा बोटिङ्ग, स्वीमिङ्ग आदिको प्रबन्ध गर्नुका साथै ट्रेकिङग, राम्रो होटल, टुरिष्टलज हरूको व्यवस्था र विदेशमा आकर्षक प्रचार-प्रसार एवं विदेशी ट्रेभेल एजेन्सीहरू द्वारा नेपाल आउन खोज्ने पर्यटकहरुलाई नेपाल पर्यटन ऐन, २०३५ का प्रतिहरूको वितरण समेतको प्रबन्ध गरिनु पर्दछ। त्यसैले हाम्रो देशमा स्तरीय होटल यातायात तथा संचार सुविधाको विकासको अतिरिक्त देश-विदेशमा उपयुक्त प्रचार-प्रसार कायक्रमको संचालन, मुलुक भित्र पदयात्राको निम्ति आवश्यक सुविधा तथा मनोविनोदका साधनहरुको विकास बारे निकै तत्परता देखाइएको छ, जसको फलस्वरुप नेपाल आउने पर्यटकहरुको संख्या बर्षेनी बढ्दै गएकोछ। यदि पर्यटकको भ्रमण काललाई लम्याउन सकियो भने पर्यटकहरुको संख्यामा ठूलो वृद्धि नभए तापनि विदेशी मुद्रा आर्जनमा प्रशस्त वृद्धि हुन सक्दछ।

आज पर्यटन अन्तर्राष्ट्रिय जगतमा पनि प्रतिस्पर्द्धाको क्षेत्र हुँदै गएकोले पर्यटकहरूलाई आकर्षित गर्ने आधारहरू खड़ा गर्ने तर्फ हामीले निरन्तर प्रयत्नशील रहनु परेको छ। यस उद्योगमा बढ्दै गएको विश्वव्यापी प्रतिस्पर्द्धाले गर्दा उद्योगको स्थिति राम्ररी बुझी प्रवर्द्धन कार्यक्रममा समयानुकूल सुधार ल्याउन नसकेमा नेपालको पर्यटन उद्योग पछि पर्नेछ भन्ने कुरामा कुनै शंका छैन।

पर्यटन उद्योगको विकासका निमित्त आधारभूत सुविधाहरुको व्यवस्था गर्नुको साथसाथै पर्वतारोहण र पदयात्रा पर्यटन तर्फ बढी पर्यटकहरूलाई आकर्षित गर्नु परेको छ। हुनत पर्यटन उद्योगको विकासकालागि चौथो योजनामा मात्र ५० लाख रू० खर्च गर्न छुट्याइएको थियो भने पाँचौं योजनामा त्यो रकम बढेर दुई करोड़ रु० पुग्न गएबाट पनि श्री ५ को सरकारले पर्यटनको विकाशतर्फ जोड दिएको कुरा स्पष्ट हुन जान्छ। त्यस्तै अन्तर्राष्ट्रिय स्तरका होटलको व्यवस्था मिलाउन अप्रिल १९७८ को मध्य सम्ममा नेपाल औद्योगिक विकास निगमबाट रु० २० करोड़ र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट रू० ११ करोड़ बराबरको ऋण निजी क्षेत्रलाई उपलब्ध गराएको र नेपाल राष्ट्र बैंकले टुरिष्ट लज खोल्न दिइने ऋणमा ३।. ब्याजदर घटाएकोबाट पनि पर्यटन उद्योगको विकासमा सघाऊ पुग्ने देखिन्छ। खास गरी दुई उपत्यका (काठमाण्डू र पोखरा उपत्यका) भित्र मात्र सीमित रहेको पर्यटन उद्योगलाई देशका विभिन्न ठाउँहरुमा विस्तार गर्नु यस उद्योगको विकास समक्ष ठुलो चुनौती रहेकोले नयां-नयां पर्यटन केन्द्रहरुको विकास पनि गर्नु पर्दछ।

(बाँकी पेज नं. ८८ मा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजविराजको बिडी उद्योग–एक परिचय

बुद्धिनाथ भट्टराई
र
हेम कुमार मिश्र
स्नातक चतुर्थ सत्र

राजविराज विश्वको सर्वोच्च हिम शिखर सगरमाथाको नाममा रहेको अंचलको सदर मुकाम हो भन्दा एक दृष्टिकोणले गौरव हुन्छ भने औद्योगिक दृष्टिले एकदम पिछडिएको देख्दा दुःख पनि । उद्योगहरूको नाउँमा राजविराजमा केही धान र तेलका मीलहरू तथा बिडी फयाकट्रीहरू मात्र उल्लेख-योग्य छन् ।

प्रस्तुत आलेखमा राजविराजको बिडी उद्योगको परिचय दिने प्रयास गरिएको छ । यहां ५ वटा बिडी फयाकट्रीहरू छन्--(१) नागिन बिडी फ्याक्ट्री, (२) अवध बिडी फयाक्ट्री (३) रामस्वरूप बिडी फयाक्ट्री र (५) शाही विडी फयाक्ट्री,

(१) *नागिन बिडी फ्याक्ट्री* :–यस बिडी फ्याक्ट्रीमा हाल १० जना श्रमिकहरू कार्यरत छन् । ती सबै श्रमिकहरू नेपाली हुन् । यस बिडी फ्याक्ट्रीकालागि चाहिने सुर्ती सिरहा जिल्लाको चूहरवा भन्ने गाउँबाट झिकाइन्छ भने पात चाहिं भारतको डालटनगंजबाट आयात गरेको पाइन्छ । यस फयाकट्रीको उत्पादन क्षमता प्रतिदिन १०,००० हजार खिल्ली बिडी छ । जस अनुसार प्रति श्रमिकको प्रतिदिनको उत्पादन क्षमता १,००० खिल्ली बिंडी रहेको छ । २०३३-३४ मा अन्तशुल्क कर ३ रु० प्रति हजार थियो । तर २०३५-३६ मा अन्तशुल्कमा १।--प्रति हजारको दरले वृद्धि हुँदा यस फयाकट्रीले विडीको मोल बढाएको छ । यो फ्याक्ट्रीद्वारा उत्पादित बिडीको खपत सप्तरी जिल्ला भित्र मात्र हुन्छ । यस फयाक्ट्रीले आफ्नो वस्तुको प्रचार–प्रसार होस् भन्नाकालागि विज्ञापन, पोस्टर आदिमा आफ्नो कूल लगतको मोटामोटी ४./. खर्च गरि रहेको देखिन्छ ।

(२) *अवध बिडी फयाक्ट्री* :- यो विडी फयाक्ट्री ५० हजारको चुक्ता पूँजीमा स्थापना भएको हो । यो फयाक्ट्रीले ॐ मार्का बीडीको उत्पादन गर्दछ । यो बिडी फयाक्ट्रीमा अहिले जम्मा १७५ जना श्रमिकहरू कार्यरत छन् । कुशलहरुको अभावले नै होला जम्मै (कार्यरत १७५ जना) श्रमिकहरू गैर-नेपाली नै छन् । प्रति श्रमिक उत्पादन क्षमता १५०० खिल्ली बिडी छ र प्रतिदिनको उत्पादन क्षमता औसत रुपमा २ लाख ६२हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०० खिल्ली विडी छ। यस फ्याक्ट्रीले ७।- प्रति हजारको दरले ज्याला दिने गरेको छ। यो फ्याक्ट्रीमा स्वदेशी सुर्तीका साथै स्वदेशी पातको प्रयोग गरिए तापनि अधिकांश कच्चा पदार्थ भारतको विहारवाट ल्याइन्छ। यो फ्याक्ट्रीले उत्पादन गरेको विडीको खपत सप्तरी जिल्लामा मात्र नभै चितवन जिल्लाको नारायणगढ़मा हुने गर्दछ। २०३५–३६ मा अन्तःशुल्कमा वृद्धि भएकोले यो फ्याक्ट्रीले पनि आफ्नो विडीको मूल्य वृद्धि गरेको पाईन्छ। विडीलाई प्याक गर्न हेतु कागत र लेबुल चाहिं भारतवाट नै आयात गरिन्छ। यो फ्याक्ट्रीमा श्रमिकहरूका निमित्त केही आवासीय सुविधा पनि उपलब्ध छ।

(३) *रामस्वरुप बिडी फ्याक्ट्री* :–यो विडीं फ्याट्रीले आफ्नो उत्पादन २०३१ सालको चैत्र महीना देखि प्रारंभ गरेको हो। यसको चुक्ता पूँजी रू० २० हजार छ। यस विडी फ्याक्ट्रीमा काम गर्ने कामदारहरूको संख्या १२५ छ। जसमध्ये ५० जना नेपाली र ७५ जना गैर-नेपाली छन्। ज्याला माथि, यो बिडी फ्याक्ट्री रु० ३ लाख १५ हजार वार्षिक खर्च गर्दछ र मजदुरहरुको काम गर्ने अवधि कारखानामा काम गर्ने मजदूर ऐन बमोजिम तोकेकोछ। काममा लागेका कामदारहरूकालागि फ्याक्ट्रीले लगभग १२,००० रू० को एउटा कल्याण कोष पनि खडा गरेको छ। यो फ्याक्ट्रीको वार्षिक उत्पादन क्षमता ५ करोड़ ७६ लाख ४९ हजार ६२५ खिल्ली बिडी रहेको छ। २०३५ सालको ६ महीनामा विडीको कुल उत्पादन २ करोड़ ८९ लाख ११ हजार भएको र त्यसमध्ये २ करोड ५८ लाख २५ हजारको खपत भै सकेको बुझिन्छ। यो फ्याक्ट्रीले स्वदेशी कच्चा-पदार्थको केही मात्रा प्रयोग गरे तापनि अधिकांश कच्चा पदार्थहरू भारत बाट नै झिकाउने गर्छ। यो फ्याक्ट्रीले पनि आफ्नो लेबुल प्रिंट भारतवाट नै गराएर ल्याएको कुरा थाहा पाइएको छ। यो फ्याक्ट्री द्वारा उत्पादित भएका विडीहरुको खपत सप्तरी जिल्ला भित्र हुन्छ।

(४) *दास बिडी फ्याक्ट्री* :–दास विडी फ्याक्ट्री उमेरले जेठो हुनपुगे पनि प्रगतिको दृष्टि ले कान्छो नै रहेको देखिन्छ। किनभने यो फ्याक्ट्रीको उत्पादन क्षमता निकै कम छ। हाल यस फ्याक्ट्रीमा ६ जना श्रमिकहरु मात्र काम गर्दछन्। यस फ्याक्ट्रीवाट उत्पादित विडीहरुको खपत पनि सप्तरी जिल्ला भित्र नै भैरहेको देखिन्छ।

(५) *शाही बिडी फ्याक्ट्री*:—शाही विडी धेरै दिन अघि चलन चल्तीमा आएको भएपनि हाल यस फ्याक्ट्रीमा ६ जना श्रमिक मात्र कार्यरत छन्। तर तिनीहरूको प्रति दिनको उत्पादन क्षमता गत वर्षको तुलनामा अहिले केही बढ़ेको देखिन्छ। यो फ्याक्ट्री द्वारा उत्पादित बिडीको खपत पनि सप्तरी जिल्ला भित्र भै रहेको पाइन्छ।

समष्ठिगत रुपमा यी बिडी फ्याक्ट्रीहरुलाई हेर्दा कम–से-कम रामस्वरूप बिडी फ्याक्ट्रीका मजदूरहरू-कालागि केही आवासीय सुविधाको व्यवस्था गर्नु पर्ने आवश्यकता महसूस गरिन्छ। सग-संगै सकेसम्म वढ़ी-भन्दा बढ़ी स्वदेशी कच्चा पदार्थको उपयोग गर्नु, राजबिरांज मै लेबुल, पोष्टर आदि छपाउनु, तथा विस्तारै विस्तारै नेपाली मजदूरको संख्या बढाँउदै जानु र गैर नेपाली मजदूरको संख्या घटाउँदै जानु पनि वान्छनीय देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानीय पञ्चायतहरूको न्यायिक भूमिका

रामप्रसाद श्रेष्ठ
सदस्य
कानून शिक्षण समिति

आजको युगमा मानवीय आवश्यकताहरू असीमित र जटिल हुँदै गइरहेको हुँदा शक्तिको केन्द्रीकरण द्वारा युग सुहाउँदो विकास सम्भव न हुने र मानवीय आवश्यकताहरूमा सरकारको ध्यान पुग्न एकदमै असम्भव हुने कुरा निर्विवाद भएकोले गर्दा नै शक्ति विकेन्द्रीकरण एकदमै लोकप्रिय भएको देखिन्छ। यस सिद्धांन्त वमोजिम जहाँ सरकारको ध्यान पुग्न सक्दैन, त्यहाँ स्थानीय जनता स्वयं आफैले ती कमीको पूरा गर्न र जनताले बढ़ी अधिकारहरु पाउँने हुँदा स्थानीय सिप, साधन र श्रोतको विकाश बढ़ी हुने हुन्छ। किनभने यस्मा जनताको सहभागिता बढ़ी हुन्छ। वास्तवमा आज मान्छेले भौतिक सुख सुविधा मात्र खोज्दैन, आफ्नो चाहना (Interest) को प्रतिनिधित्व गराउन चाहन्छ। जवसम्म शक्तिको विकेन्द्रीकरण हुंदैन तव सम्म जनताको चाहनाको प्रतिनिधित्व हुँदैन। तव सम्म सरकारको कुनै पनि योजना वा कार्यक्रममा जनताको सहभागिता हुंदैन। किनभने जन चाख बिना जनताले वास्तविक स्वतन्त्रताको अनुभव गर्न सक्दैनन्।

